सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२ कात्तिक २०८०, बिहीबार (19 Oct 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८९ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ बेइजिङमा तेस्रो बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहकार्य शिखर मञ्च

बिआरआई परियोजना अगाडि बढाउने नेपालको प्रतिबद्धता



तेस्रो बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहयोग शिखर सम्मेलनलाई सम्बोधन गर्दै सी जिनपिङ। सम्मेलनमा एक सय ४० देश र ३० अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधि सहभागी छन्। तस्बिर : रासस



कार्यक्रममा सहभागी उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भने-

नेपाल र चीन असल छिमेकी र घनिष्ठ मित्र हुन्। हाम्रो साझा समृद्धिका लागि हाम्रा जनताको आकांक्षालाई सम्बोधन गर्न बिआरआई बलियो माध्यम हो। जसले सन् २०२६ मा अल्पविकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति गर्ने नेपालको तयारीमा समेत सहयोग पुऱ्याउनेछ।

बेइजिङमा **मञ्जु टेलर**

नेपालले बेल्ट एन्ड रोड (बिआरआई) परियोजना सम्झौताअनुसार अगाडि बढाउने प्रतिबद्धता जनाएको छ। चीनको राजधानी बेइजिङमा तेस्रो बेल्ट एन्ड रोड फोरममा उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपालमा बेल्ट एन्ड रोड परियोजना सम्झौताअनुसार अगाडि बढाउने प्रतिबद्धता जनाएका हुन्।

चिनियाँ समकक्षी एवं सार्वजनिक सुरक्षामन्त्री वाङ सियाओहङको मैत्रीपूर्ण निमन्त्रणामा चीन भ्रमणमा रहेका गृहमन्त्री श्रेष्ठले बुधबार तेस्रो बेल्ट एन्ड रोड अन्तर्राष्ट्रिय सहकार्य शिखर मञ्च (बिआरएफ)को उद्घाटन सत्रमा नेपाल सरकारका तर्फबाट सहभागिता जनाएका हुन्। 'हरित विकाससम्बन्धी उच्चस्तरीय मञ्च'को नीति र प्रगतिबारे छलफलमा मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै उनले बहुआयामिक कनेक्टिभिटी नेटवर्क विस्तारमा नेपाल अघि बढ्न चाहेको बताए।

नेपालजस्तो भूपरिवेष्टित देशभित्र कनेक्टिभिटीको खाँचो रहेको भन्दै उनले २०१७ मा भएको चीनसँग भएको बिआरआई सम्झौतालाई नेपालले बलियो बनाउन चाहेको बताए। बेल्ट एन्ड रोड परियोजना लागू भएसँगै नेपाल चीनसँग सडक, रेलमार्ग, हवाईमार्ग, बन्दरगाह र ग्रिडहरूमार्फत जोडिने उपप्रधानमन्त्री श्रेष्ठले बताए। 'नेपाल र चीन असल छिमेकी र घनिष्ठ मित्र हुन्। हाम्रो साझा समृद्धिका लागि हाम्रा जनताको आकांक्षालाई सम्बोधन गर्न बिआरआई बलियो माध्यम हो,' उनले भने, 'जसले सन् २०२६ मा अल्पविकसितबाट विकासोन्मुख राष्ट्रमा स्तरोन्नति गर्ने नेपालको तयारीमा समेत सहयोग पुऱ्याउनेछ।'

साथै, चीनले अपनाइरहेको पर्यावरणमैत्री विकास रणनीति पनि नेपालमा पूर्वाधार विकासमा समेत लागू हुने अपेक्षा रहेको उनले बताए। नेपालले बेल्ट एन्ड रोड सम्झौतामा २९ वैशाख ०७४ मा हस्ताक्षर गरे पनि हालसम्म ठूला परियोजना सुरु हुन सकेका छैनन्।

यसबाहेक उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको सचिवालय सदस्य वाङ सेवहोडसँग पनि भेटवार्ता गरेका थिए।

सीले घोषणा गरे बिआरआई विस्तारका आठ मुख्य घोषणा

शिखर मञ्चको उद्घाटन सत्रमा बेइजिङमा एक सय ४० देश र ३० वटा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधि सहभागी छन्। सम्मेलनको उद्घाटनमा चिनियाँ राष्ट्रपति सी जिनपिङले बिआरआई परियोजना

» पृष्ठ २ मा क्रमशः

■ कोशी प्रदेश सभा : सरकार ढाल्न र बनाउन 'रेकर्ड', कानुन निर्माणमा 'जिरो'

आफ्नै नियमावलीसमेत बनाउन सकेन, सांसदको तलबभत्तामा झन्डै १५ करोड खर्च

१० महिनाको अवधिमा सभामा आठ विधेयक दर्ता भए, तर संसदीय समिति गठन नभएकाले छलफल नै हुन सकेन

● प्रदेश सभा सचिव गोपालप्रसाद पराजुली भन्छन्-



प्रदेश सभाले नयाँ नियमावली मस्यौदा समिति बनाएर काम गरिरहेको थियो। राजनीतिक परिस्थिति अलिक गाह्रो भएका कारण नियमावली प्रदेश सभामा पेस भए पनि पास भएको छैन। सरकारले पनि महिनौंपिच्छे विश्वासको मत लिनुपर्ने अवस्था आयो। त्यसले गर्दा समिति गठन हुन सकेन। अब प्रदेश सरकारले विश्वासको मत लिएपछि संसदीय समिति निर्माण प्रक्रिया अघि बढ्छ भन्ने विश्वास छ।

झापामा **चिरञ्जीवी घिमिरे**

सरकार गठन र विघटनको दाउपेचले कोशी प्रदेश सभाको कामकारबाही भद्रगोल छ। निर्वाचन भएको १० महिना बित्दा पनि प्रदेश सभाले आफ्नो नियमावलीसमेत पास गर्न सकेको छैन। संसदीय समिति गठन भएका छैनन्। तर, यसबीचमा प्रदेशमा पाँचवटा सरकार गठन भइसकेका छन्। यस अवधिमा सांसदहरूले तलबभत्ता भने झन्डै १५ करोड बुझेका छन्।

अन्य प्रदेशको तुलनामा सरकार ढाल्ने र बनाउने खेलमा कोशी सबैभन्दा अगाडि देखियो। तर, विधायिकी काममा भने पछाडि छ।

०७९ मंसिरको निर्वाचनपछि ११ पुसमा प्रदेश सभा सदस्यहरूले शपथग्रहण गरेका थिए। सभा विवादका बीच प्रदेशको नामांकन 'कोशी' राख्न सफल भयो। त्यसपछि भने प्रदेश सभा 'निकम्मा'जस्तै बन्यो।

प्रदेश सभामा काम अघि बढाउन संसदीय अंकगणित नै बाधक छ। जसका कारण प्रदेश सभा नै निष्प्रभावी


» पृष्ठ २ मा क्रमशः

■ सभामुख-उपसभामुख नै दलीय स्वार्थमा चलेपछि निम्तियो थप जटिलता

गत ११ पुसमा प्रदेश सांसदहरूले शपथग्रहण गरेयता प्रदेश सभा प्रदेशको नाम कोशी राख्न सफल भयो। त्यसपछि भने प्रदेश सभा 'निकम्मा'जस्तै बन्न पुग्यो। कोशीमा शृंखलाबद्ध उत्पन्न राजनीतिक र संवैधानिक जटिलतामा सभामुख र उपसभामुखले समेत भूमिका खेले। राजनीतिक दाउपेचमा निष्पक्ष रहनुपर्ने उनीहरूले संवैधानिक भूमिकालाई समेत तिलाञ्जली दिएर दलको निर्देशनमा चल्दा प्रदेश सभामा राजनीतिक संकट पैदा भयो। अघिल्लोपटक सरकार गठनमा बहुमतको अंकगणित नपुगेपछि सभामुख बाबुराम गौतमले संवैधानिक पद बिर्सिएर कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउन हस्ताक्षर गरिदिए, जसलाई सर्वोच्च अदालतले असंवैधानिक ठहर गरिदियो। थापालाई मुख्यमन्त्री बनाउन मत दिएका गौतम सभामुखबाट राजीनामा दिएर आर्थिक मामिला तथा योजनामन्त्री बने। संसदीय अभ्यासमा यो बिरलै देखिने घटना हो। त्यसपछि प्रदेश सभाको नेतृत्व उपसभामुख सिर्जना दनुवारको थाप्लोमा आएको थियो। तर, उनको भूमिका पनि विवादास्पद बन्यो। सुरुमा मुख्यमन्त्री थापाले विश्वासको मत लिन उपसभामुख दनुवारसँग ३ भदौको समय मागेका थिए। तर, दनुवारले ४ भदौमा विश्वासको मत लिने समय दिएकी थिइन्। एमालेबाट निर्वाचित उनले पनि पदीय मर्यादा बिर्सिएर दलीय स्वार्थबमोजिम काम गरिन्। एउटा मत निर्णायक थियो। त्यस्तो वेला उनले दलीय स्वार्थअनुसार सभा सञ्चालन नै गरिनन्। 'बिरामी' भएको बहाना बनाएर काठमाडौं हिँडेकी उनी एमालेको योजनाअनुसार चलेको सत्तापक्षले आरोप लगायो।



बाबुराम गौतम
निवर्तमान सभामुख



सिर्जना दनुवार
उपसभामुख

■ सांसदले बुझे झन्डै १५ करोड तलबभत्ता

आफ्नो जिम्मेवारीमा निष्प्रभावी बनेको प्रदेश सभाले तलबभत्तामा भने नौ महिनामै १४ करोड ७१ लाख ९५ हजार ६३३ रुपैयाँ खर्च गरेको छ। ११ पुसदेखि भदौ मसान्तसम्म उक्त र कम खर्च भएको हो। प्रदेश सभा सचिवालयका अनुसार नौ महिनाको अवधिमा २५ बैठक बस्दा कोशीमा सभामुख, उपसभामुख, सांसद र उनीहरूका स्वकीय सचिव तथा प्रदेश सभा सचिवालयका कर्मचारीको नाममा गत आर्थिक वर्षको ११ पुसदेखि चालू आर्थिक वर्षको भदौ मसान्तसम्म १४ करोड ७१ लाख ९५ हजार ६ सय ३३ रुपैयाँ तलबभत्ता निकासा भएको छ।

कार्कीले पाए विश्वासको मत

राप्रपाबाहेक सबै दलको विश्वास प्राप्त, पक्षमा ८६, विपक्षमा पाँच



कोशी प्रदेश सभामा मतदान गर्दै प्रदेश सभा सदस्यहरू। तस्बिरः रासस

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले विश्वासको मत पाएका छन्। २७ असोजमा एमालेको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका कार्कीले बुधबार कोशी प्रदेश सभाबाट दुईतिहाइभन्दा बढी मत प्राप्त गरेका हुन्।

संविधानको धारा १६८ (५) अनुसार नियुक्त भएका मुख्यमन्त्री कार्कीलाई राप्रपाबाहेक अन्य सबै दलले विश्वासको मत दिएका छन्। ९३ सदस्यीय प्रदेश सभामा ९१ जना सांसदले मतदानमा भाग लिए। कार्कीलाई ८६ सांसदले मत दिएका छन्। उनको विपक्षमा पाँचजनाले मतदान गरे। एकजना सांसद मतदानमा अनुपस्थित रहे। उपसभामुख सिर्जना दनुवारले सभा सञ्चालन गरेकोले मतदान गरिनन्।

विश्वासको मत लिनुअघि मुख्यमन्त्री कार्कीले कोशीमा स्थिर सरकारका लागि आफ्नो नेतृत्वमा सरकार निर्माण भएकाले सबैलाई मिलाएर सुशासन कायम गर्ने प्रतिबद्धता जनाए। पूर्वमुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले केन्द्रीय गठबन्धनले लज्जास्पद निर्णय गरेपछि आफूहरू अर्को निर्णय गर्न बाध्य भएको

» पृष्ठ २ मा क्रमशः

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

चाडपर्वकेन्द्रित चहलपहलले राजस्वमा सुधार



आयातले उचाल्यो राजस्व, उत्पादनकेन्द्रित राजस्व खस्किँदो

(विस्तृत पृष्ठ ९)

राष्ट्रपतिबाट आममाफी पाएका लोकबहादुर २५ दिनमै हत्यामा संलग्न



(विस्तृत पृष्ठ ३)

भाट-भटेनी
BBSM
सुपर स्टोर (ESTD. 1984 AD)



यो चाड पर्वमा कुनै पनि २६ वटा भाट-भटेनी स्टोरमा डिजिटल पेमेन्ट (कार्ड अथवा QR) बाट भुक्तानी गर्दा पाउनु होस

10% + 5%*

Bhat-Bhateni Discount
Bank Partner Discount

On Purchase of Garments & Footwear, Sari and Kurtha

*T&C:
- 5% or Rs. 500 whichever is lower, on Digital Payment from our banking partners.
- No Cap on 10% BBSM Discount.

BANKING PARTNERS

NIC ASIA
एन आई सी एशिया बैंक लि.

prabhu BANK

HBL
हिमालयन बैंक लिमिटेड
Himalayan Bank Ltd.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Branding Partner : VOBON citrus air-digitally

बैंकहरूले दिएनन् नयाँ नोट, सर्वसाधारणलाई सास्ती

राष्ट्र बैंक भन्छ- बैंकहरूले मागेजति नयाँ नोट दिएका छौं

शिवहरि घिमिरे/नयाँ पत्रिका

तीनकुनेका घनश्याम अधिकारी बुधबार पुतलीसडकस्थित नेपाल इन्भेस्टमेन्ट मेगा बैंकमा नयाँ नोट साट्न पुगे। घर जाँदा नयाँ नोट लिएर जाने योजना बनाएका उनले त्यहाँ नयाँ नोट साट्न पाएनन्। बैंकका कर्मचारीले पुरानै नोट दिने भनेपछि उनी रित्तो हात फर्किए। त्यसपछि उनी बालुवाटारस्थित नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय पुगे। त्यहाँ नयाँ नोट साट्नेको अत्यासलाग्दो भिडभाड थियो। तर, नयाँ नोट पाउने आशामा दिउँसो तीन घन्टा लाइन लागे। 'नयाँ नोट पाउन निकै कठिन भयो, बैंकहरूले पुरानो नोट देखाउँदै नयाँ नोट दिन मानेनन्,' उनले भने, 'घरमा लैजानका लागि नयाँ नोट साट्न आएको दिनभरि लाग्यो।'

दसैंका लागि नयाँ नोट साट्न पुगेका कवीन्द्र तिमल्सिनाले पनि उस्तै सास्ती खेप्नुपऱ्यो। बुधबार बिहान राष्ट्र बैंक पुगेका उनले नयाँ नोट साट्न दिनभर लाइन बस्नुपऱ्यो। 'बिहान १० बजेदेखि लाइन बस्दा दिउँसो २ बजे टोकन हात पऱ्यो,' उनले भने, 'बेलुकीपख मात्रै नयाँ नोट हात पऱ्यो, राष्ट्र बैंकलाई धन्यवाद।'

बैंकहरूले नयाँ नोट लुकाएपछि दसैंको वेला सर्वसाधारणलाई नोट साट्न सास्ती हुने गरेको छ।

» पृष्ठ २ मा क्रमशः



अन्य बैंकले नयाँ नोट नदिएपछि बालुवाटारस्थित नेपाल राष्ट्र बैंकमा लाइन लागेका सर्वसाधारण। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



राष्ट्र बैंकले पर्याप्त नयाँ नोट उपलब्ध गराएको छ, बैंकहरूले आफ्ना क्लाइन्टलाई दिनुपर्छ

गत वर्षकै मात्रामा नयाँ नोट छापेको हो, अभाव भएको होइन, तर यसपटक नयाँ नोटको अभावमैं भयो, अन्य बैंक तथा वित्तीय संस्थाहरूले नदिएपछि राष्ट्र बैंकमै आउनेहरूको भिड छ। लामो लाइन लागेर मानिसहरूले नयाँ नोट साट्नुभएको छ, बैंकहरूले मागे जति पैसा पनि राष्ट्र बैंकले उपलब्ध गराएको छ, यसबारेमा थप निर्देशन हामी दिन्छौं, आफ्ना क्लाइन्टहरूलाई उहाँहरूले सहज रूपमा नयाँ नोट दिनुपर्छ।

बिआरआई परियोजना...

पृष्ठ १ बाट क्रमशः

विस्तारका मुख्य आठ घोषणा गरेका छन् । बिआरआई चीनलाई बाहिरी विश्वसँग जोड्ने दुई व्यापारिक मार्ग स्थापना गर्ने महत्त्वाकांक्षी चिनियाँ अवधारणा हो ।

राष्ट्रपति सीले बिआरआई सहयोगको संयुक्त प्रयासलाई समर्थन गर्दै आगामी दिनको रूपरेखा राखेका हुन् । राष्ट्रपति सीले १० वर्षयता 'बेल्ट एन्ड रोड'अन्तर्गतका कार्यक्रमले प्रशस्त उपलब्धि हासिल गरेको सुनाए । सीले सन् २०१२ मा सत्तामा आएपछि चिनियाँ बजार विस्तार र विश्वमा चीनको प्रभाव विस्तारका लागि बेल्ट एन्ड रोड अवधारणा अगाडि सारेका थिए ।

बिआरआई विस्तारका लागि अगाडि सारेका मुख्य बुँदामध्ये बहुआयामिक बेल्ट एन्ड रोड कनेक्टिभिटी नेटवर्क निर्माणको बुँदालाई महत्त्वका साथ हेरिएको राष्ट्रपति सीको भनाइ छ । यसमा चाइना-युरोप रेल्वे एक्सप्रेसको उच्च गुणस्तरीय विकासलाई गति दिने, ट्रान्स-क्यास्पियन अन्तर्राष्ट्रिय यातायात करिडोरमा भाग लिने, चाइना-युरोप रेल्वे एक्सप्रेस कोअपरेसन फोरमको आयोजना गर्ने, युरेसियन महादेशमा नयाँ रसद कोरिडोर निर्माण गर्न संयुक्त प्रयास गर्ने र प्रत्यक्ष रेल र सडक यातायातद्वारा जोडिएको देशमा समेत कनेक्टिभिटी बढाउँदै लाने विषय छन् ।

सीका अनुसार यसमा खुला विश्व अर्थतन्त्रलाई समर्थन गर्दै अगाडि बढ्ने, व्यावहारिक सहयोग गर्ने, हरित विकास प्रवर्द्धन गर्ने, वैज्ञानिक र प्राविधिक आविष्कारको विकास गर्ने, जनता-जनताको आदानप्रदानलाई समर्थन गर्ने, अखण्डतामा आधारित बेल्ट एन्ड रोड सहकार्यलाई बढावा दिने र अन्तर्राष्ट्रिय बेल्ट एन्ड रोड सहयोगका लागि संस्थागत निर्माणलाई सुदृढ गर्ने लक्ष्य छ ।

सन् २०१३ मा चीनले सुरु गरेको बिआरआई परियोजना हाल एसिया, ल्याटिन अमेरिका, अफ्रिकालगायत देशमा पुल, बन्दरगाह, राजमार्ग, पावर प्लान्ट र दूरसञ्चार परियोजनाको निर्माणका लागि एक ट्रिलियन अमेरिकी डलर खर्च गरिसकेको छ ।

विश्वका एक सय ५२ भन्दा बढी देश र ३२ भन्दा बढी अन्तर्राष्ट्रिय संस्थाले चीनसँग बेल्ट एन्ड रोड सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् । यसअन्तर्गत लगभग १० खर्ब अमेरिकी डलरको लगानी भएको, चार लाख २० हजार रोजगारी अवसरको सिर्जना गरेको र चार करोड मानिसलाई गरिबी अवस्थाबाट उकासेको चिनियाँ दाबी छ । चीनले परियोजना लागू भएका देशमा बन्दरगाह र रेलमार्गदेखि पुलसम्म तीन हजारभन्दा बढी परियोजनामा लगानी गरेको छ ।

चीनले बिआरआई परियोजनासँग जोडिएका देश र अन्तर्राष्ट्रिय संघसंस्थासँग व्यापक परामर्श, संयुक्त साझेदारी र साझा लाभको सिद्धान्त कायम गर्दै एक दशक बिताएको बताएको छ । यसैगरी खुला, हरियो र स्वच्छ सहयोगको दृष्टिकोणमा प्रतिबद्ध रहँदै जनकेन्द्रित र दिगो विकासको लक्ष्य लिएको बिआरआई परियोजना विन-विन कोअपरेसनको बलियो आधार बनेको चीनको भनाइ छ ।

बिआरआई यातायात करिडोरले व्यापार, विदेशी लगानी र सहभागी देशका नागरिकको जीवनस्तरमा उल्लेख्य सुधार ल्याएको विश्व बैंकको पछिल्लो प्रतिवेदनले देखाएको छ । विश्व बैंकको एक प्रतिवेदनअनुसार बिआरआईअन्तर्गतको यातायात पूर्वाधारले यातायात करिडोरमा अर्थतन्त्रको यात्रा समय १२ प्रतिशतले घटाउन सक्ने र व्यापार लागत घटाउनमा मद्दत गरिरहेको उल्लेख गरेको हो । बिआरआईअन्तर्गत यातायात परियोजनाले करिडोर अर्थतन्त्रका लागि २.८ देखि ९.७ प्रतिशत र विश्वका लागि १.७ र ६.२ प्रतिशतको बीचमा व्यापार बढाउने अनुमान गरिएको छ ।

कम आय भएका करिडोर अर्थतन्त्रका लागि एफडिआई प्रवाह ७.६ प्रतिशतले बढ्ने अपेक्षा गरिएको छ । र, सन् २०३० सम्ममा परियोजनाले विश्वव्यापी वार्षिक राजस्वमा १.६ ट्रिलियन अमेरिकी डलर बढाउने अनुमान गरिएको छ ।

यस्तै नीति, पूर्वाधार, व्यापार, वित्त र जनता-जनताको सम्बन्ध अर्थात् यी पाँच सेक्टरलाई प्राथमिकता दिएको परियोजना पछिल्लो १० वर्षमा अन्तर्राष्ट्रिय व्यापारको बलियो माध्यम बनेको छ । यी वर्षमा चीन २५ देशको सबैभन्दा ठूलो व्यापार साझेदार बनेको छ र अन्य १३ देशसँग सातवटा स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गरेको छ ।

द्रुत गतिमा बढेको अर्थतन्त्रका कारण उच्च उत्पादन र बढ्दो श्रम लागतका चुनौती सम्बोधन गर्न चीनले बिआरआई स्थापनाको आधारभूत उद्देश्य बताएको थियो । गएका १० वर्षमा बेल्ट एन्ड रोड परियोजनाले पूर्वाधारमा केन्द्रित अवधारणालाई डिजिटल प्रविधि, सुरक्षा र दिगो विकासजस्ता क्षेत्रमा पनि विस्तार गरेको छ ।

आफ्नै नियमावलीसमेत...

पृष्ठ १ बाट क्रमशः

बन्न पुगेको छ । प्रदेश सभा सचिवालयका अनुसार यो अवधिमा कोशीमा जम्मा तीनवटा विधेयक पारित भए । जसमा प्रचलित प्रदेश ऐनमा प्रदेशको नाम संशोधन गर्न बनेको विधेयक पनि एक हो ।

प्रदेश सभामा अहिले पनि आठवटा विधेयक दर्ता भएका छन् । तर, संसदीय समिति नहुँदा प्रदेश सभाले ती विधेयकमाथि छलफल गर्न सकेको छैन । बरु, सरकारले पनि संसद् छल्दै अध्यादेशमार्फत सत्ता हाँक्ने प्रयत्न गऱ्यो । यसबीचमा कोशी प्रदेश सरकारले आर्थिक वर्ष ०८०/८१ को बजेट पनि दुई-दुईपटक संसद् छलेर अध्यादेशमार्फत नै ल्यायो ।

शपथग्रहण सकिएको नौ महिना बितिसक्दा पनि प्रदेश सभा संसदीय समितिविहीन छ । सरकारलाई निगरानी गर्ने र जवाफदेही बनाउने संसदीय समिति नै नहुँदा प्रदेश सभाको काम नै प्रभावकारी हुन सकेको छैन । संसद्को पुरानो प्रदेश सभा नियमावलीअनुसार कोशीमा न्याय, प्रशासन तथा विधायन समिति, सुशासन तथा योजना समिति, अर्थ समिति, सार्वजनिक लेखा समिति, सामाजिक विकास समिति, उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति रहने व्यवस्था छ ।

'प्रदेश सभाले नयाँ नियमावली मस्यौदा समिति बनाएर काम गरिरहेको थियो । राजनीतिक परिस्थिति अलिक गाह्रो भएका कारण नियमावली प्रदेश सभामा पेस भए पनि पास भएको छैन,' प्रदेश सभा सचिव गोपालप्रसाद पराजुलीले भने, 'सरकारले पनि महिनैपिच्छे विश्वासको मत लिनुपर्ने अवस्था आयो । त्यसले गर्दा समिति गठन हुन सकेन । अब प्रदेश सरकारले विश्वासको मत लिएपछि संसदीय समिति निर्माण प्रक्रिया अघि बढ्छ भन्ने विश्वास छ ।'

संसद् नचलेको वेला पनि संसदीय समितिले 'मिनी संसद्' को रूपमा काम गर्छ । सरकारलाई जवाफदेही, पारदर्शी बनाउन संसदीय समितिको भूमिका रहन्छ । तर, सरकारलाई खबरदारी गर्ने, उसको खर्च प्रणालीमाथि प्रश्न उठाउने समिति नहुँदा सरकार स्वेच्छाचारी हुन सक्ने प्रदेश सभाको अर्थ समितिका पूर्वसभापति मोहन खड्काले बताए ।

'संसदीय समिति बनेन भने सरकार स्वेच्छाचारी हुन्छ । निगरानी गर्ने अंग नभएपछि सरकारले मनलाग्दी गर्छ । प्रायः सरकारले संसदीय समितिलाई प्रतिपक्षी सम्झन्छ । संसदीय समिति सरकारको राम्रो सल्लाहकार र जनताको पक्षबाट राम्रो निगरानी गर्ने अंग पनि हो । कोशीमा विडम्बना अहिलेसम्म समिति बन्न सकेन,' उनले भने, 'संसदीय समिति हुँदा त्यहाँ कुनै पनि विषयमा घनीभूत छलफल हुन्छ । समिति नहुँदा संसद् देखावटी रहन्छ । सरकारका विषयमा छलफल गर्न मूल संसद्मा कार्यसूची बन्दैन । सबै कुराको छलफल पनि हुँदैन ।'

संसद्लाई क्रियाशील बनाउने अंग संसदीय समिति भएकाले समिति नहुँदा संसद् प्रभावकारी नहुने कोशी प्रदेशका पूर्वसभामुख प्रदीप भण्डारी बताउँछन् । 'संसदीय समितिविना विधेयकमाथि घनीभूत र दफाबार छलफल हुन सक्दैन । सरकारका कामको अध्ययन गर्ने काम नै समितिविना हुँदैन । मूल संसद्मा सबै कुरा व्याख्या गरिँदैन । सबै कुरा संसदीय समितिमा हुन्छ,' उनले भने, 'समिति संसद्को मूल अंग हो । समितिविना संसद्को अंग पूरा हुँदैन । समिति नहुनु राम्रो होइन ।'

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले राजनीतिक अस्थिरताका कारण प्रदेश सभा नियमावली बन्न नसकेर संसदीय समिति नै नबनेको बताए । 'प्रदेश सभा नियमावली पनि राजनीतिक अस्थिरताका कारण सदनमा विचाराधीन छ । नियमावली पास भएपछि मात्र समिति बन्छ । मूल संसद् नचल्दा पनि संसदीय समितिले सरकारलाई जिम्मेवार र जवाफदेही बनाउने हो । त्यो नहुँदा समस्या त सिर्जना भएकै छ,' उनले भने ।

मुख्यमन्त्री कार्कीले विश्वासको मत लिएपछि दसैँतिहारबीचमा संसदीय समिति निर्माणमा लाग्ने कोशीको सत्तासाझेदार दल एमालेका संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताए । 'सुरुमा नामांकनअघि समिति गठन गर्दा विवादित हुन्छ भनेर गरेनौं । पछि मैले प्रस्ताव गर्दा उहाँहरू (गठबन्धन) सरकार अर्को बन्छ भनेर लाग्नुभयो । उहाँ(गठबन्धन)ले विश्वासको मत प्राप्त गर्न सक्नुभएन । मैले पहल गर्दा उहाँहरूले मान्नुभएन,' उनले भने, 'अहिले त पहल नै कसैले गरेको छैन, दसैँतिहारको बीचमा टुंग्याउन खोज्दै छौं । अहिलेको मुख्यमन्त्रीले सकारात्मक ढंगले लिनुभयो भने टुंगो लाग्छ ।'

नौ महिनाको अवधिमा कोशी प्रदेश बैठक तीनपटक स्थगित भयो । चारपटक बैठक आह्वान गरियो भने २५ बैठक बसे । तर, प्रदेश सभा प्रभावकारी बन्न सकेन । जनजीविकाका सवाल उठाउनुपर्ने संसद् जनताका विषयमा भन्दा सरकार बनाउने र गिराउने खेलमा केन्द्रित रह्यो ।

संसद्मा उठेका विषयमा सरकारले चासोसमेत नदिएको पाइएको र सभा प्रभावकारी नभएको कोशीको अर्थ समितिका पूर्वसभापति खड्का बताउँछन् । 'अहिलेको संसद् राजनीतिक अस्थिरतामा फस्यो । अहिलेको प्रदेश सभा लाजमर्दो छ । एक वर्षसम्म नियमावली बनाउन सकेन । सदन त पूर्ण चल्नै सकेन । सरकार बनाउने र गिराउने मात्र भयो सदन,' उनले भने, 'संसद् बैठक खासै बसेको पाइँदैन । बस्दा केही माननीयहरूले जनजीविकाका सवाल उठाए पनि प्रभावकारी ढंगले उठाउनुभएको छैन । सरकार पनि उहाँहरूले उठाएका विषयमा जवाफदेही भएको पाइँदैन ।'

प्रदेश सभाले प्रभावकारी काम गर्न नसकेको कोशी प्रदेशकी पूर्वउपसभामुख सरस्वती पोखरेलले बताइन् । 'चुनावमा आएको परिणामपछि संसदीय अंकगणितले प्रदेश सभा संकटमा पऱ्यो । सरकार बन्ने र भत्कने हुँदा प्रदेश सभा अप्ठ्यारोमा परेको अनुभूति भएको छ,' पूर्वउपसभामुख पोखरेलले नयाँ पत्रिकासँग भनिन्, 'सदन नै चल्न पाएको छैन । त्यसमाथि सभामुखले राजीनामा दिनुपर्ने अवस्थासमेत आयो । सदन सहज नचल्दा जनताका आवाज बुलन्द ढंगले उठाउन सक्ने अवस्था रहेन ।'

कोशी प्रदेश सभा प्रभावकारी बन्न नसकेको दलहरू पनि स्वीकार गर्छन् । 'संसद् चल्न सकेको छैन । संसद्मा हाम्रा थुप्रै काम छन्, तर गर्न सकिएको छैन,' माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले भने, 'संसद् नचल्दा मिनी संसद्को रूपमा रहेको समितिलाई चलाउन नपाए कम्तीमा सरकारलाई जवाफदेही बनाउन सकिन्थ्यो । सरकार स्थिर नभए पनि स्थिर कर्मचारीतन्त्रलाई जिम्मेवार, जवाफदेही र जनताप्रति उत्तरदायी बनाउन सकिन्थ्यो । एक वर्षको अवधि त शून्य अवधिमै छ । अघिल्लोपटक सुरु भएका ठूल्ठूला बहुवर्षीय आयोजनाको नियमित काम भइरहेको छ र धन्न प्रदेशको खर्च देखिएको छ । त्यो पनि नभए त प्रदेश शून्यतामै रहन्थ्यो ।'

एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीले दोस्रो बैठक राम्ररी चल्न नसकेको बताए । 'जम्मा बर्खे अधिवेशन तीन दिन चल्यो । त्यसवेला नीति तथा कार्यक्रम ल्यायौं । त्यसमा दुई-तीन दिन छलफल भयो त्यो राम्रो कुरा हो । प्रदेशको नाममा पनि एक दिन छलफल भयो,' उनले भने, 'संसद्को बैठक खासै नचल्दा प्रभाव धेरै परेको छ । संसदीय अभ्यास र यसले गर्ने काम कोशी प्रदेशमा धेरै कम छ । संसद्मा जनजीविकाको सवाल उठ्न सकेको छैन । यस्तो अवस्थामा के उठ्छ ? हामीले दुई महिना त अदालत नै धाउनुपऱ्यो !'

नौ महिनाको अवधिमा कोशी प्रदेश सभाले पाँच वर्षमा नामांकन गर्न नसकेको नाम त राख्यो । तर, प्रदेशको नाम राखेपछि कोशी अशान्त छ । तसर्थ, प्रदेश सभाले गरेको महत्त्वपूर्ण कामको रूपमा नामांकन भए पनि यसको विरोध भइरहेको काग्रेस सांसद उद्धव थापा बताउँछन् । 'हामीले यो अवधिमा एउटा महत्त्वपूर्ण काम गरेको भनेको प्रदेशको नामांकन हो । संसद्मा भएको प्रमुख निर्णयको बाहिर राम्रो प्रतिक्रिया छैन । नामांकन भए पनि पहिचानवादीको विरोध छ,' थापाले भने, 'संसद् राम्ररी चल्दा न राम्रो काम हुने हो । सरकार भंग हुँदा र बन्ने कामले सदन राम्ररी चल्न पाएन । सरकार चल्दा सदन चल्छ । सदनले सरकारलाई बिजनेस दिने हो । सरकार नै नचलेपछि कसरी प्रभावकारी काम हुन्छ ?'

पाँचौं सरकारले बुधबार विश्वासको मत पाएकाले तत्कालका लागि मध्यावधिको जोखिम टरेको छ । तर, सरकार गठन र विघटनको दाउपेचले कोशी प्रदेश सभा निष्प्रभावी देखिएको छ ।

कार्कीले पाए...

पृष्ठ १ बाट क्रमशः

बताए । 'गठबन्धनले संविधानविपरीत निर्णय गऱ्यो, यसैले हामीलाई काग्रेसका केदार कार्कीले हिम्मत गरेर साथ दिनुभयो । हामीले उहाँलाई सहयोग गऱ्यौं,' उनले भने । उनले हलो अड्काएर गोरु कुद्ने काम गरेर मध्यावधिमा लगेमा सबैका लागि घातक हुने चेतावनी दिए ।

काग्रेस संसदीय दलका नेता उद्धव थापाले कोशीमा अब मुख्यमन्त्रीको म्युजिकल चेयरको खेल अन्त्य भएको बताए । उनले मुख्यमन्त्री बनेर घर फर्किएका कार्कीसहित आठजना विद्रोही सांसदहरूसँग सबै कुरा बिर्सेर गला मिलाएको बताए । उनले गठबन्धनका तीनजना नेताहरूले जस्तै मध्यावधि निर्वाचन रोक्न एमाले अध्यक्ष केपी ओलीले पनि विचार पुऱ्याउनुपर्ने बताउँदै कार्की नेतृत्वको सरकारलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । थापाले प्रदेशको नामाकरणपछि उत्पन्न समस्याबारे सरकार गम्भीर हुनुपर्ने बताए ।

माओवादी सांसद दुर्गा चापागाईंले कोशीमा राजनीतिक अस्थिरता अन्त्य गर्न र गठबन्धनलाई बलियो बनाउन माओवादीले गरेको त्यागलाई नजरअन्दाज नगर्न चेतावनी दिए । 'हामीले गठबन्धन बचाउनकै लागि सभामुखलाई राजीनामा गराएका थियौं, यसैले हाम्रो त्यागलाई नजरअन्दाज नगरियोस्,' उनले भने । चापागाईंले राजनीतिक अस्थिरताको आडमा प्रदेश सभालाई बन्धक बनाउन नहुने र चाँडै विषयगत समितिहरू निर्माण गर्नुपर्नेमा जोड दिए ।

राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले नामाकरणमा ल्याप्चे लगाउनेहरू नै सडकमा आउनु उदेकलाग्दो भएको भन्दै संविधान र कानुनअनुसार चुस्तदुरुस्त काम गरेर प्रदेशको जग बलियो बनाउनुपर्नेमा जोड दिए ।

एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले गठबन्धनलाई धोका दिएर सरकार बनेको भन्दै एमालेसँग मिलेर सरकार बनाउनु दलीय सहमतिविपरीत कार्य भएको टिप्पणी गरे । उनले अहिले सरकारलाई विश्वासको मत दिनुपर्ने बाध्यता भए पनि कोशीमा मध्यावधिको खाँचो टड्कारो खड्किएको बताए ।

बैंकहरूले दिएनन्...

पृष्ठ १ बाट क्रमशः

दसैँको वेला टीका लगाउँदा दक्षिणा आदान-प्रदान गर्न नयाँ नोट प्रयोग गर्ने चलन छ । तर, सबैजसो कमर्सियल बैंकहरूले नयाँ नोट साट्न पुगेका सेवाग्राहीलाई रित्तै हात फर्काउने गरेका छन् । कतिपयले नयाँ नोट साट्न गएकालाई पुरानै नोट थमाएरसमेत पठाउने गरेका छन् ।

तर, नेपाल राष्ट्र बैंकले यति छिटो नयाँ नोटको अभाव हुने अवस्था नभएको बताएको छ । राष्ट्र बैंकले गत वर्षभैँ बैंक तथा वित्तीय संस्थाहरूलाई नयाँ नोट दिएको छ । यस वर्ष दसैँका लागि १५ अर्ब नयाँ नोट खपत हुने अनुमान राष्ट्र बैंकले गरेको छ । सोहीअनुसार राष्ट्र बैंकले कमर्सियल, विकास बैंक र अन्य वित्तीय संस्थाहरूलाई उपलब्ध गराइरहेको छ । हालसम्म कमर्सियल बैंकहरूले कम्तीमा पनि ६-७ करोडका दरले नयाँ नोट लगिसकेका छन् । राष्ट्र बैंकले अन्य विकास बैंक र सहकारीहरूलाई पनि मागे जति नयाँ नोट उपलब्ध गराएको दाबी गरेको छ । तर, नयाँ नोट साट्न पुगेका सर्वसाधारण भने रित्तै फर्कने गरेका छन् ।

नेपाल राष्ट्र बैंकका सहप्रवक्ता डा. डिल्लीराम पोखेलले राष्ट्र बैंकले गत वर्षकै तुलनामा नयाँ नोट छापेको बताए । उनले बैंकहरूमा पनि गत वर्षकै परिमाणमा नयाँ नोट पठाएको बताउँदै यसमा बैंकहरूले इमानदारी नदेखाएको जानकारी दिए । 'गत वर्षकै मात्रामा नयाँ नोट छापेको हो, अभाव भएको होइन, तर यसपटक नयाँ नोटको अभावभैँ भयो, अन्य बैंक तथा वित्तीय संस्थाहरूले नदिएपछि राष्ट्र बैंकमै आउनेहरूको भिड छ,' उनले भने, 'लामो लाइन लागेर मानिसहरूले नयाँ नोट साट्नुभएको छ, बैंकहरूले मागे जति पैसा पनि राष्ट्र बैंकले दिएको छ, यसबारेमा थप निर्देशन हामी दिन्छौं, आफ्ना क्लाइन्टहरूलाई उहाँहरूले सहजै नयाँ नोट दिनुपर्छ ।'



उनका अनुसार राष्ट्र बैंकले आवश्यकताअनुसार नयाँ नोट छाप्ने गर्छ । विगतका वर्षहरूमा छापेको नयाँ नोट स्टक रहेकोले यो वर्ष कम नयाँ नोट छापिएको थियो । तर, बजारको माग थेग्न कठिन भए पुनः नयाँ नोट छापिनेछ । राष्ट्र बैंकले दसैँको वेलामा मात्रै नभएर अन्य समयमा पनि नयाँ नोट छाप्ने गर्छ । तर, दसैँको वेलामा बढी खपत हुने भएकाले व्यवस्थापन गर्न कठिन हुन्छ ।

Government of Nepal
Ministry of Urban Development
Kathmandu Valley Development Authority
District Commissioner's Office, Kathmandu
Anamnagar, Kathmandu

Invitation for Electronic Bid for Road Improvement & Public Land Protection Works

Date of publication: 2080/07/02

District Commissioner's Office Kathmandu invites electronic bids from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures. The Bidders can visit the PPMO website (www.bolpatra.gov.np/egp) for brief description.

Contract ID no:	Name of Work	Location	Bid Security Amount (Nrs)	Bid Fee (Nrs)	Estimate Cost (Without VAT & Contingencies)	Final Bid Submission Date and Time	Remarks
DCOKTM/RW/080/81/01	Various road improvement works at various places of Budhanilkantha municipality-06 & 08, Kathmandu	Italitar-Pasikot, Basukinath Mandir road & Special height of Budhanilkantha - 06 & 08, Kathmandu	2,12,500.00	3000	70,85,825.23	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/02	Various road improvement works at various places of Chandragiri municipality-14, Kathmandu	Gothedol-Baniya Gaun-Orchid tole-Balmandir-pani tanki silapatra-pipalbot of Chandragiri-14, Kathmandu	2,30,000.00	3000	76,24,174.05	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/03	Various road improvement works at various places of Nagarjun municipality-04, 06 & 07, Kathmandu	Lamkithumki-Ranipati-Sere kholsi-Aagaman tole-Uma Gau Shiva Mandir of Nagarjun-04, 06 & 07, Kathmandu	2,25,000.00	3000	75,12,734.64	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/04	Various road improvement works at various places of Nagarjun municipality-01, 10, 9, 7, Chandragiri-13 & KMC-14, Kathmandu	Nagarjun municipality-01, 10, 9, 7, Chandragiri-13 & KMC-14, Kathmandu	2,75,000.00	3000	91,81,970.13	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/05	Various road improvement works at various places of Kirtipur municipality-10, 8 & 9, Kathmandu	Tyanglaphat & Kirtipur town planning of Kirtipur municipality-10, 8 & 9, Kathmandu	1,87,500.00	3000	62,55,585.67	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/06	Various road improvement works at various places of Kirtipur municipality-04 & 05, Chandragiri municipality-09, Kathmandu	Firfire tole-Aagetar chowk-magusheraphat, Kirtipur municipality-04 & 05, Chandragiri municipality-09, Kathmandu	2,00,000.00	3000	66,43,348.27	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/07	Various road improvement works at various places of KMC-03 & 15, Kathmandu	Maharajgunj & Chhauni Army Barrack area, Kathmandu	2,00,000.00	3000	67,02,105.94	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/08	Various road improvement works at various places of Tarkeswar municipality-5, 6 & 7, Kathmandu	Dahalthok-Dhitalthok-Valley form-Mahadevkhola-Mahankal and Bindabasini Mandir, of Tarkeswar municipality-5, 6 & 7, Kathmandu	2,75,000.00	3000	92,30,730.29	12:00 noon, 2080/08/04	Single stage Single envelope
DCOKTM/RW/080/81/09	Various road improvement works at various places of Kirtipur municipality-04 Kathmandu	Sim jhawa hiti-dudhpokhari-manedanda-jwaladevi-godam saunemul-khadka tole-jay thapa khadka gaun of Kirtipur municipality-04 Kathmandu	2,62,500.00	3000	89,74,176.37	12:00 noon, 2080/08/04	Single stage Single envelope

आइएमई लिमिटेड

तेइसौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस आईएमई लिमिटेडको मिति २०८०/०७/१ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ व २०७९/८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभाका दिन निम्नलिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

सभा हुने मिति, स्थान र समय:

मिति : २०८० साल कार्तिक महिना २४ गते शुक्रबार (November 10, 2023)
स्थान : होटेल ले हिमालयन, लाजिम्पाट, काठमाडौं ।
सभा शुरु हुने समय : बिहान ८:०० बजे ।

छलफलको विषयहरू :

(क) प्रस्तावहरु :

१. संचालक समितिको आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समिति सम्बन्धमा ।
५. प्रबन्धपत्र नियमावली संशोधन सम्बन्धमा
६. नगद लाभांस वितरण गर्ने सम्बन्धमा

(ख) विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

राष्ट्रपतिबाट आममाफी पाएका लोकबहादुर २५ दिनमै हत्यामा संलग्न

बहुविवाह मुद्दामा झन्डै चार महिना कैद भुक्तान गर्न बाँकी रहँदा संविधान दिवसमा आममाफी पाएका रुकुम पश्चिमका लोकबहादुर विक स्थानीय भावना विकको हत्या अभियोगमा पक्राउ



● डिएसपी नमराज भट्टराई

उनीहरूबीचको कल डिटेल र होटेलमा कोठा लिँदा उल्लेख गरेको मोबाइल नम्बरबाट लोकबहादुरको घटनामा संलग्नता पुष्टि भएको हो। दुवैका बीचमा आर्थिक कारोबारसमेत भएको पाइएको छ। त्यसैका कारण हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।



भावनाको हत्या आरोपमा मंगलबार पक्राउ परेका लोकबहादुर विक।

रुकुम पश्चिममा **मनीष खड्का**

राष्ट्रपति रामचन्द्र पौडेलबाट आममाफी पाएको २५ दिनमै रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- ९ सिम्लीका ३३ वर्षीय लोकेन्द्र भनिने लोकबहादुर विकले महिलाको हत्या गरेका छन्। विकले मंगलबार मुसीकोट नगरपालिका- ७ साँखकी २८ वर्षीया भावना विकको खलंगाको सत्कार होटेलमा हत्या गरेको प्रहरीको भनाइ छ।

प्रहरीले विकलाई पक्राउ गरी बुधबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ। उनी बहुविवाहको मुद्दामा दोषी करार भएका र आधाभन्दा बढी कैद भुक्तान गरेपछि गत ३ असोजमा संविधान दिवसका अवसरमा कारागारमुक्त भएका थिए। उनी बहुविवाहको मुद्दामा दोषी करार हुँदै ११ महिनाका लागि कारागार चलान भएका थिए। तर, ६ महिना कैद भुक्तान गर्दै गत ३ असोजमा संविधान दिवसका अवसरमा राष्ट्रपतिबाट बाँकी कैद सजाय मिनाहा भएपछि उनी रिहा भएका थिए।

आगामी १९ माघमा कैदमुक्त हुनुपर्ने उनलाई सात महिना १२ दिन कैद भुक्तान गरेको र असल चालचलन रहेको भनी राष्ट्रपतिबाट बाँकी कैद मिनाहा गरिएको थियो। कैद भुक्तान गर्न तीन महिना २३ दिन बाँकी रहँदै कैदमुक्त भएका लोकहादुरले कारागारबाट निस्केको २५ दिनपछि महिलाको हत्या गरेका हुन्।

मंगलबार बिहान खलंगाको सत्कार होटेलको १ नम्बर कोठामा भावनाको शव फेला परेको थियो। घटनाको अनुसन्धान गर्दै जाँदा लोकबहादुरको संलग्नता खुलेको जिल्ला प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नमराज भट्टराईले जानकारी दिए। 'उनीहरूबीचको कल डिटेल र होटेलमा कोठा लिँदा उल्लेख गरेको मोबाइल नम्बरबाट लोकबहादुरको घटनामा संलग्नता खुलेको हो,' डिएसपी भट्टराईले भने।

लोकबहादुरले भावनाको हत्या गरेको स्वीकार गरेको उनले जानकारी दिए। विवाद बढ्दै गएपछि भावनाको छातीमा प्रहार गरेको र उनी लडेपछि चक्कुले गला रेटेको उनले बयान दिएका छन्। चक्कुसमेत साथैमा रहेका कारण हत्या पूर्वयोजनाअनुसार नै भएको देखिएको डिएसपी भट्टराईको भनाइ थियो। प्रहरीका अनुसार भावना र लोकबहादुर २८ असोजमा होटेलको कोठा लिएर बसेको र २९ गते बिहान १० देखि ११ बजेको बीचमा हत्या घटना भएको देखिएको छ। लोकबहादुर साढे ११ बजे होटेलबाट निस्किएर बाल मन्दिर हुँदै कालिकास्थानबाट बाहिरिएको सिसिटिभी फुटेजबाट देखिएको प्रहरीले जनाएको छ। भावनाले होटेलमा कोठा लिएको र त्यसमा आफ्नो श्रीमान् भनी विकास केसीको नाम उल्लेख गरेको, तर नम्बर भने लोकबहादुरको राखेकी थिइन्। नाम झुटो लेखे पनि मोबाइल नम्बर भने सत्य उल्लेख गरेको डिएसपी भट्टराईले बताए।

■ म्यादी प्रहरी हुँदा भएको थियो चिनजान

लोकबहादुर र भावनाबीच गत स्थानीय तह निर्वाचनका क्रममा चिनजान भएको पाइएको छ। ०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनका क्रममा भावना म्यादी प्रहरी भएको र प्रहरी चौकी सिम्लीमा खटिएका वेला चिनजान भएको र त्यसपछि सम्बन्ध सुरु भएको भेटिएको डिएसपी भट्टराईले जानकारी दिए। 'म्यादी भएका वेला भावनाले लोकबहादुरको होटेलमा खाना खाने गरेको र त्यसपछि चिनजान भएको देखिन्छ,' उनले भने।

लोकबहादुर र भावनाबीच अवैध सम्बन्ध रहेको र आर्थिक कारोबारसमेत रहेको पाइएको प्रहरीले जानकारी दिएको छ। 'कल डिटेल र अन्य कुरा हेर्ने हो भने उनीहरूका बीचमा अवैध सम्बन्ध पुष्टि हुन्छ। दुवैका बीचमा आर्थिक कारोबारसमेत भएको पाइएको छ। त्यसैका कारण हत्या भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' डिएसपी भट्टराईले भने।' भावनाले डिग्रे मन्दिरमा गएर विवाह गर्नौं भनेपछि आवेगमा आएर आफूले हत्या गरेको लोकबहादुरले बयान दिएको भट्टराईले बताए। लोकबहादुरले भावनालाई उनका श्रीमान् विदेश जाँदा पाँच लाख रुपैयाँ सापटी दिएकोसमेत पाइएको छ। भावना र लोकबहादुरका बीचमा कारागारमै समेत भेट भएको प्रहरीले जनाएको छ। भावना लोकबहादुरलाई भेट्न दुईपटक जिल्ला कारागार पुगेको पाइएको डिएसपी भट्टराईले बताए।

प्रहरीले घटनास्थलबाट रगतजस्तो पदार्थ लागेको चक्कु एक थान, डस्बिनबाट चक्कुको खोल एक थान, होटेलको इन्ट्री किताबमा दर्ता गरिएको नम्बर प्रयोग भएको मोबाइल र लोकबहादुरको घरबाट ८५ हजार आठ सय ३५ रुपैयाँ बरामद गरेको प्रहरीले जनाएको छ। घटनाको दिन पीडितसँग पैसा रहेको देखिएको भट्टराईले बताए। पीडित परिवारबाट आएको किटानी जाहेरीका आधारमा कर्तव्य ज्यान मुद्दा शीर्षकमा अनुसन्धान चलिरहेको डिएसपी भट्टराईले जानकारी दिए। घटनाको अनुसन्धानका लागि कर्णाली प्रदेश केनाइन बाँकेबाट तालिमप्राप्त कुकुरसहितको टोली ल्याइएको थियो।



इजरायलबाट उद्धार गरिएका सात नेपाली गड्डाचौकी नाकाबाट घर फर्किए



इजरायलबाट दिल्ली नाका भएर कञ्चनपुर पुगेका सात नेपाली महेन्द्रनगर बसपार्कमा।

कञ्चनपुरमा **मोहन विष्ट**

द्वन्द्वग्रस्त इजरायलबाट उद्धार गरेर भारतको राजधानी नयाँदिल्ली हुँदै सातजना नेपाली महेन्द्रनगर आइपुगेका छन्। बिहीबार बिहान ९ बजेतिर दिल्ली हुँदै उनीहरू नेपाल आइपुगेका हुन्।

इजरायलको तेलअभिभबाट मंगलबार बिहान ९ बजे भारतीय स्पाइस जेट विमानमार्फत १८ जना नेपालीलाई उद्धार गरेर ल्याइएको थियो। जसमध्ये सातजना गड्डाचौकी नाका भएर नेपाल प्रवेश गरेका हुन्। पाँचजना दिल्लीबाट काठमाडौं आएका थिए। दुईजना आफ्नै खर्चमा घर फर्किए भने एकजना मुम्बई गएका छन्।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख कमल थापाले इजरायलबाट दिल्ली पुगेकामध्ये सातजना मात्रै गड्डाचौकी नाका भएर महेन्द्रनगर आइपुगेको बताए। कैलालीको टीकापुर नगरपालिका- १ का नन्दसिंह भुल, मोरङ उर्लाबारी- ६ का निश्चल श्रेष्ठ, काठमाडौंका राजकुमार मानन्धर, श्वेता गुरुङ, ममता थापा, दिलकुमारी अधिकारी र लक्ष्मण दियाल नेपाल आइपुगेका हुन्। उनीहरूलाई प्रहरीले महाकाली यातायात कम्पनीसँग समन्वय गरेर निश्चित गन्तव्यसम्म पुऱ्याउने भएको छ। कञ्चनपुर प्रहरी प्रमुख थापाले टीकापुर र मोरङका दुईजना युवकलाई महाकाली यातायात कम्पनीको बसमार्फत गन्तव्यमा पठाइने बताए।

काठमाडौंका पाँचजनालाई महाकाली यातायातको सवारीसाधनमार्फत धनगढी एयरपोर्टसम्म पुऱ्याइने भएको छ। महाकाली यातायात कम्पनीका अध्यक्ष डम्बरदत्त पन्तले दिल्ली रुटबाट महेन्द्रनगर पुगेका सातैजना नेपालीलाई निश्चित गन्तव्यमा पुऱ्याइएको बताए। प्यालेस्टाइनी हमास समूहले इजरायलमा आक्रमण गरेपछि त्यहाँ रहेका नेपाली नागरिक त्रसित भएर फर्किने क्रम जारी छ।

सातजना नेपालीलाई दिल्लीस्थित नेपाली दूतावासले सवारीसाधन प्रबन्ध गरेर महेन्द्रनगर पुऱ्याएको थियो। २० असोजमा हमास समूहले इजरायलमाथि हमला गर्दा सुदूरपश्चिम विश्वविद्यालयका १० विद्यार्थीको निधन भएको थियो। भीमदत्त नगरपालिका- ३ भाँसी महेन्द्रनगर कञ्चनपुरका विद्यार्थी विपिन जोशी अझ बेपत्ता छन्। जोशीलाई हमास समूहले अपहरण गरेको आशंका गरिएको छ।

■ इजरायलमा असुरक्षित महसुस गरेपछि मातृभूमि फर्किएँ : श्वेता गुरुङ

द्वन्द्वग्रस्त मुलुकबाट मातृभूमि आइपुगेका नेपाली नागरिकले खुसी व्यक्त गरेका छन्। उनीहरूले आफूहरू बसेको स्थानमा द्वन्द्व नचर्किए पनि त्रासले स्वदेश फर्किएको बताएका छन्। १४ वर्षदेखि इजरायलमा कार्यरत काठमाडौंको टोखा नगरपालिका- ८ की श्वेता गुरुङले मातृभूमि आइपुगेपछि खुसी व्यक्त गरिन्। उनले आफू १४ वर्षदेखि इजरायलको जेरुसेलममा कार्यरत भएको बताउँदै पहिलोपटक ठूलो क्षति भएको अनुभव सुनाइन्। त्यहाँ बस्न असुरक्षित भएपछि स्वदेश फर्किएको उनले बताइन्। '१४ वर्षदेखि इजरायलमा कार्यरत थिएँ। अहिलेसम्म यति ठूलो क्षति भएको देखिेको थिइनँ। सन् ०१२ र ०१४ मा पनि भइराखेकै थियो, तर यति ठूलो अहिलेसम्म भएको थिएन,' उनले भनिन्, 'आफ्नो भूमि नेपाल सकुशल आइपुगियो, खुसीको सीमा नै छैन, धन्यवाद नेपाल सरकार।'

'१० हजार शान्ति सैनिक पठाउन नेपाल तयार'

काठमाडौं/ नेपाली सेनाले संयुक्त राष्ट्रसंघको बडापत्र सञ्चालनमा आएको दिनको पूर्वसन्ध्यामा कार्यक्रम आयोजना गरेको छ। संयुक्त राष्ट्रसंघको बडापत्र कार्यान्वयनमा आएको दिन १४ अक्टोबरमा भए पनि त्यस दिन विजयादशमी परेका कारण सेनाले बुधबारै दिवस मनाएको हो।

कार्यक्रममा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाल र ाष्ट्रसंघको पहिचान र विश्व शान्तिको महान् कार्यप्रति समर्पित रहेको बताए। राष्ट्रसंघको महासचिवको लैंगिक समानताको रणनीतिलाई अंगीकार गर्दै दक्ष महिला शान्तिकर्मीहरू तैनाथ गरिरहेको उनको भनाइ थियो। बदलिँदो शान्ति चुनौतीसँगै साधारण जनताको सुरक्षा संवेदनशीलता वृद्धि भएकाले उक्त चुनौतीको समाधानका लागि नवीन तवरले शान्ति कार्यसम्पादन गर्नुपर्ने खड्काले बताए। उनले राष्ट्रसंघले माग गरेको अवस्थामा नेपालले दश हजार तालिम प्राप्त शान्ति सैनिक पठाउन तयार भएको पनि बताए। परराष्ट्रमन्त्री एनपी साउदले नेपालको परराष्ट्र नीतिको प्राथमिकता विश्व शान्ति पनि रहेको र यसमा नेपालले उल्लेखनीय योगदान पुऱ्याएको बताए।

आदिवासी जनजाति आयोगको सिफारिस कार्यान्वयनमा राज्य अनुदार

काठमाडौं/ आदिवासी जनजाति आयोगले आदिवासी जनजातिको हक अधिकारका पक्षमा राज्यलाई गरेको सिफारिस कार्यान्वयन निराशाजनक रहेको देखिएको छ। आयोगले दुई वर्षदेखि आदिवासी जनजाति मन्त्रालय गठन, आदिवासी जनजाति विश्वविद्यालय स्थापना, आदिवासी जनजाति महिलाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चिततालगायत विषय सिफारिस गर्दै आएको छ। तर, राज्यले आयोगको कुनै पनि सिफारिस कार्यान्वयन गरेको छैन। आयोगले सोही विषयवस्तु समेटेर गत २९ असो जमा पनि चौथो वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको छ। प्रतिवेदनसँगै आयोगले विश्व आदिवासी जनजाति भाषा दशक (०२२-३२) कार्यक्रम कार्यान्वयन गर्न सिफारिस गरेको छ। आयोगका अध्यक्ष रामबहादुर थापामागर आयोगले गरेको यसपटकको सिफारिस भने कार्यान्वयन हुने आउने बताए। 'आयोगले विगतका पनि विभिन्न ५० वटा सिफारिस गरेको थियो, तर ती कुनै पनि कार्यान्वयन भएनन्। यसपटक गरिएको सिफारिस भने कार्यान्वयन हुनेमा आयोग आशावादी छ,' उनले भने।

तीन वर्षअघि बाढीले भत्काएको कजवे अझै अलपत्र

जोखिम मोलेरै नदीबाटै वारपार गर्छन् स्थानीय

कपिलवस्तुमा **डिलाराम भुसाल**

तीन वर्षअघि वाणगंगा नदीमा आएको बाढीले भत्काएको घेरवा-वनगाई-कोपवा जोड्ने कजवे अझै निर्माण भएको छैन। कजवे नबन्दा घेरवा-वनगाई हुँदै सदरमुकाम तौलिहवा आवतजावत गर्ने नागरिकले समस्या भोग्दै आएका छन्।

छिमेकी जिल्ला अर्घाखाँचीसम्म आवतजावत गर्न प्रयोग हुने नदीमा कजवे तथा पुल निर्माणमा स्थानीय सरोकारवालाले पटकपटक ध्यानाकर्षण गराउँदा पनि स्थानीय सरकारले चासो देखाएको छैन। तीन वर्षअघि वाणगंगा नदीमा आएको बाढीले वनगाई-कोपवा जोड्ने कजवे भत्काएको थियो। केन्द्र सरकारको बजेटमा नीलगिरि जेभी कन्ट्रक्सनले तीन करोड रुपैयाँको लागतमा कजवे निर्माण गरेको थियो। त्यही वर्ष वाणगंगा नगरपालिकाले मापदण्ड मिच्दै लक्ष्मणघाट पुल र वनगाई कोपवा कजवेनजिकै ठेक्का दिँदा अनियन्त्रित उत्खनन भएर कजवे भत्किएको हुन सक्ने वाणगंगा- ५ मनहरापुरका लोकबहादुर थापाले बताए।

प्रदेश सरकारको नदीजन्य कार्यविधिअनुसार पुल र कजवेजस्ता संरचनाबाट पाँच सय मिटरमाथि र तल एक किलोमिटरभित्र ठेक्का लगाउन पाइँदैन। तर, सो मापदण्डको धज्जी उडाउँदै



नगरपालिकाले मनपरी ठेक्का लगाएको थियो। जसका कारण नदीले कजवे बगाएको स्थानीयको भनाइ छ। कजवे बगाएपछि अहिले सो क्षेत्रबाट आवतजावत ठप्प रहेको अर्का स्थानीय उमानाथ पौडेलले जानकारी दिए। आवतजावत बन्द हुँदा किसानका उत्पादन बजार पुऱ्याउन र दैनिक उपभोग्य सामान ल्याउनसमेत असहज भएको स्थानीय मानबहादुर कार्कीले बताए।

स्थानीयवासीले कजवे निर्माणबारे कुरा उठाउँदा आफ्नो स्रोतबाट सो कार्य सम्भव नरहेको भन्दै नगरपालिका पन्छिने गरेको छ। पुल बनाउन संघ सरकारसँग माग गरिएको नगरपालिकाको जवाफ छ। गाउँबाट चार सय मिटरनजिकै बजार भए पनि आफ्ना कृषिजन्य उत्पादन बिक्रीका लागि लिएर आउजाउ गर्न किसानलाई समस्या परिरहेको छ। उक्त क्षेत्रमा चुनावका वेला भोट माग्न आउने उम्मेदवारहरूले आफूलाई भोट दिए कजवे बनाइदिने भन्दै झुटो आश्वासन दिने गरेको स्थानीयको अनुभव छ। स्थानीय भन्छन्, 'भोट माग्न आएका कोही पनि फर्किएर आएका छैनन्। जितेर गएका पनि हराए, हारेका त झन् आउने कुरै भएन।' कजवे नहुँदा स्थानीयको जीवन नै जोखिममा परेको छ। 'जोखिम मोल्दै नदीमा डुबुल्की मार्नुपर्ने बाध्यता रहेको छ,' मानबहादुरले नयाँ पत्रिकासँग भने।



समाजवादी मोर्चा

सभामा एकीकृत, एजेन्डामा तितरबितर

प्रेम गौतम/नयाँ पत्रिका

आबद्ध दलका नेताहरूले सभाहरू उद्देश्यमा सफल भएको दाबी गरे पनि सातवटै प्रदेशमा सन्देश सभा गरेको समाजवादी मोर्चा एजेन्डामा भने तितरबितर देखिएको छ। सत्तारुढ माओवादी, एकीकृत समाजवादी, जसपा तथा सत्ताबाहिरको नेकपा आबद्ध समाजवादी मोर्चाले सातै प्रदेशमा सन्देश सभा गरेको छ, तर नेताहरूको भाषण एउटै मुद्दामा केन्द्रित छैन।

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मुख्य लक्ष्य राखेर गत ४ असारमा मोर्चा बनेपछि पहिलोपटक प्रदेशस्तरीय सन्देश सभा भएका हुन्। सुदूरपश्चिममा दुईपटक स्थगित भएको सन्देश सभा गत आइतबार सम्पन्न भएको छ। मोर्चामा आबद्ध दलका नेताहरूले सभाहरू उद्देश्यमा सफल भएको दाबी गरेका छन्। मोर्चाको सन्देश प्रवाहका लागि प्रदेशस्तरीय सभा सफल भएको एकीकृत समाजवादीका उपाध्यक्ष एवं मोर्चाको सचिवालयका सदस्यसचिव प्रमेश हमालको भनाइ छ। हमालका अनुसार मोर्चाको बैठक बसेर सन्देश सभाको समग्र समीक्षा गर्ने बाँकी छ। गत ४ असारमा काठमाडौंमा घोषणा भएयता मोर्चाका तीनवटा बैठक बसेका छन्। अवधारणापत्रमा मोर्चाका चारै दलका शीर्ष नेताले हस्ताक्षर गरेका छन्। अवधारणापत्र र थप कार्यविधि सन्देश सभामा जानकारी गराउने काम भएको हमालले बताए।

मोर्चाको नीति र उद्देश्यअनुसार नै सन्देश सभा भएको माओवादी महासचिव एवं मोर्चाको सचिवालय सदस्य देव गुरुङले बताए। घोषित नीति र उद्देश्य जनतासम्म पुऱ्याउन सन्देश सभा गरिएको उनले बताए। 'कम्युनिस्ट पार्टीहरू एकताबद्ध हुँदै छन् भन्ने नै मुख्य सन्देश हो। सन्देश सभाले सकारात्मक सन्देश प्रवाह गरेको छ,' उनले भने।

जसपा वरिष्ठ नेता एवं मोर्चाको सचिवालय सदस्य राजेन्द्र श्रेष्ठले नेपाली विशेषताको समाजवादी कार्यक्रमबारे सन्देश प्रवाह भएको बताए। 'नेपाली विशेषताको समाजवाद कस्तो हुन्छ भन्ने सन्देश नै मुख्य कुरा हो। समाजवादका निम्ति हामीले तेस्रो शक्ति निर्माण गर्ने्छौं। जनतालाई सुसूचित गराउन सन्देश सभा भएको हो,' उनले भने। मोर्चाको नेतृत्व चार-चार महिनामा आलोपालो गर्ने सहमति छ। सुरुमा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल संयोजक छन्। माओवादी अध्यक्ष प्रचण्ड, जसपा अध्यक्ष उपेन्द्र यादव र नेकपा महासचिव नेत्रविक्रम चन्द पालैपालो संयोजक हुनेछन्।

माओवादीका महासचिव देव गुरुङ, एकीकृत समाजवादीका उपाध्यक्ष प्रमेश हमाल, जसपाका वरिष्ठ नेता राजेन्द्रप्रसाद श्रेष्ठ र नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा सम्मिलित सचिवालयसमेत गठन गरिएको छ। सचिवालयका सदस्यसचिव एकीकृत समाजवादीका उपाध्यक्ष हमाल छन्। उनले नै मोर्चाको कार्यक्रम सञ्चालन गर्दै आएका छन्। सदस्यसचिव पनि आलोपालो गर्ने सहमति छ।

एकताको सन्देश दिएका छौं

देव गुरुङ, महासचिव, माओवादी



मोर्चाको नीति र उद्देश्यअनुसार नै सन्देश सभाहरू आयोजना गरिएको हो। सन्देश सभाले कम्युनिस्ट पार्टीहरू एकताबद्ध हुँदै छन् भन्ने मुख्य सन्देश दिएको छ। जनताले यसलाई सकारात्मक रूपमा लिएका छन्।

जनतालाई उद्देश्य बुझ्काय्यौं

प्रमेश हमाल, उपाध्यक्ष, एकीकृत समाजवादी



मोर्चाले लिएको उद्देश्य अवगत गराउन सभा आयोजना गरिएको थियो। प्रदेशस्तरीय सभाबाट जनतालाई त्यो उद्देश्य बुझाउने काम भएको छ। सभाहरूमा भएको उपस्थितिले मोर्चाको सान्दर्भिकता र औचित्य पुष्टि गरेको छ।

तेस्रो शक्ति निर्माण गर्दै छौं

राजेन्द्र श्रेष्ठ, वरिष्ठ नेता, जसपा



नेपाली विशेषताको समाजवाद कस्तो हुन्छ भन्ने सन्देश प्रवाह गर्ने मुख्य उद्देश्य सन्देश सभाले पूरा गरेको छ। समाजवादका निम्ति हामीले तेस्रो शक्ति निर्माण गर्ने्छौं। सभाले जनतालाई सुसूचित गरायो।

समाजवादको यात्रा सहज छैन

डा. खगेन्द्र प्रसाई, राजनीतिक विश्लेषक



राजनीतिक हिसाबले अस्तित्व र शक्ति देखाएको तथा मोर्चाको एकताको सन्देश दिन खोजेको हो भने सफल भएको मान्न सकिन्छ। तर, समाजवादको यात्रा सहज हुँदैन। अहिलेको पुँजीवादलाई राम्ररी बुझ्नुपर्छ। समाजलाई चिन्न, बुझ्न अध्ययन गर्नुपर्छ। त्यसपछि मात्र कुन-कुन कुरामा समाजवादमा जान सकिन्छ भनेर निष्कर्षमा पुग्न सकिन्छ।



नेपाली विशेषताको समाजवादी मोर्चाले सातै प्रदेशमा सन्देश सभा गरेपनि पनि प्रभावकारी देखिएनन्, नेताहरूका अभिव्यक्ति अन्यत्रै भड्किए

नेपाली विशेषताको समाजवाद निर्माण गर्ने मोर्चाको लक्ष्य छ। विद्यमान राष्ट्रिय राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक समस्या र चुनौतीको सामना गर्दै देशलाई अग्रगामी निकास दिन समाजवादी शक्तिहरूलाई एकताबद्ध बनाउने उद्देश्य मोर्चाको छ। संविधानको रक्षा, कार्यान्वयन, समयसापेक्ष संशोधन, परिमार्जन, शान्ति प्रक्रियाका बाँकी कामको पूर्णता, संघीय शासन प्रणालीमा आधारित समतामूलक, न्यायपूर्ण, विभेदरहित समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्न साझा मुद्दा, लक्ष्य र उद्देश्य प्राप्तिका लागि भन्दै मोर्चामा आबद्ध चार दलले १५ बुँदे प्रतिबद्धता पनि जनाएका छन्।

राजनीतिक विश्लेषक डा. खगेन्द्र प्रसाईं समाजवादी यात्रा सामान्य हिसाबले सम्पन्न नहुने बताउँछन्। पुँजीवादलाई राम्ररी नबुझी समाजवादमा पुग्न नसकिने उनको तर्क छ। समाजवादका लागि सबैभन्दा पहिला पुँजीवादलाई राम्ररी बुझ्नुपर्ने उनले औंल्याए। त्यसपछि मात्रै कुन-कुन कुरामा समाजवादमा जान सकिन्छ भन्ने निष्कर्ष निकाल्न सकिने उनको भनाइ छ। साउनमा सम्पन्न गर्ने भनिएको सभा भदौमा मात्रै सुरु भए। गत ८ भदौमा वीरगन्जबाट मोर्चाको प्रदेशस्तरीय सभा सुरु भएको थियो। सन्देश सभा उद्घाटन गर्दै शीर्ष नेताले सभाले काठमाडौं र सिंगो देशलाई सन्देश दिने घोषणा गरेका थिए। कोशी, बागमती, लुम्बिनी, गण्डकी, कर्णाली र सुदूरपश्चिमको सभामा पनि नेताहरूले पुरानै भाषण दोहोऱ्याए। दीर्घकालीन लक्ष्य, उद्देश्यभन्दा पनि तत्कालीन विषयमा नेताहरूले सम्बोधन गरे। यद्यपि, परिवर्तनबाट प्राप्त उपलब्धिको रक्षाका लागि सभामार्फत सन्देश प्रवाह गरेको नेताहरूको दाबी छ।

सत्तापक्ष र विप्लव नेतृत्वको विद्रोही शक्ति एक ठाउँमा आउनुलाई मोर्चाले उपलब्धि ठानेको छ। परिवर्तनकारी शक्ति एक ठाउँमा उभिएको र दीर्घकालीन रूपमा एउटै पार्टी बनाउने लक्ष्य रहेको नेताहरूले उद्घोष गरे। संविधानमै समाजवादउन्मुख व्यवस्था उल्लेख भएकाले अन्य दल पनि मोर्चामा आबद्ध हुने दाबी पनि नेताले गरेका छन्। संविधान कार्यान्वयनमा मोर्चा कोसेढुंगा साबित हुने नेताको दाबी छ।

सन्देश सभामा प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष प्रचण्ड सरकारको काममा केन्द्रित भएका छन्। त्यसो त मोर्चाका चारै शीर्ष नेताले सरकारको कामको प्रशंसा गरेका छन्। नेपाल, यादव र विप्लवले प्रचण्डको प्रधानमन्त्रीत्वमा भइरहेका भ्रष्टाचारविरोधी काम, सामाजिक न्यायका कामहरूको सूची बनाएर समाजवादी मोर्चा गाउँ-गाउँ जानुपर्ने औंल्याएका छन्।

प्रचण्डले मोर्चामार्फत एउटै कम्युनिस्ट पार्टी बनाउने दिशामा अगाडि बढेको सन्देश दिन खाजे। 'एउटै कम्युनिस्ट पार्टी बनाउने उद्देश्य छ, समाजवादी क्रान्ति एउटा पार्टीले गर्ने होइन, लाखौं-करोडौं जनताले गर्ने हो,' प्रचण्डले भनेका छन्, 'यसका लागि सबै कम्युनिस्ट एउटै पार्टी बन्न जरुरी छ।' हतारमा पार्टी एकता गर्दा दुर्घटना हुने खतरा देखिएकाले विचार, सिद्धान्त, रणनीतिमा बृहत् छलफलपछि यस्तो कदम चालिनुपर्ने उनको भनाइ छ।

प्रचण्डको समर्थनमा बढी समय विप्लवले दिएका छन्। प्रचण्डसहित माधव नेपालले एमसिसीमा मध्यमार्गी लाइन लिएका छन्। नेपालले कम्युनिस्टहरूलाई एकताबद्ध गराउँदै जानुपर्नेमा जोड दिएका छन्। मोर्चामा आबद्ध दलले गरेका राम्रा काम जनताले थाहा पाउनुपर्नेमा नेपालले जोड दिएका छन्। 'प्रचण्डको नेतृत्वमा सरकारबाट धेरै काम भएका छन्, ती कामको सूची तयार पार्नौं। बुँदागत रूपमा तयार पारेको सूची लिएर मोर्चा तलैसम्म जाऊँ, यसले हाम्रा कामबारे जनतालाई थाहा हुनेछ,' उनले भनेका छन्।

विप्लवले दलाल पुँजीवाद र अमेरिकी नीतिको विरोध गरेका छन्। विप्लवले मुलुक संकटमा पुगेको भन्दै प्रचण्ड, माधव र उपेन्द्रलाई सरकारको मोर्चा सम्हाल्न आग्रह गरेका छन्। सडकको मोर्चा आफूहरूले सम्हाल्ने उनको दाबी छ। 'जब मुलुक समस्यामा पर्छ, माओवादीहरू एक हुन्छन्, कम्युनिस्टहरू एक हुन्छन्। समाजवादीहरू एक हुन्छन्। यसमा सबैजना ढुक्क हुनुभए हुन्छ,' विप्लवले भनेका छन्। उनी एमसिसीको कट्टर विरोधी हुन्।

चारै दलका छुट्टाछुट्टै अभियान

७७ वटै जिल्लामा मोर्चाको संयन्त्र निर्माणमा लागेका दलहरू छुट्टाछुट्टै अभियानमा छन्। मोर्चाको अवधारणापत्रमा दलहरू आ-आफ्नो पार्टीको कार्यक्रम चलाउन स्वतन्त्र हुने उल्लेख छ। चार दलबीच संयुक्त अभियान चलाउने विषयमा पनि छलफल भएको छ।

माओवादीले 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' चलाएको छ। त्यसपछि विधान सम्मेलन गर्ने र विशेष महाधिवेशन गर्ने उसको तयारी छ। दोस्रो चरणमा अन्तर्पार्टी स्कुल, विषयगत अन्तर्क्रिया, तालिम, गोष्ठी, जनप्रशिक्षण, जनभेला, संघ-संस्थासँग अन्तर्क्रिया गरेको छ। एकीकृत समाजवादी, जसपा र नेकपाले पनि पार्टीगत कार्यक्रमलाई प्राथमिकता दिएका छन्। समाजवादी मोर्चा समान अवधारणामा गतिविधि गर्ने, मोर्चामा राखेका उद्देश्य प्राप्त गर्नका निम्ति साझा रूपमा गतिविधि गर्ने र पार्टीहरू आफ्ना गतिविधि गर्न स्वतन्त्र हुने एकीकृत समाजवादीका उपाध्यक्ष हमालले बताए।

एकीकृत समाजवादीले असोजमा देशव्यापी राष्ट्रिय समाजवादी जागरण यात्रा सम्पन्न गरेको छ। जसपाले पनि संगठन विस्तार अभियानलाई जारी राखेको छ। नेकपाले पनि प्रशिक्षण अभियान सञ्चालन गरिरहेको छ।

नेपाल बीमा प्राधिकरण

कुपण्डोल ललितपुर

बीमकको अद्यावधिक सुची

(सूचना प्रकाशित मिति : २०८०/०७/०२)

यस प्राधिकरणबाट इजाजत प्राप्त बीमकहरुको मिति २०८० असोज मसान्तसम्मको अद्यावधिक विवरण तपशिल बमोजीम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि बीमा ऐन २०७९ को दफा ३५ को प्रयोजको लागि प्रकाशित गरिएको छ।

जीवन बीमा कम्पनीहरु

क्र.स	नाम	ठेगाना	दर्ता मिति
१	श्री राष्ट्रिय बीमा संस्थान	रामशाहपथ	२०२५/०९/०१
२	श्री नेशनल लाईफ इन्स्योरेन्स क. लि.	लाजिम्पाट	२०४४/०९/२३
३	श्री नेपाल लाइफ इन्स्योरेन्स क. लि.	कमलादी	२०५८/०१/०५
४	श्री मेट लाइफ (एलिको)	पुल्चोक	२०५८/०४/१८
५	श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.	पुतलीसडक	२०५८/०४/२३
६	श्री एशियन लाइफ इन्स्योरेन्स क. लि.	मैतिदेवी	२०६४/११/१५
७	श्री सूर्याज्योति लाइफ इन्स्योरेन्स क. लि.	ज्ञानेश्वर	२०६४/१२/०६
८	श्री हिमालयन लाइफ इन्स्योरेन्स लि.	हात्तिसार	२०६५/०१/२४
९	श्री आइएमई लाइफ इन्स्योरेन्स क. लि.	लैनचौर	२०७४/०३/२०
१०	श्री सन नेपाल लाइफ इन्स्योरेन्स क. लि.	पुतलीसडक	२०७४/०४/१८
११	श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.	ज्ञानेश्वर	२०७४/०४/१८
१२	श्री सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.	नयाँ बानेश्वर	२०७४/०५/०७
१३	श्री सिटिजन लाइफ इन्स्योरेन्स क. लि.	थापाथली	२०७४/०५/०७
१४	श्री प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स क. लि.	कमलादी	२०७४/०५/०७

निर्जीवन बीमा कम्पनीहरु

क्र.स	नाम	ठेगाना	दर्ता मिति
१	श्री नेपाल इन्स्योरेन्स क. लि.	कमलादी	२००४/०६/०८
२	दि ओरियण्टल इन्स्योरेन्स क. लि.	डिल्लिबजार	२०२४/०५/३०
३	श्री नेशनल इन्स्योरेन्स क. लि	थापाथली	२०३०/०९/१७
४	श्री हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.	बबरमहल	२०५०/०४/०६
५	श्री यूनाईटेड अजोड इन्स्योरेन्स क. लि.	सुन्धारा	२०५०/०७/०६
६	श्री सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.	बबरमहल	२०५१/०१/०८
७	श्री नेको इन्स्योरेन्स लि.	ज्ञानेश्वर	२०५३/०२/१७
८	श्री सगरमाथा लुम्बिनी इन्स्योरेन्स क. लि.	नक्साल	२०५३/०३/१२
९	श्री प्रभु इन्स्योरेन्स लि.	तिनकुने	२०५३/०४/०४
१०	श्री आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि.	नक्साल	२०५७/१०/१०
११	श्री शिखर इन्स्योरेन्स क. लि.	थापाथली	२०६१/०७/२६
१२	श्री एनएलजी इन्स्योरेन्स क. लि.	पानीपोखरी	२०६२/०६/२३
१३	श्री राष्ट्रिय बीमा क. लि.	रामशाहपथ	२०७१/०३/२७
१४	श्री सानिमा जिआइसी इन्स्योरेन्स लि.	टंगाल	२०७४/१०/२४

पुनर्बीमा कम्पनीहरु

क्र.स	नाम	ठेगाना	दर्ता मिति
१	श्री नेपाल पुनर्बीमा क. लि.	थापाथाली	२०७१/०९/०४
२	श्री हिमालयन रि इन्स्योरेन्स क. लि.	महाराजगंज	२०७८/०३/३१

लघुबीमा कम्पनीहरु

क्र.स	नाम	ठेगाना	दर्ता मिति
१	श्री नेपाल माइक्रो इन्स्योरेन्स क. लि.	भरतपुर, चितवन	२०७९/१२/२७
२	श्री गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.	विराटनगर, मोरङ	२०७९/१२/२७
३	श्री प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.	धनगढी, कैलाली	२०७९/१२/२८
४	श्री क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.	वीरेन्द्रनगर, सुर्खेत	२०७९/१२/२८
५	श्री लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स कं. लि.	पोखरा, कास्की	२०८०/०५/०१
६	श्री स्टार माइक्रो इन्स्योरेन्स कं. लि.	जनकपुर, धनुषा	२०८०/०५/०१

कानून तथा नियमन महाशाखा
नेपाल बीमा प्राधिकरण

SANIMA RELIANCE LIFE INSURANCE

खुलेर जिऔं

बोनस दर कायम गरिएको सूचना

साबिक रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको आ.व. २०७८/०७९ (१६ जुलाई २०२१ देखि १६ जुलाई २०२२) सम्मको बीमाङ्कीय मूल्याङ्कन अनुसारको बोनसदर।

बीमा योजना	बीमा अवधि (वर्षमा)	बोनस दर (प्रति हजार)	बीमालेख संख्या
मुद्दति सुरक्षण बीमा योजना-नियमित शुल्क	०-९	२४	२८
	१०-१४	२४	१२४
	१५-१९	२४	२,४०६
	२०-२४	२४	६,०१५
	२५ देखि माथि	२४	-
मुद्दति सुरक्षण बीमा योजना-एकल शुल्क	०-९	५४	१३
	१०-१४	५४	६
	१५-१९	५४	८
	२०-२४	५४	५
	२५ देखि माथि	५४	-
१५ वर्षे अग्रिम भुक्तानी योजना	सम्पूर्ण बीमा अवधि	४१	५६८
२० वर्षे अग्रिम भुक्तानी योजना	सम्पूर्ण बीमा अवधि	४५	२६९
रुपान्तरीत वार्षिक अग्रिम भुक्तानी योजना	०-९	३०	-
	१०-१४	३०	-
	१५-१९	३०	८४
	२०-२४	३०	३१६
	२५ देखि माथि	३०	-
सामुहिक सावधिक	०-९	१९	-
	१०-१४	१९	४२
	१५-१९	१९	२७८
	२०-२४	१९	१,१०७
	२५ देखि माथि	१९	२२३
सावधिक तथा आजीवन	०-९	३०	३४
	१०-१४	३५	१२२
	१५-१९	४०	१,३१९
	२०-२४	४५	६०८
	२५ देखि माथि	६०	४५
सावधिक	०-९	३०	४३१
	१०-१४	३२	२,१५०
	१५-१९	३५	२०,५२८
	२०-२४	४५	६,३७८
	२५ देखि माथि	७५	३७३
सिमित भुक्तानी सावधिक	०-९	-	-
	१०-१४	४०	१२४
	१५-१९	४२	१,३१७
	२०-२४	५२	१,४१०
	२५ देखि माथि	६५	४३०

उपरोक्त अनुसारको बोनस दर मृत्यु दाबी, चुक्ता मूल्य दाबी, अवधि भुक्तानी दाबी र चालू बीमालेखमा लागू हुनेछ। साथै अर्को बीमाङ्कीय मुल्याङ्कन अनुसार बीमा समितिबाट अर्को व्यवस्था गर्न स्वीकृति नभएसम्म उल्लेखित दाबीहरुमा समेत सोहि बोनस दर लागू हुने व्यहोरा जानकारी गराउँदछौं।

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स

नयाँ बानेश्वर, काठमाडौं, फोन नं: ४७९७१२४/४७९६३८१

info@sanimareliancelife.com, www.sanimareliancelife.com

'कोरला नाका नियमित खोलिनेछ'

मुस्ताङबाट **कमल खत्री**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गण्डकी प्रदेशको आर्थिक समृद्धिको लाइफलाइन मानिएको कोरला नाका सञ्चालनमा ल्याउने तयारी भइरहेको बताएका छन्।

बुधबार कोरला नाकाको हवाई अवलोकनपछि मुस्ताङ सदरमुकाम जोमसोममा माओवादी मुस्ताङले आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले मुस्ताङ र चीनको सिमानामा रहेको कोरला नाका व्यापारिक रूपमै सञ्चालनमा ल्याउने तयारी भइरहेको बताएका हुन्।

हालैको आफ्नो चीन भ्रमणका क्रममा कोरलालगायत विभिन्न १४ वटा व्यापारिक नाका सञ्चालन गर्ने समझदारी भएको जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले नेपालको तर्फ नाका सञ्चालनको



पूर्वाधार निर्माणमा सरकारको ध्यान केन्द्रित भएको बताए। कोरला नाकाको सीमा क्षेत्रका नागरिकलाई प्रवेशपत्रका आधारमा आवतजावत गर्ने व्यवस्था गरिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले नाकाका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार निर्माणमा चीनले समेत सघाउने प्रतिबद्धता जनाएको बताए।

उनले कोरला नाकाको आधार मानिएको कालीगण्डकी करिडोर सडक आयोजनालाई पूर्णता दिन सरकारले उचित प्राथमिकता दिएको बताउँदै समग्र मुस्ताङको विकासमा सरकारले ध्यान दिने बताए। गत साउनमा बाढीले क्षतिग्रस्त कागबेनी क्षेत्रको समेत हवाई निरीक्षण गरेका प्रधानमन्त्री प्रचण्डले जलवायु परिवर्तनको असर न्यूनीकरणमा सरकारले अन्तर्राष्ट्रिय स्तरमा समेत मुद्दा उठान गर्ने जिकिर गरे।

हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरका कारण बाढीपहिरोलगायत घटना बढ्न थालेको बताउँदै प्रधानमन्त्री प्रचण्डले कागबेनी क्षेत्रको संरक्षण र पुनर्निर्माणका लागि सरकारले प्राथमिकता दिने प्रतिबद्धता जनाए। जोमसोममा जलवायु संवाद कार्यक्रममा बोल्दै उनले संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो जलवायु परिवर्तनबाट नेपालमा परेको असरबारे ध्यानकर्षण गराएको जिकिर गरे।

अस्पतालमा हमलाप्रति एमालेको निन्दा

नयाँ पत्रिका

प्रमुख विपक्षी दल एमालेले प्यालेस्टाइनी राज्यको गाजा सहरस्थित एक अस्पतालमा गरिएको हमलामा बालबालिकासहित पाँच सयभन्दा बढी नागरिक मारिएको घटनाको कडा शब्दमा निन्दा र भर्त्सना गरेको छ। अध्यक्ष केपी ओलीले बुधबार विज्ञप्ति प्रकाशित गरी घटनाको कडा शब्दमा निन्दा र भर्त्सना गरेका हुन्।

मंगलबार राति गाजा सहरको अल अहरी अरब अस्पतालमा भएको आक्रमणमा परी अस्पतालमा उपचार गराइरहेका बिरामी, उपचारमा संलग्न चिकित्सक तथा स्वास्थ्यकर्मी, बिरामीका कुरुवा-आफन्त र अस्पताल परिसरमा शरण लिइरहेका नागरिक गरी पाँच सयभन्दा बढी नागरिक मारिएका छन्। 'रकेट आक्रमणबाट ठूलो विस्फोटसहित सिंगो अस्पताल भवन नष्ट हुनुका साथै बालबालिकासहित सयौंको संख्यामा मानिसहरू हताहत भएको विषय जति निन्दा गरे पनि कमी हुन्छ,' ओलीले वक्तव्यमा भनेका छन्।

अमानवीय आक्रमणबाट अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार र मानवीयताका सबै सीमा उल्लंघन भएको एमालेको निष्कर्ष छ। 'नेकपा (एमाले) शान्तिको पक्षमा छ। जुनसुकै खाले द्वन्द्व र समस्याको समाधान शान्तिपूर्ण वार्ताद्वारा गरिनुपर्छ भन्ने मान्यता राख्दछ। निहत्था नागरिक, अस्पतालमा उपचार गराइरहेका बिरामी र स्वास्थ्यकर्मीको ज्यान लिने गरी गरिएको अमानवीय आक्रमणबाट अन्तर्राष्ट्रिय कानुन, मानव अधिकार र मानवीयताका सबै सीमा उल्लंघन भएको छ,' ओलीले वक्तव्यमा भनेका छन्, 'यस किसिमका क्रूर र अमानवीय आक्रमण तत्काल रोकिनुपर्छ। निहत्था नागरिकलाई सुरक्षित गरिनुपर्छ। साथै, उद्धार तथा आपत्कालीन सहयोगका लागि गाजापट्टीमा मानवीय सहायता प्रदायकहरू जानका लागि अनुमति दिनुपर्छ भन्ने मान्यता राख्दछौं। यस प्रकारका सबैखाले आक्रमण रोक्न हामी सम्बन्धित पक्षलाई आह्वान गर्दछौं।'

आयातित विविधिता थोपर्न खोजियो : ओली



काठमाडौं/ एमाले अध्यक्ष केपी ओलीले नेपालमा सामाजिक सद्भाव र राष्ट्रिय एकता बिथोल्ने उद्देश्यले आयातित विविधता थोपर्न खोजिएको बताएका छन्।

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी संगठनले बुधबार आयोजना गरेको 'बडाभोज तथा शुभकामना' कार्यक्रममा ओलीले त्यस्तो बताएका हुन्। ओलीले विविधतालाई विभेदको विषय नबनाई सामाजिक सद्भावसहित राष्ट्रिय एकता बलियो बनाउने काममा उपयोग गर्नुपर्नेसमेत बताए।

'अहिले नेपालमा केही आयातित विविधता थोपर्न खोजिएको छ, जुन कुरासँग हामी सतर्क हुनुपर्छ। आयातित विविधता बोकेर हिँड्न जरुरी छैन, हाम्रो विविधतालाई सम्मान गर्नुपर्छ,' ओलीले भने। आफूलाई ठूलो र महान् देखाउन अनुशासनहीन, अराजक र असहिष्णु क्रियाकलाप बढिरहेको भन्दै त्यसलाई रोक्ने काममा जीवनभर अनुशासन र कर्तव्यपरायणमा पारंगत भएका भूतपूर्व सैनिक र प्रहरी परिचालित हुनुपर्नेमा ओलीले जोड दिए। 'समाजमा अहिले असहिष्णुता, अराजकता बढेको छ। त्यसले समाजमा पारस्परिक घृणा फैलाइरहेको छ। एकातिर राष्ट्रिय एकता कमजोर पार्ने काम भइरहेको छ, विभिन्न खाले संकीर्णता, गैरजिम्मेवार खालका अभिव्यक्तिले। अर्कातिर समाज विकृत र गैरजिम्मेवार भइरहेको छ। यस्तो अवस्थामा जिम्मेवारीबोध कसरी गराउने ? मान्छेलाई अनुशासित भएर कर्तव्यपालनमा कसरी सिकाउने ? अनुशासन, कर्तव्यपालना गरेर आएका भूतपूर्व सैनिक प्रहरीजति अरू कसैले यो काम गर्न सक्दैन,' ओलीले भने।

साहसको स्वरमा 'फर्किन्छु यसपालि' सार्वजनिक



साहस शाक्यको स्वर र संगीतमा 'फर्किन्छु यसपालि' बोलको दसैँ गीत सार्वजनिक भएको छ। गीतको शब्द दीपेन्द्र अधिकारीले लेखेका हुन्। प्रवासमा रहेर गीतलेखनमा सक्रिय अधिकारीले आफ्नो बाल्यकाल, गाउँ, परिवेश, बालसखाहरूको सम्झनालाई गीतमा समेटेका हुन्।

'महाजात्रा'मा जोडिए दिव्यदेव



फिल्म 'जात्रा' र 'जात्रै जात्रा'को सफलतापछि षट्कोण आर्टस्को निर्माणमा बन्न लागेको तेस्रो शृंखला फिल्म 'महाजात्रा'मा हरिवंश आचार्य जोडिएसँगै दिव्यदेव पन्त, गौमाया गुरुङ र शिशिर बाङ्देल जोडिएका हुन्। प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको फिल्ममा विपिन कार्की, रवीन्द्रसिंह बानियाँलगायतका कलाकारको अभिनय रहनेछ।

कम गरौँ रातो मासुको प्रयोग



आस्था कार्की
पोषणविद्
मिताहार डाइट क्लिनिक

दसैँमा मानिसहरूले रातो मासु (खसी, च्यांग्रालगायत) अत्यधिक प्रयोग गर्छन्। यसमा राम्रो र नराम्रो फ्याट (स्याचुरेटेड फ्याट) मिसिएको हुन्छ। मात्रा मिलाएर थोरै-थोरै (तीन-चारवटा सानो पिस) खानु ठिकै हुन्छ। तर, हाम्रोमा धेरै मासु खाने बानी हुन्छ। धेरै भेराइटी एकैपटक खाने बानी हुन्छ। यो राम्रो होइन। प्रेसर, कोलेस्ट्रोल, मुटुका बिरामी, मधुमेह, युरिक एसिडका बिरामी, पाचन प्रणालीमा समस्या भएकाहरूले सकेसम्म रातो मासु नखानु राम्रो हुन्छ। खानैपरे चिल्लो कम प्रयोग गरेर तयार गर्नुपर्छ र थोरै खान सकिन्छ। स्वस्थ रहनका लागि माछा-मासुको सन्तुलित प्रयोग जरुरी छ।

मासु नखानेका लागि

मासु नखानेका लागि पनि थुप्रै परिकार बनाएर खान सकिन्छ। पनिर, गेडागुडी, च्याउ, चिजलगायतका परिकार बनाउन सकिन्छ। त्यस्तै, च्याउ, क्वाँटी, सोयाबिन, पनिरलगायतका परिकार बनाएर खान सकिन्छ।

सलाद

शाकाहारीले पनि यस समय उच्च प्रोटिनयुक्त खानेकुरा (पनिर, तोफु) लगायत अत्यधिक खाने गर्नुहुन्छ। तर, हामीले यसरी प्रोटिन धेरै भएका खानेकुरा खाँदा फाइबरयुक्त खानेकुरा पनि मात्रा मिलाएर खानुपर्छ। दाल, गेडागुडी, काँक्रो, मुला, गाँजर, हरियो सागसब्जी, प्याजलगायतमा प्रशस्तै मात्रामा फाइबर हुन्छ। त्यसैले सलाद खानुपर्छ।

काँक्रोको अचार

दसैँमा हामीले काँक्रोको अचार बनाउने गर्छौं। यसरी सिसीमा खाँदेर तयार गरिएको अचार स्वास्थ्यका लागि निकै फाइदाजनक छ। हाम्रो आन्द्रामा हुने राम्रो ब्याक्टेरिया 'प्रोबायोटिक' यसमा प्रशस्तै हुन्छ। त्यसैले यस अचारले पाचन प्रणालीसम्बन्धी समस्या कम गराउँछ। मासु धेरै खाँदा अचार पनि खाइयो भने त्यसलाई पचाउन सहज हुन्छ। तर, अचार बनाउँदा नुन र चिल्लोको प्रयोग कम गर्नुपर्छ।

जंकफुडमा रोक

दसैँमा मानिसहरूले जंकफुडको प्रयोग पनि अत्यधिक गर्ने गरेका छन्। विशेषगरी, स्न्याक्सका रूपमा यसको प्रयोग हुन्छ। तर, स्वास्थ्यका लागि जंकफुड राम्रो होइन। यसले विभिन्न समस्या निम्त्याउन सक्छ। हामीले जंकफुडको साटो घरमै पकाएका खानेकुराको प्रयोगमा जोड दिनुपर्छ। बजारमा पाइने चिप्सको साटो भटमास वा चना साँधेर घरमै स्न्याक्स तयार गर्न सकिन्छ। बदाम साँध्न सकिन्छ। पेयपदार्थ पनि घरमै तयार गर्न सकिन्छ। बजारबाट पेयपदार्थ ल्याउनुको साटो घरमै पुदिना, कागतीलगायत मिसाएर स्वस्थ पेयपदार्थ तयार गर्न सकिन्छ।

मदिरा : मदिराका कारण मानिसहरूको स्वास्थ्यमा विभिन्न समस्या देखिन्छन्। पाचन प्रणाली खराब हुन्छ। कलेजोमा असर पुग्याउँछ। त्यही कारण मदिरा र धूम्रपानबाट टाढा रहनुपर्छ। उपचार गर्नुभन्दा समस्या नै देखिन नदिनु राम्रो हो।

पानी : पानी प्रशस्तै पिउनुपर्छ। हाम्रो शरीर हाइड्रेट रहन आवश्यक छ। दैनिक कम्तीमा १.५ लिटर पानी हाम्रो शरीरलाई आवश्यक पर्छ। मानिसको तौल, उचाइ, स्वास्थ्य अवस्थाअनुसार यसभन्दा धेरै आवश्यक पर्न सक्छ। खाना खाइसकेपछि ३० मिनेटको ग्याप राखेर पानी पिउँदा खाना पाचन प्रणाली पनि राम्रो हुन्छ।

परिवार घुम्नका लागि छोटो गन्तव्य



दसैँको समयमा मानिसहरू परिवारसहित घुम्न रुचाउँछन्। वृद्धवृद्धा र बालबालिकासहित घुम्न निस्कनुपर्दा गाडीको सुविधा भएका स्थानमा जानु उपयुक्त हुन्छ। काठमाडौंनजिकै केही त्यस्ता गन्तव्य छन्, जो प्राकृतिक र सांस्कृतिक रूपमा निकै सुन्दर छन्। यहाँ सुविधासम्पन्न होटेल तथा स्तरीय होमस्टेहरू पनि उपलब्ध छन्। स्थानीय समुदायले सञ्चालन गरेका होमस्टेले पारिवारिक वातावरणमा पर्यटकको सत्कार गर्ने गरेका छन्।



रामकाजी तिवारी
महासचिव, माउन्टेन गाइड एसोसिएसन नेपाल

काठमाडौं-चित्लाङ (एक रात, दुई दिन)

काठमाडौंनजिकको गन्तव्य चित्लाङ पनि हो। दुई-तीन घन्टा गाडीमा यात्रा गरेपछि यहाँ पुग्न सकिन्छ। यहाँ उत्कृष्ट रिसोर्टहरू छन्। यसका साथै स्थानीय संस्कृति नियाल्न मिल्ने होमस्टेहरू पनि छन्। होमस्टेमा बस्दा उपयुक्त हुन्छ। चित्लाङ पुगेर एक रात वास बसेर मज्जाले घुमेर फर्किन सकिन्छ।

काठमाडौं-दामन (एक रात, दुई दिन)

काठमाडौंबाट नजिकको गन्तव्य दामन पनि हो। तीन-चार घन्टा गाडीमा यात्रा गरेपछि सजिलै पुग्न सकिन्छ। एक रात बसेर काठमाडौं फर्किन सकिन्छ। तामाङ, नेवारी संस्कृतिलाई नियाल्न पाइन्छ। यो स्थान बालबालिकालाई घुमाउनका लागि उपयुक्त स्थान हो।

काठमाडौं-नगरकोट (एक रात, दुई दिन)

प्राकृतिक सुन्दरताले भरिपूर्ण नगरकोट काठमाडौंबाट एक-दुई घन्टाको यात्रामै पुग्न सकिन्छ। नगरकोटबाट सगरमाथा, धौलागिरि, कञ्चनजंघा, मनास्लु, गणेश, गौरीशंकर, मकालुजस्ता हिमाल र थुप्रै चुचुराहरू नियाल्न सकिन्छ। यहाँ सपरिवार जाँदा निकै रमाइलो हुन्छ। एक रात वास बसेर भोलिपल्ट बिहान सूर्योदय हेर्दै घुमफिर गरेर फर्कन सकिन्छ।

दमका रोगीले के कुरामा ध्यान दिने ?



डा. विवेकप्रभात शाह
वरिष्ठ फिजिसियन, विजयपुर हस्पिटल एन्ड रिसर्च, धरान



दम भन्नाले श्वासप्रश्वासमा अवरोध गर्ने रोग हो। प्रायः चुरोट बढी खाएकालाई बुढेसकालमा देखिने दम सिओपिडी हो। धुवाँमा पकाउने कुराले श्वासप्रश्वासमा अवरोध गर्दा पनि सिओपिडी हुन्छ। चुरोट नखानेहरूमा आज्मा नामक दम देखिने गर्छ। धुलो, धुवाँ र बाहिरी वातावरणको असरस्वरूप श्वासनलीका नसाहरू साँघुरो भएर हुने आज्मा हुन्छ।

मुख्य समस्या

- स्याँस्याँ हुने, खोकी लाग्ने।
- कहिलेकाहीं छाती दुख्ने।
- ज्वरो आउने, पाकेको खकार आउने।

ध्यान दिनुपर्ने कुरा

- धुवाँ, धुलो र चिसोबाट बच्ने।
- निमोनियाको भ्याक्सिन हरेक पाँच-पाँच वर्षमा र इन्फ्लुइन्जाको भ्याक्सिन हरेक वर्ष लगाउनुपर्छ।
- धूम्रपान नगर्ने।
- धुवाँमा बसेर पकाउन कम गर्ने। पकाउनै परेमा खुला स्थान, धुवाँ सजिलै बाहिर जाने स्थानमा बसेर पकाउने। धुवाँरहित चुलोमा बसेर पकाउने।

प्रोटिनजन्य खानेकुरा, जस्तै- गेडागुडी, दाल, अन्डा, बोसो नभएको मासु खाने। दीर्घरोगीलाई प्रोटिनजन्य खानेकुराले इन्फेक्सनबाट लड्न मद्दत पुऱ्याउँछ।

एरोबिक्स गर्दाका फाइदा

नियमित रूपमा एरोबिक्स गर्नुका धेरै फाइदा छन्। यसले मुटु र फोक्सो स्वस्थ राख्न मद्दत गर्छ। त्यस्तै, तौल व्यवस्थापनमा पनि सहयोग गर्छ। मुड फ्रेस राख्न, शरीरलाई ऊर्जावान् बनाउन, तनाव घटाउन, स्टामिना र रोगप्रतिरोधी क्षमता बढाउन यसले भूमिका खेल्छ।

एरोबिक्स हिँडेर, साइक्लिङ गर्दै, नाचेर वा दौडेर पनि गर्न सकिन्छ। जसरी पनि गर्न सकिने भएकाले नै यो निकै लोकप्रिय भएको हो। एरोबिक्स जुनसुकै समयमा गर्न सकिन्छ। तर, बिहानको समयमा गर्दा नतिजा राम्रो आउँछ। एरोबिक्स गर्नुअघि शरीरलाई पाँच मिनेटजति हल्का वार्मअप गर्नुपर्छ।

एरोबिक्स डान्स आधा घन्टा वा त्यसभन्दा लामो समय गर्ने गरिन्छ। यो अभ्यासका दौरान विभिन्न गीतका स्टेपमा प्रशिक्षकले नचाउँछन्। घरमै बसेर पनि एरोबिक्स गर्न सकिन्छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८०/०७/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले ऋण कर्जा लिदाका बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखित तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएकोले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उल्लेखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने महानुभावहरुलाई समेत कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

लहान शाखा, सिराहा

ऋणीको विवरण

मुकेश कुमार चौधरी ना.प्र.नं. ५६२१२०१० जारी मिति २०५०/०८/२८, जि.प्र.का. सप्तरी बाबुको नाम : लछु चौधरी थारु बाजेको नाम : गालु चौधरी थारु स्थायी ठेगाना: मधुपट्टी -०२, सप्तरी **कर्जा शिर्षक : आवधिक कर्जा**	**सिताराम चौधरी** ना.प्र.नं. ८९९६२४९१/९५/३४९ जारी मिति २०५०/०५/१७, जि.प्र.का. सिरहा बाबुको नाम : लालु चौधरी बाजेको नाम : मोगेन चौधरी स्थायी ठेगाना: सोनमती मझौरा -०१, सिराहा

व्यक्तिगत जमानत दिनेको विवरण

शिव कुमार चौधरी ना.प्र.नं. ४३१७, जारी मिति २०६३/०३/१२, जि.प्र.का. सप्तरी बाबुको नाम : लछु चौधरी थारु बाजेको नाम : गालु चौधरी थारु स्थायी ठेगाना : मधुपट्टी -०२, सप्तरी	**चिन्ता देवी चौधरी** ना.प्र.नं. १५३००८/३९९ जारी मिति २०६३/१२/२६, जि.प्र.का. सिरहा बाबुको नाम : लछु चौधरी पतिको नाम : सिताराम चौधरी ससुराको नाम : लालु चौधरी स्थायी ठेगाना: सोनमती मझौरा -०१, सिराहा
संगीता कुमारी चौधरी ना.प्र.नं. १६१०९६/३७१ जारी मिति २०६८/०९/२२, जि.प्र.का. सप्तरी बाबुको नाम : चैतु चौधरी थारु पतीको नाम : शिव कुमार चौधरी ससुराको नाम : लछु चौधरी थारु स्थायी ठेगाना : मधुपट्टी -०२, सप्तरी	**मिना कुमारी चौधरी** ना.प्र.नं. ५०२६ जारी मिति २०५८/०५/१३, जि.प्र.का. सप्तरी बाबुको नाम : भुलाई चौधरी पतीको नाम : मुकेश कुमार चौधरी ससुराको नाम : लछु चौधरी थारु स्थायी ठेगाना : मल्हनिया -०६, सप्तरी
लछु चौधरी थारु ना.प्र.नं. २७२ जारी मिति २०४३/११/०३, जि.प्र.का. सप्तरी बाबुको नाम : गालु चौधरी थारु बाजेको नाम : किशान चौधरी स्थायी ठेगाना : मधुपट्टी -०२, सप्तरी	**गालो देवी थरुनी** ना.प्र.नं. २७३ जारी मिति २०४३/११/०६, जि.प्र.का. सप्तरी पतीको नाम : लछु चौधरी थारु ससुराको नाम : गालु चौधरी थारु स्थायी ठेगाना : मधुपट्टी -०२, सप्तरी

धितोको विवरण

घरजग्गाको विवरण

१. भुलाई चोधरीको छोरी, लछु चौधरी थारुको बुहारी, मुकेश कुमार चौधरीको पत्नी, मिना कुमारी चौधरीको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, सिसवनी न.पा./गा.वि.स. वडा नं ३ क स्थित कित्ता नं. ४४१ को क्षेत्रफल ०-५-१५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. गालु चौधरी थारुको नाती, लछु चौधरी थारुको छोरा, मुकेश कुमार चौधरी र मोगेन चौधरीको नाती, लालु चौधरीको छोरा, सिताराम चौधरी का संयुक्त नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, मधुपट्टी न.पा./गा.वि.स. वडा नं १ क स्थित कित्ता नं. २५ को क्षेत्रफल ०-११-३.५०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गोलबजार शाखा, सिरहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.र.न. २५३५ अन्तर्गत मिति २०६९/०५/२० मा दर्ता कायम भएको **नोरसाङ्ग कलेक्सन तथा जेनरल स्टोर्स** फर्म दर्ता ठेगाना : चन्द्रलालपुर -७, सिरहा स्थायी लेखा नं. ६००६८५१७९, मिति २०६९/०५/२० **प्रोप्राईटर : दिप कुमार लामा** ना.प्र.नं. ५३३/३६३५६, जारी मिति २०५९/०२/२२ जि.प्र.का. सिरहा बाबुको नाम : सोम लाल तामाङ बाजेको नाम : लक्ष्मी दोर्जे स्थायी ठेगाना : चन्द्रलालपुर -७, सिरहा **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**आशा कुमारी पाखिन** ना.प्र.नं. १८६५३९५९/६६४२० जारी मिति २०६२/०२/१६ जि.प्र.का. सिरहा बाबुको नाम : धावा पाखिन पतिको नाम : दिप कुमार लामा ससुराको नाम : सोम लाल तामाङ स्थायी ठेगाना : चन्द्रलालपुर -७, सिरहा

धितोको विवरण

घरजग्गाको विवरण

धावा पाखिनको छोरी, सोम लाल तामाङको बुहारी, दिप कुमार लामाको पत्नी, आशा कुमारी पाखिनको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिराहा जिल्ला, असनपुर न.पा./गा.वि.स. वडा नं ७ क स्थित कित्ता नं. ४४७४ को क्षेत्रफल ०-०-५-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गाईघाट शाखा, उदयपुर

ऋणीको विवरण	प्रोप्राईटरको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा प्रा.फ.र.नं. १४४/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०८ मा दर्ता कायम भएको **शिवम ट्रेडर्स** फर्म दर्ता ठेगाना : त्रियुगा न.पा. वडा नं. ३, उदयपुर स्थायी लेखा नं. ६०२३८३५६९ मिति २०७१/०५/१८ **प्रोप्राईटर : गोमा कार्की** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**गोमा कार्की** ना.प्र.नं. ४/१६१६७ जारी मिति २०५७/०१/२३, जि.प्र.का. सिन्धुली बाबुको नाम : शंकर बहादुर कार्की पतिको नाम : जनार्दन राउत ससुराको नाम : ज्ञान बहादुर राउत स्थायी ठेगाना : लदाभिर - १, सिन्धुली हालको ठेगाना : त्रियुगा न.पा. वडा नं. ७, उदयपुर

व्यक्तिगत जमानत दिनेको विवरण

जनार्दन राउत
ना.प्र.नं. ३०६४/२३९३७ जारी मिति २०४९/०४/२६, जि.प्र.का. उदयपुर
बाबुको नाम : ज्ञान बहादुर राउत
बाजेको नाम : नैन ध्वज राउत
स्थायी ठेगाना : भुमरसुवा - ८, उदयपुर
हालको ठेगाना : त्रियुगा न.पा. वडा नं. ७, उदयपुर

धितोको विवरण

शंकर बहादुर कार्कीको छोरी, ज्ञान बहादुर राउतको बुहारी, जनार्दन राउतको पत्नी, गोमा कार्कीको नाममा मालपोत कार्यालय गाईघाट, उदयपुरमा दर्ता श्रेष्ता कायम रहेको उदयपुर जिल्ला, भुमरसुवा न.पा./गा.वि.स. वडा नं ८ ख स्थित कित्ता नं. १२७९ र १४६५ को क्षेत्रफल क्रमश : ०-४-१९-० र ०-०-१९-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जनकपुर स्टेसन रोड शाखा, धनुषा

ऋणीको विवरण

१. नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरमा, प्रा.फ.र.नं. २३६३/३९७/०६७/०६८ अन्तर्गत मिति २०६७/११/११ मा दर्ता कायम भएको **जय माँ जानकी इलेक्ट्रीकल एण्ड सप्लायर्स**
फर्म दर्ता ठेगाना : जनकपुर न.पा. वडा नं.०२, धनुषा
स्थायी लेखा नं. ३०४५३८८२९, मिति २०६७/११/११
प्रोप्राइटर : उमा केजरीवाल
कर्जा शिर्षक : ओभरड्राफट तथा डिमाण्ड कर्जा

२. नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य तथा आपुर्ति व्यवस्थापन विभागमा प्रा.फ.र.नं. ९९०९/१२१३/०७३/७४ अन्तर्गत मिति २०७४/०१/१४ मा दर्ता कायम भएको **माँ जानकी टाइल्स एण्ड सेनेटरी हाउस**
फर्म दर्ता ठेगाना : जनकपुर उ.म.न.पा. -०२, धनुषा
स्थायी लेखा नं. ३०४५३८८२९, मिति २०७४/०१/१४
प्रोप्राइटर : उमा केजरीवाल
कर्जा शिर्षक : ओभरड्राफट तथा डिमाण्ड कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

उमा केजरीवाल ना.प्र.नं. १७१९०२/१३९८ जारी मिति २०६७/०५/२७ जि.प्र.का. धनुषा बाबुको नाम : गोपाल प्र. खेतान पतिको नाम : रोहीत कुमार केजरीवाल ससुराको नाम : सुरज मलल केजरीवाल स्थायी ठेगाना : जनकपुर न.पा. -०२, धनुषा	**रोहीत कुमार केजरीवाल** ना.प्र.नं. १७३०६५/८७४ जारी मिति २०६३/१२/०३, जि.प्र.का. धनुषा बाबुको नाम : सुरज मलल केजरीवाल बाजेको नाम : भगिरत मलल केजरीवाल स्थायी ठेगाना : जनकपुर -०२, धनुषा

धितोको विवरण

घरजग्गाको विवरण

गोपाल प्र. खेतानको छोरी, सुरज मलल केजरीवालको बुहारी, रोहीत कुमार केजरीवालको पत्नी, उमा केजरीवालको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं १ स्थित कित्ता नं. ४१ को क्षेत्रफल ०-०-११-२.७५ विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्ने छ। साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ। सम्पत्ति नामसारी भईसकेपछि साबिकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभोग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमा नै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अड्चनहरु समाधान पश्चात् धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्द गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ। यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ। यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८०/०७/१६ (कार्यालय समयभित्र)
बोलपत्र खोलिने मिति : २०८०/०७/१७
समय : दिउँसो १:०० बजे
स्थान : सम्बन्धित शाखामा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

मानवजातिको साझा भाग्य निर्माणमा सहकार्यको खाँचो

मानवजातिको साझा भाग्यको समष्टिगत निर्माणका लागि विश्वका सबै देशबीच एकता हुनुपर्छ र सबैले सुशासन अवलम्बन गर्नुपर्छ



● चेन सोङ
अग्रलेख

अहिलेको युग आशा र चुनौती दुवैले भरिएको छ। इतिहासको चौबाटोमा उभिएका हामी आपसमा मिलेर जाने हो अथवा विभाजित हुने हो या थप खुला हुँदै जाने हो ? आफूलाई अरूबाट अलग्याउँदै जाने हो वा अरूसँग सहकार्य गर्दै जाने हो अथवा अरूको विरोध गर्दै जाने हो ? हामीले गरेका विवेकसम्मत चयनले सम्पूर्ण मानवजातिको हितलाई प्रभाव पार्छ। वास्तवमा यी प्रश्नले प्रत्येक देशको ज्ञानविवेकको पनि परीक्षा लिइरहेका छन्।

अहिले विश्वमा विभिन्न देशबीचको आपसी सम्बन्ध र अन्तर्निर्भरता अभूतपूर्व रूपमा गहिरिएको छ। मानवजाति एउटै पृथ्वी ग्रहमा एकै समयमा बाँचिरहेको छ। सम्पूर्ण मानवजातिको साझा भाग्यको समष्टि बन्दै गइरहेको छ। १० वर्षअघि चिनियाँ राष्ट्रपति सी जिनपिङले मानवजातिको साझा भाग्यको समष्टि निर्माण गर्ने अवधारण प्रस्तुत गर्नुभएको थियो। त्यसको उद्देश्य 'मानवजाति कतातिर गइरहेको छ ?' भन्ने विश्वको प्रश्न, इतिहासको प्रश्न र युगको प्रश्नको जवाफ दिनु थियो, अलमलमा परिरहेको विश्वलाई बाटो देखाउनु थियो। त्यो विभिन्न देशका जनता हातमा हात मिलाई आफ्नो वासस्थानको रक्षा र समृद्धिशाली सुन्दर भविष्यको साझा उपभोगका लागि प्रस्तुत गरिएको चिनियाँ सूत्र थियो।

मानवजातिको साझा भाग्यको समष्टिको निर्माण गर्नु भनेको हरेक जाति, देश र व्यक्तिको भविष्य र भाग्यलाई जोड्नु हो; हरेक कठिनाइमा एकसाथ रहनु हो, सम्मान र अपमानलाई एकसाथ रहेर भोग्नु हो। पृथ्वीलाई एक सामञ्जस्यपूर्ण विशाल परिवारमा रूपान्तरण गरी दीर्घ शान्तिपूर्ण, सुरक्षित, साझा समृद्धिशाली, खुला एवं समावेशी स्वच्छ सुन्दर विश्वको निर्माणलाई अघि बढाई हरेक देशका जनताको सुन्दर यथार्थमा बदल्नु विश्वको निर्माणलाई सुन्दर जीवनप्रतिको चाहनालाई यथार्थमा बदल्नु हो भन्ने धेरै देश र जनताले बुझ्न थालेका छन्। यो अवधारणा सम्पूर्ण मानवजातिको साझा हितसँग जोडिएको छ, यसले विश्वका जनताको शान्ति, सत्य र उन्नतिप्रतिको चाहनाको प्रतिनिधित्व गर्छ। यो हरेक देशका जनताको संयुक्त रूपमा सुन्दर विश्व निर्माण गर्ने अभिलाषाको एकत्रित अभिव्यक्ति हो। हरेक देशको एकता, सहकार्य, मानवजातिको सुन्दर भविष्यको संयुक्त निर्माणमा यसले महत्त्वपूर्ण अर्थ राख्छ।

चीन प्रस्तावकका साथै प्रवर्द्धक पनि हो : नयाँ अवधारणाले नयाँ कार्यलाई सम्भव बनाउँछ र नयाँ कार्यदिशाले परिणाम सुनिश्चित गराउँछ। १० वर्षअघि चीनले पूर्ण विश्वास र ठोस कार्यद्वारा संयुक्त रूपमा बिआरआईको उच्चगुणस्तरीय निर्माणलाई अघि बढाउँदै वैश्विक विकाससम्बन्धी, वैश्विक सुरक्षासम्बन्धी र वैश्विक सभ्यतासम्बन्धी प्रस्तावना प्रस्तुत गरेको थियो। यसबाट चीनले बढीभन्दा बढी देश र क्षेत्रसँग हातमा हात मिलाई संयुक्त रूपमा मानवजातिका भाग्यको समष्टिको निर्माण, वैश्विक चुनैतीको सामना र वैश्विक सुशासनलाई परिमार्जन गर्दै लैजान ज्ञान र शक्ति प्रदान गरी मानवजातिको शक्ति र विकास कार्यमा अझ ठूलो योगदान पुऱ्याएको छ।

१० वर्षयतादेखि चीनले विश्वका तीनचौथाइ देश र ३२ अन्तर्राष्ट्रिय संघसंस्थासँग बिआरआईको संयुक्त निर्माणसम्बन्धी कागजपत्रमा हस्ताक्षर गरिसकेको छ। चीनले अघि सारेको बिआरआईमा देशसँगको उत्पादित वस्तुहरूको व्यापार परिमाण १० खर्ब ४० अर्ब अमेरिकी डलरबाट बढेर १० खर्ब ७० अर्ब अमेरिकी डलर पुगेको छ। यसको प्रतिवर्ष वृद्धिदर आठ प्रतिशत पुगेको छ। त्यस्तै, बिआरआईमा पर्ने देशहरूसँगको आपसी लगानी रकम दुई खर्ब ७० अर्ब अमेरिकी डलर नाघेको छ। चिनियाँ कम्पनीहरूले बिआरआईमा पर्ने देशहरूमा निर्माण गरेको आर्थिक व्यापारिक सहकार्य क्षेत्रले ती देशमा चार लाख २१ हजारभन्दा बढी रोजगारी सिर्जना गरेका छन्।

चीनले वैश्विक विकासको प्रस्तावना अघि सारी संयुक्त राष्ट्रसंघको सन् २०३० को दिगो विकासको एजेन्डालाई साकार तुल्याउन सक्दो प्रयास गरेको छ, विकाससम्बन्धी जटिल समस्याको समाधान र वैश्विक विकास कार्यका लागि चिनियाँ शक्ति प्रदान गरेको छ। चीनले वैश्विक विकाससम्बन्धी प्रस्तावना कार्यान्वयन गर्न ३२ वटा महत्त्वपूर्ण कदम उल्लेख गरेको छ, जसमा 'वैश्विक विकास र दक्षिण-दक्षिण सहकार्यको फन्ड' खडा गर्ने बुँदा पनि समाविष्ट छ। सो फन्डको पुँजी चार अर्ब अमेरिकी डलर रहेको छ। अहिलेसम्म सयभन्दा बढी देश र अन्तर्राष्ट्रिय संघसंस्थाले वैश्विक विकाससम्बन्धी प्रस्तावनाको समर्थन गरिसकेका छन्। ७० भन्दा बढी देश संयुक्त राष्ट्रसंघमा स्थापना गरिएको 'वैश्विक विकाससम्बन्धी प्रस्तावनाको मैत्री समूह'मा सम्मिलित भएका छन्। चीनले वैश्विक सुरक्षासम्बन्धी प्रस्तावना पनि प्रस्तुत गरेको छ। सो प्रस्तावना संवाद गर्ने प्रतिरोध नगर्ने, सहकार्य गर्ने, सैन्य संगठन नबनाउने, एक पक्ष जित्ने र अर्को पक्ष हार्ने नभई दुवै पक्षको जित हुने नवीन प्रकारको वैश्विक सुरक्षासँग सम्बन्धित छ।

> आफ्नो वासस्थानको रक्षा र समृद्धिशाली सुन्दर भविष्यको साझा उपभोगका लागि प्रस्तुत गरिएको चिनियाँ सूत्रको अवधारणा सम्पूर्ण मानवजातिको साझा हितसँग जोडिएको छ, यसले विश्वका जनताको शान्ति, सत्य र उन्नतिप्रतिको चाहनाको प्रतिनिधित्व गर्छ

विश्व रंगमञ्चमा देखा परिरहने जल्दाबल्दा समस्या समाधानका लागि चीनले सधैं जिम्मेवार भूमिका निर्वाह गर्दै आएको छ। चीनको मध्यस्थतामा साउदी अरब र इरानबीच ऐतिहासिक शान्तिवार्ता सम्पन्न भई मध्यपूर्व क्षेत्रमा शान्तिको लहर उत्पन्न भयो। चीनले वैश्विक सभ्यतासम्बन्धी प्रस्तावना प्रस्तुत गरी संयुक्त रूपमा वैश्विक सभ्यता र त्यसको विविधताको सम्मान गर्नुपर्ने, मानवजातिको साझा मूल्य-मान्यताको सम्मान गर्नुपर्ने, सभ्यताको निरन्तरता र नवनिर्माणमा जोड दिनुपर्ने, अन्तर्राष्ट्रिय सांस्कृतिक आदानप्रदान र सहकार्य बढाउनुपर्ने आदि विषयमा जोड दिएको छ। अन्तर्राष्ट्रिय समुदायले तीन वैश्विक प्रस्तावनाको मूल्यांकन गर्दै भनेको छ, ती प्रस्तावनामा चीनको वैश्विक दृष्टिक्षेत्र र दिनानुदिन बढ्दै गएको चीनको अन्तर्राष्ट्रिय प्रस्तावनामा प्रभाव प्रतिबिम्बित भएको छ र तिनले मानवजातिले सामना गरिरहेका जटिल समस्याको समाधानका लागि एक विस्तृत उपाय प्रस्तुत गरेको छ। चीन-नेपाल सम्बन्ध मानवजातिको साझा भाग्यको समष्टि निर्माणको सजीव चित्रण हो। चीन र नेपाल नदी र पहाडले जोडिएका छन्। दुई देशबीचको मैत्री युगौं पुरानो छ। सन् २०१९ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले गरेको नेपालको ऐतिहासिक राजकीय भ्रमणपछि चीन र नेपालको सम्बन्धमा स्तरोन्नति भई 'विकास र समृद्धितर्क बढ्ने युगौंको मैत्रीपूर्ण रणनीतिक सहकार्य र सहकर्मीको सम्बन्ध' बन्न पुगेको छ। यस वर्षको सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सि जिनपिङ र नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हाङजाऊमा भएको सफल भेटवार्तामा नयाँ समझदारी भई चीन-नेपाल सम्बन्ध र सहकार्यको नयाँ बृहत् खाका कोरिएको छ।

सन् २०१७ मा चीन र नेपालले बिआरआईको संयुक्त रूपमा निर्माणसम्बधी समझदारी पत्रमा हस्ताक्षर गरेपछि दुई देशबीच ठोस सहकार्य महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्। दुई देशका नीति-निर्माणमा आपसी समझदारी बढेको छ। आर्थिक व्यापारिक आदानप्रदानका संयन्त्र अझ परिमार्जित भएका छन्। कनेक्टिभिटीसम्बन्धी परियोजना अझ प्रभावकारी भएका छन्। तिनले सुक्खा बन्दरगाह, राजमार्ग, हवाईमार्ग, दूरसञ्चार आदि क्षेत्रमा त्रिआयामिक कनेक्टिभिटी सञ्जाल निर्माण भई नेपालको भूपरिवेष्टित देशबाट भूजडित देशमा रूपान्तरित हुने सपनालाई साकार बनाउन टेवा पुऱ्याइरहेका छन्। भविष्यमा चीन र नेपालसँग एकसाथ चिनियाँ राष्ट्रपति सी जिनपिङले सन् २०१९ मा नेपालको भ्रमण गर्दाका उपलब्धि र दुई देशका नेताबीच भएका समझदारीलाई साकार बनाउने, बिआरआई सहकार्यलाई उच्च गुणस्तरमा अघि बढाउने, नेपाललाई कृषि आधुनिकीकरण, ऊर्जामा स्वावलम्बन तथा उत्पादनको स्तरोन्नतिमा सहयोग पुयाई देशको स्वतन्त्रता र आर्थिक आत्मनिर्भरताको अझ राम्रोसँग रक्षा गर्न सक्षम बनाउन चाहन्छ।

उज्यालोको किरण आफैं आउँदैन। त्यसका लागि सबैले एक साथ धेरै परिश्रम गर्नुपर्छ। मानवजातिको साझा भाग्यको समष्टिगत निर्माण भन्नासाथ तुरुन्तै हुँदैन। त्यसका लागि विश्वका सबै देशबीच एकता हुनुपर्छ। विश्वभर सबैले सुशासनको अवलम्बन गर्नुपर्छ। संयुक्त रूपमा आफ्नो वासस्थान निर्माण गर्नुपर्छ। नेपाललगायत विश्वका सबै देशसँग एकता गर्दै सहकार्य बढाई चीन मानवजातिको उन्नति र आधुनिकीकरणको प्रक्रियामा अझ बढी र थप महत्त्वपूर्ण भूमिका निभाउन चाहन्छ। मानवजातिको साझा भाग्यको समष्टिको निर्माणलाई अघि बढाउन अझ ठूलो योगदान गर्दै आपसमा हातमा हात मिलाई मानवजातिको अझ सुन्दर भविष्य सिर्जना गर्न चाहन्छ।

(सोङ नेपालका लागि चिनियाँ राजदूत हुन्)

---

३ प्रश्न

गैरआवासीय नेपाली संघ (एनआरएनए) का निवर्तमान उपाध्यक्ष **डिबी क्षेत्री**लाई



गैरआवासीय नेपालीलाई दिइने गैरआवासीय नागरिकताको के कस्ता महत्त्व छन् ?

यसको निकै ठुलो महत्त्व छ। तत्कालका लागि यसको ठुलो महत्त्व देखिई हालेन भने पनि भविष्यमा यसको महत्त्व देखिनेछ। खासगरी यस्तो नागरिकता नहुँदा विदेशमा रहेका नेपालीको पहिलो पुस्ता त स्वदेशको मायाले फर्किएला पनि। तर, उतै जन्मेको दोस्रो या तेस्रो पुस्तामा चाहिँ नेपालप्रतिको माया, ममता र अपनत्व विकास हुन सकेको थिएन। नागरिकता पाएपछि उनीहरूले पनि यो देशप्रतिको अपनत्व बोध गर्नेछन्। साथै, यसबाट गैरआवासीय नेपालीलाई यहाँ रहेको आफ्नो धनसम्पत्ति सुरक्षित गर्ने र थप सम्पत्ति भित्र्याउने वातावरण बन्छ। यसले बिदेसिएका नेपालीलाई बालबच्चासहित स्वदेश फर्किन प्रेरित गर्छ।

गैरआवासीय नेपालीले नागरिकता नपाउँदाका अप्ठ्यारा कस्ता थिए ?

गैरआवासीय नेपालीले नागरिकता नपाउँदा आफूलाई अर्को देशको नागरिक ठान्नुपर्ने अवस्था थियो। यहाँ रहेको उनीहरूको धनसम्पत्ति र लगानी सुरक्षित नहुने र आफन्तहरूले नै जालझेल गर्ने अवस्थासमेत थियो। उतै जन्मेको पुस्ताले यता आउँदा भिसा लिएर आउनुपर्ने अवस्था थियो। लगानीका लागि सहज वातावरण थिएन।

देशको समृद्धिमा गैरआवासीय नेपालीले कस्तो योगदान पुऱ्याउन सक्छन् ?

गैरआवासीय नेपालीले रेमिट्यान्स भित्र्याएर देशको अर्थतन्त्रमा ठुलो योगदान दिइरहेका छन्। साथै, उनीहरूले उता सिकेका सीप, दक्षता, प्रविधि र लगानी भित्र्याएर देशको समृद्धिमा योगदान दिन सक्छन्। आआफ्नो क्षेत्रमा स्वदेशी संस्कार र संस्कृतिको प्रवर्धन गर्न सक्छन्।

प्रेरक प्रसंग

म नै किन ?

विश्व नम्बर १ पूर्वटेनिस खेलाडी आर्थर एस (१० जुलाई, १९४३ - ६ फेब्रुअरी, १९९३), त्यस्ता अश्वेत पुरुष खेलाडी हुनु, जसले विम्बल्डन, अस्ट्रेलियन ओपन र युएस ओपनको उपाधिमाथि कब्जा जमाएका थिए। सानदार टेनिस करिअरपछि उनको जीवनमा यस्तो भयानक मोड पनि आयो, जसमा उनी एचआइभी एड्सजस्तो प्राणघातक रोगका सिकार भए। एक शल्यक्रियाका क्रममा भूलवश संक्रमित रगत चढाइँदा उनी यस्तो रोगको सिकार भएका थिए।



आर्थर एस एड्ससित जुधिरहेको समयमा विश्वका कुनाकुनाबाट उनलाई सहनुभूतियुक्त पत्र आइरहन्थे। अस्पतालको बेडमा उपचाररत रहँदा एस ती पत्र पढ्थे र सम्भव भएसम्म जवाफ पनि पठाउँथे। एकपटक यस्तै एउटा पत्र एसको हातमा पऱ्यो। एक शुभचिन्तकले पत्रमा लेखेका थिए- तपाईंजस्ता महान् खेलाडीको यो अवस्थाबारे सुन्दा मलाई निकै दुःख लागेको छ। म जहिल्यै तपाईंको सुस्वास्थ्यका लागि भगवान्सित प्रार्थना गरिरहेको हुनेछु। के तपाईंले कहिल्यै भगवान्सित यो प्रश्न गर्नुभएको छैन- भगवान्, यो घातक रोगका लागि म नै किन ?

पत्र पढेपछि एस एकछिन गम्भीर भए र पत्रको उत्तर लेखे- विश्वमा पाँच करोडभन्दा बढी बालबालिकाले टेनिस खेल्न सुरु गर्छन्। उनीहरूमध्ये पाँच लाखजति मात्र व्यावसायिक रूपमा टेनिस सिक्न सफल हुन्छन्। तीमध्ये पचास हजार मात्र टेनिस जगत्मा आउन सफल हुन्छन्। तीमध्ये पाँच हजारले मात्र ग्रान्डस्लाम खेल्ने मौका पाउँछन्। ती ग्रान्डस्लाम खेल्नेमध्ये ५० जना मात्र विम्बल्डनमा पुग्न सफल हुन्छन्। जसमध्ये चारजना मात्र त्यसको सेमिफाइनलमा र दुईजना मात्र फाइनलमा पुग्छन्। यति धेरै मानिसमध्ये विम्बल्डनको उपाधि जितेर ट्रफी उचाल्दै गर्दा जब मैले भगवान्सित 'म नै किन' भनेर सोधिनँ भने आज जब म समस्यामा छु, यतिखेर मैले भगवान्सित 'म नै किन' भनेर कसरी सोध्न सक्छु ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेवानिले जहाज मात्र किन्ने हो ?

नेपाल वायु सेवा निगम (नेवानि) ले नयाँ जहाज खरिद गर्ने समाचार सुनियो। ४८ अर्ब ऋणमा डुबेको नेवानिले फेरि नयाँ १० वटा जहाज किनेर राज्यलाई ऋणभार थप्दै छ। आम्दानी नगर्ने तर नयाँ जहाज मात्र किनेर कहिलेसम्म निगम व्यवस्थापन र कर्मचारीलाई पोसिरहने हो ? जहिले पनि नयाँ जहाज किन्ने, पुराना जहाज ग्राउन्डेड गराएर थन्क्याउने लापरबाही कहिलेसम्म होला ? नयाँ जहाज किन्दा कमिसन आउँछ अनि पुराना किन मर्मत गर्ने भन्ने सोच कर्मचारीमा देखिन्छ। यति लामो इतिहास बोकेको निवानि जहिल्यै घाटामा गएको भन्नेबाहेक केही सुनिँदैन। नेवानि घाटामा चाहिँ कसरी जान्छ ? यस विषयमा चाहिँ खोजी गर्नुपर्दैन ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

च्याङ्ग्रा किन महँगो ?

दसैंको मुखमा देशका हिमाली क्षेत्र तथा तिब्बतबाट समेत नेपालका विभिन्न सहरबजारमा च्याङ्ग्रा ल्याई बिक्री वितरण गरिँदै आएको छ। यो हरेक वर्ष चलिरहने प्रक्रिया हो। यस वर्ष पनि व्यवसायीहरूले देशका प्रमुख सहरबजारमा च्याङ्ग्रा उपलब्ध गराइरहेका छन्। तर, त्यसरी उपलब्ध च्याङ्ग्रा सामान्य उपभोक्ताले आँट्नै नसक्ने गरी महँगो भएको गुनासो सबैतिरबाट सुनिन्छ। यदि एक केजी च्याङ्ग्राको मासुको मूल्य तीन हजारसम्म पर्न थाल्यो भने त्यो महँगो भएन र ?

● **अमित कार्की**
हेटौंडा-३, मकवानपुर

महँगी र अभावले सतायो

नेपालीले मान्ने सबैभन्दा ठूला चाडपर्व नजिकै छन्। दसैं आई नै सक्यो। तिहार, छठजस्ता पर्व सन्निकट छन्। यस्तो अवस्थामा नेपालीले आआफ्नो गच्छेअनुसार चाडबाड मनाउने र परिवारको खुसीका लागि राम्रै रकम खर्च गर्ने गर्छन्। तर, पछिल्लो समयमा नेपाली बजारमा बढेको चर्को र अनियन्त्रित मूल्यवृद्धिले नेपालीलाई निकै सताएको छ। एकातिर महँगी अकासिँदै छ भने अर्कातिर बजारमा उपभोग्य सामग्रीको चरम अभावसमेत छ। यसतर्फ राज्यले ध्यान दिनुपर्दैन ?

● **वनिता महर्जन**
खुसिबु, काठमाडौं

दसैंको टीकाको साइतबारे प्रश्न

पञ्चांग निर्णायक समितिले दसैंको टीकाको साइत बिहान ११ बजेर २ मिनेटमा धनु लग्न र कुम्भ राशिको समय पारेर सम्प्रेषण गरेको रहेछ। एकातिर शनि र चन्द्र योग तथा अर्कातिर सूर्य, मंगल र बुधको योग पारेर साइत तय गरिएको रहेछ। एक त दसैंको टीका ग्रहण दिउँसो गर्नै हुँदैन। धर्मसिन्धु वा निर्णयसिन्धुमा स्पष्ट लेखिएको छ- इषत्सन्ध्यामतिक्रान्तः किञ्चिदुद्भिन्न तारकः। विजयो नाम लोकायां सर्वकार्यार्थ सिद्धि दः। अर्थात् सन्ध्याकालमा जब तारा उदय हुन्छ, तब विजयादशमी सार्थक हुन्छ, किनकि अपराह्न अपराजिता अर्थात् अपराजिता देवीको अपराह्न (१२ बजेपछि) मा पूजा गरेर देवी विसर्जन गरेपछि प्रसादका रूपमा टीका ग्रहण गरिने हुँदा टीका सन्ध्याकालमा गर्नु भनी उल्लेख गरिएको हो।

दसैंमा टीका बनाउँदा अधिक रातो अबिरको प्रयोग हुन्छ। दिनमा रातो टीका लगाउँदा मंगल ग्रहको अधिकतम 'करेन्ट' प्रवाह हुन गई अनेक प्रकारका दुष्परिणाम आउन सक्ने हुनाले साँझमा टीका ग्रहण गर्नू या गराउनू भनिएको हो। निर्णयसिन्धुले नवमीमा श्रवण नक्षत्र पाइएमा साँझमा र एकादशीमा श्रवण पाइएमा बिहानको साइतमा टीका लगाउनू भनेको छ। तर, समितिले दिएको समय धनिष्ठा नक्षत्रको तेस्रो पाउ अर्थात् 'गे' अक्षरतिर पुऱ्याएको छ। यस्तो साइतमा टीका लगाउँदा जनतालाई कष्ट, विद्रोह, लडाइँ, झगडा, मरिमराउ पनि हुन सक्छ। केही यही हो त उत्तम साइत ?

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य', सूर्यविनायक, भक्तपुर
shukracharya@yahoo.com.au

खाद्य संकटजनित सामाजिक अशान्तिको सँघारमा बेलायत

खाद्यान्नको विविधतालाई सुदृढ पार्न स्रोत-साधनको कुशल प्रयोग र जगेडा भण्डारण एवं भरपर्दो वितरण प्रणाली आवश्यक छ



देश / विदेश
● सारा ब्रिडल ● एलेड जोन्स

कोभिड महामारीमा बेलायतका सुपरमार्केटमा खाद्य सामग्रीको हाहाकार भयो। महामारीले निम्त्याएको खाद्यान्न आपूर्ति संकटले अराजकता सिर्जना गर्न सक्ने देखियो। के महामारीबाहेक अन्य कारणबाट भविष्यमा खाद्यान्न आपूर्तिजनित समस्या निम्तिन सक्छ ? अनि यस्ता समस्याले समाजका लागि के अर्थ राख्छ ?

हाम्रो नयाँ अध्ययनमा हामीले यी प्रश्नको जवाफ खोजेका थियौं। यो अध्ययनका लागि बेलायतका ५८ प्रमुख खाद्यविज्ञलाई सर्वेक्षणमा सहभागी गरिएका थियौं। यी विज्ञले शिक्षा, नीति, परोपकारी संस्था र व्यापारसहित विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्थे। हाम्रो अध्ययनले उग्र मौसमी घटनाबाट उत्पन्न हुने खाद्यान्न अभावले आगामी ५० वर्षभित्र बेलायती समाजमा व्यापक अशान्ति निम्त्याउन सक्ने देखाएको छ। गहुँ, ब्रेड, पास्ता र अनाजजस्ता मुख्य कार्बोहाइड्रेटको अभाव यस्तो अशान्तिको सबैभन्दा ठूलो कारक हुनेछ।

हाम्रो अध्ययनले बेलायतलाई भविष्यमा खाद्यान्न अभावसँग सम्बन्धित जोखिमका लागि तयारी गर्न र प्रतिक्रिया दिन मद्दत गर्ने योजना विकासको महत्त्वलाई जोड दिन्छ।

विज्ञ सर्वेक्षण : हामीले खाद्यविज्ञलाई बेलायतमा एक वर्षको अवधिमा प्रदर्शन वा हिंसात्मक लुटपाटजस्ता घटनामार्फत ३० हजारभन्दा बढी मानिसले हिंसात्मक चोटपटक भोग्नुपर्ने परिदृश्यको सम्भावनाबारे सोधेका थियौं। जवाफमा ४० प्रतिशत उत्तरदाताले यस्तो परिदृश्य १० वर्षभित्र 'सम्भावित' वा 'हुने सम्भावना ५० प्रतिशतभन्दा बढी' रहेको भनेर जवाफ दिएका थिए। आउँदो ५० वर्षमा ८० प्रतिशत उत्तरदाताले बेलायतमा सामाजिक आशान्ति हुने सम्भावना अधिक रहेको जनाएका थिए। त्यसैगरी विशेषज्ञलाई खाद्य प्रणाली संकटको सम्भावित कारक र सामाजिक अशान्तिसँगको सम्बन्धबारे प्रश्न गरिएको थियो। खाद्य संकट सामान्य खाद्यान्न अभावले हुन्छ वा स्थानीयकृत भोकमरी निम्त्याउने खाद्य वितरणमा हुने समस्याका कारणले हुन्छ भनेर प्रश्न गरेका थियौं। भविष्यका ५० वर्षअगाडि हेर्दा अधिकांश विज्ञ अर्थात् ५७ प्रतिशतले बेलायतको जनसंख्यालाई आवश्यक खाद्यान्नको अभाव प्राथमिक चिन्ताको विषय हुने संकेत गरेका छन्। उत्तरदाता यो अभावका पछाडि विनाशकारी कृषि उत्पादन संकलनलाई दोष दिन्छन्। चरम मौसम, आँधीबेहरी, बाढी, हिउँ र खडेरी भविष्यमा खाद्यान्न आपूर्तिको अभाव एवं वितरण चुनौतीका लागि प्रमुख जिम्मेवार कारकका रूपमा देखिएका छन्। र, यो कारक १० र ५० वर्षको दृष्टिकोण दुवैका लागि सही थियो।

पहिल्यै जोखिममा बेलायत : ८० प्रतिशत फलफूल, ५० प्रतिशत तरकारी र २० प्रतिशत गई एवं र कुखुराको मासुसहित बेलायतको खाद्य आपूर्तिको आधाभन्दा बढी हिस्सा आयातमा निर्भर छ। आयात र आपूर्ति शृंखलामा कुनै पनि किसिमको अवरोधले बेलायतमा खाद्यान्न उपलब्धतामा महत्त्वपूर्ण प्रभाव पार्न सक्छ। खाद्यान्नको उपलब्धतामा हुने गिरावटले मूल्यवृद्धि र सम्भावित रूपमा सामाजिक अशान्ति निम्त्याउन सक्छ। कोभिड, ब्रेक्जिट र जीविका लागत संकटका कारण बेलायतमा आयात र आपूर्ति शृंखला अवरोधको जोखिमलाई बढाइदिएको छ। अप्रिल र अगस्ट २०२२ को अवधिमा मुद्रास्फीतिले घरायसी आम्दानी जकडेको थियो। यस अवधिलाई बेलायतमा कार्यरत आधाभन्दा बढी स्वतन्त्र खाद्य बैंकले उल्लेखनीय ढंगले लाभार्थी बढेको पाएको थियो। यी खाद्य बैंकअनुसार आफूले सहयोग गरिरहेका मानिसमा २५ प्रतिशत मानिस पहिलोपटक सेवा लिन आएका थिए।

बारम्बार भइरहने र प्रायः जलवायु परिवर्तनसँग जोडिएको चरम मौसमले चाँडै बाली उत्पादन संकलनमा विफलता निम्त्याउन सक्छ। हालैका वर्षको खाद्यान्नमा आएको ह्रासले यसलाई पुष्टि गर्छ। उदाहरणका लागि सन् २००७ मा अस्ट्रेलिया, भारत र अमेरिकामा खडेरी, बाढी र गर्मीको लहरका कारण विश्वव्यापी खाद्यान्न उत्पादनमा आठ प्रतिशतले गिरावट आएको थियो। यी घटनासँगै न्यून विश्वव्यापी खाद्यान्न भण्डारण, वित्तीय अनुमान र उच्च उर्वर मूल्यले खाद्यान्नको मूल्य दोब्बरभन्दा बढी हुन पुग्यो। वास्तवमा खाद्य संकटले ३० भन्दा बढी देशमा खाद्यान्न दंगा निम्त्याएको थियो। बेलायतमा खाद्यान्न अभावका कारण हुने सामाजिक अशान्तिको जोखिम कम गर्न खाद्य गरिबीलाई सम्बोधन गर्न आवश्यक छ। मानिसले उपलब्ध खाद्यान्नमा पहुँच र खरिद सुनिश्चित गरेर मात्रै समय क्रममा समुदाय, सरकार र खाद्य आपूर्ति शृंखलाबीच विश्वास निर्माण गर्न सकिन्छ।



तस्बिर : बेबी-स्पाइडर/सटरस्टक

खाद्य प्रणाली पुनः निर्माण गर्ने : प्रभावकारिता मात्रै नभई बेलायतलाई लचिलोपनका लागि पनि तयार गरिएको खाद्य प्रणाली आवश्यक छ। सरकारी एजेन्सी र व्यवसायले खाद्य प्रणालीलाई धक्का दिने अवस्थाका लागि बलियो विकल्प एवं कोष खडा गर्नुपर्छ। यसमा क्षतिग्रस्त माटो र परागकण वासस्थानलाई पुनरुत्थान गर्ने, खाद्य आपूर्ति शृंखलामा श्रम अवस्था बढाउने र दिगो खेती विधिलाई दिइने प्राथमिकतालाई समावेश गर्नुपर्छ। खाद्यान्नको विविधतालाई सुदृढ पार्ने काम, स्रोतसाधनको कुशल प्रयोग र जगेडा भण्डारण एवं वितरण प्रणालीको थप लचिलोपन खाद्य प्रणालीका लागि आवश्यक छ। हामीले जलवायु परिवर्तनका प्रतिकूल नतिजालाई न्यूनीकरणका लागि हाम्रा प्रयासलाई तीव्र बनाउनुपर्छ किनभने यो जलवायु परिवर्तन भविष्यमा खाद्यान्न आपूर्तिमा अवरोध र वितरण चुनौती निम्त्याउने सबैभन्दा ठूलो सम्भावित कारक हो।

कोभिड महामारीले महत्त्वपूर्ण खाद्य वितरणमा चुनौती खडा गरेको थियो र यसले हामीलाई ठूलो पाठ सिकाएको थियो। लचिलो र प्रभावकारी खाद्य प्रणाली निर्माणले भविष्यमा हुने संकटबाट जोगाउँछ, खाद्यान्न पहुँच र प्रभावकारिता सुनिश्चित गर्छ र सामाजिक अशान्तिलाई रोक्न मद्दत गर्छ।

(ब्रिडल योर्क विश्वविद्यालयकी खाद्यान्न, जलवायु एवं समाजकी प्राध्यापक हुन् र जोन्स एन्जेला रस्किन विश्वविद्यालयका प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विजया दशमी २०८० को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना



नयाँ पत्रिका
4012666
nayapatrikadaily.com

LIC
4012613
liccorporate@licnepal.com.np

CareEdge RATINGS NEPAL
4012628
careratingsnepal.com

NEXUS WORLD EDUCATION

नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED
4012585
nepalbank.com.np

Coco Cafe
9803252600

STARTUP EDUCATION

KINGS
4012589
kings.edu.np

OLI & ASSOCIATES
4012500/4012555
oli.com.au

DATA CARE CENTER
KATHMANDU, NEPAL

ITALIAN ESPRESSO ACADEMY NEPAL
4012636
italianean@gmail.com

THE RISING TRADERS
9851027048
risingnep.com

PRESIDENT Educational Consultancy

Elmira Int'l Education
4012606/07
elmiranepal.com

GOLDEN BRIDGE
4012581
goldenbridgeconsultancy.com.np

GENNEXT CONSULTING GROUP

COCOON EDUCATION & MIGRATION
4012559

PK
9841386508

4 NATIONS INTERNATIONAL
Pioneer in Education & Visa Services
4012548
4nations.com.au

CARE DENTAL & SKIN CARE CENTER PRIVATE LIMITED
9840270801

TRICKY & TIPSY
9851312262
tricky.tipsy333@gmail.com

3BEES GROUP
EDUCATION & MIGRATION
4012800
3beesgroup.com.au

DINESH SITAULA FILMS PVT.LTD.
9851071521

Ramailo.com
9849631886

ISAN EDUCATION

Global CHOICE EDUCATION
for global certification
4012545
globalchoice.edu.np

INGRAM International
4012554

NEPA INTERNATIONAL PVT. LTD.
4012675
nepatrade.com.np

ROBAM Enjoy Cooking
01-4417201
np.robamworld.com

KAMALA KARKI

Himalayan Business Group
Education & Migration Services
01-4012631

XCEL International Education
4012727
xcelinternationaleducation.com

Krish Salon Hair & Beauty

AISA
International Nepal Pvt. Ltd.
4012808/809

IMI
Int'l Management Institute of Nepal

GlobalJob
COMPLETE HR SOLUTION

Dynamic Holdings
4012549

Awarded
International Education Pvt. Ltd.
4516908

Trishakti Security P. Ltd.

ZENITH
MIGRATION | EDUCATION
4012690/91
zenithmigration.com.au

STUDENT WORLD

The Plan Education Pvt. Ltd.
One Team, One Dream
9851079464

INSTA
Insta-Education and Visa Services

STAR MALL
aspire for better
Putalisadak, Kathmandu
9851198344, 01-4012506
starmallktm@gmail.com

कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०७/०२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

तपसिलमा उल्लेखित तपाई ऋणीले यस आइएमई को-अपरेटिभ सर्भिस लिमिटेडको केन्द्रिय कार्यालय कान्तिपथ र (साविकको जिएमई बचत तथा ऋण सहकारी संस्था लि.) एकिकरण पश्चात यस आइएमई कोअपरेटिभ सर्भिस लिमिटेडका सेवाकेन्द्र कार्यालय लैनचौर काठमाण्डौं मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित पत्राचार, एसएमएस तथा फोन मार्फत बारम्बार तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । अत : ऋणी तथा व्यक्तिगत जमानीकर्ताले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको संसोधित कर्जा/ऋण असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री छलिमाया श्रेष्ठ
पति : केशवराज श्रेष्ठ
ससुरा : हेरालाल श्रेष्ठ
ना.प्र.नं. : ८३४/१४९/१९५६२
जारी मिति : २०४६/०१/३१ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स.वडा नं. ०८ स्थायी ठेगाना भएकी ।




व्यक्तिगत धनजमानीकर्ता : श्री केशवराज श्रेष्ठ
बाबु : हेरालाल श्रेष्ठ
बाजे : भाइलाल श्रेष्ठ
ना.प्र.नं. : ४२९५/१७४०७
जारी मिति : २०४३/०२/१३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भएका ।



व्यक्तिगत धनजमानिकर्ता : श्री रामाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री उमङ्ग भुसाल
बाबु : रमाकान्त भुसाल
बाजे : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २७१०२७/४८५२६
जारी मिति : २०६६/०८/०७ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला साविक गोगंबु गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



धितोको विवरण

❖ छलिमाया श्रेष्ठको नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला साविक चण्डेश्वरी गा.वि.स वडा नं. ८, नक्सा सिट नं.८ स्थित कित्ता नं. ७६८ को जम्मा क्षेत्रफल १८९९.७६ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री कशि नारायण श्रेष्ठ
बाबु : हेरालाल श्रेष्ठ
बाजे : भाइलाल श्रेष्ठ
ना.प्र.नं. : ११३४२/०३७
जारी मिति : २०३७/०२/१७ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स.वडा नं. ०८ स्थायी ठेगाना भएका ।



व्यक्तिगत धनजमानिकर्ता : श्री छलिमाया श्रेष्ठ
पति : केशवराज श्रेष्ठ
ससुरा : हेरालाल श्रेष्ठ
ना.प्र.नं. : ८३४/१४९/१९५६२
जारी मिति : २०४६/०१/३१ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स.वडा नं. ०८ स्थायी ठेगाना भएकी ।



व्यक्तिगत धनजमानिकर्ता : श्री केशवराज श्रेष्ठ
बाबु : हेरालाल श्रेष्ठ
बाजे : भाइलाल श्रेष्ठ
ना.प्र.नं. : ४२९५/१७४०७
जारी मिति : २०४३/०२/१३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स. वडा नं. ०८ स्थायी ठेगाना भएका ।



व्यक्तिगत धनजमानीकर्ता : श्री राजु श्रेष्ठ
बाबु : केशवराज श्रेष्ठ
बाजे : हेरालाल श्रेष्ठ
ना.प्र.नं. : २०३०२४/८१०/२०९४८
जारी मिति : २०६३/१०/१३ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला टोखा चण्डेश्वरी गा.वि.स.वडा नं. ०८ स्थायी ठेगाना भएका ।



धितोको विवरण

❖ छलिमाया श्रेष्ठको नाममा मालपोत कार्यालय टोखा, काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला साविक चण्डेश्वरी गा.वि.स वडा नं. ८, नक्सा सिट नं.८ स्थित कित्ता नं. ७६८ को जम्मा क्षेत्रफल १८९९.७६ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

३. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री रमाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।




व्यक्तिगत धनजमानिकर्ता : श्री गोमा कुमारी आचार्य
पति : रमाकान्त भुसाल
ससुरा : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २०८३
जारी मिति : २०४५/०१/०९ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक परौहा गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।




व्यक्तिगत धनजमानिकर्ता : श्री उमङ्ग भुसाल
बाबु : रमाकान्त भुसाल
बाजे : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २७१०२७/४८५२६
जारी मिति : २०६६/०८/०७ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला साविक गोगंबु गा.वि.स.वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।


व्यक्तिगत धनजमानिकर्ता : श्री डिल्लीकला थपलिया
पति : गुप्त लाल भुसाल
ससुरा : टिकाराम भुसाल
ना.प्र.नं. : ८४६९
जारी मिति : २०५६/१०/१० (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला साविक गोंगबु गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता: श्री रमाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता: श्री गुप्त लाल भुसाल
बाबु : टिकाराम भुसाल
बाजे : गजाधर भुसाल
ना.प्र.नं. : २९८९
जारी मिति : २०५०/०८/१७ (पर्वत)
ठेगाना : पर्वत जिल्ला साविक भोर्ले गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



धितोको विवरण

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स.वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं.क्रमश: ७८२, ७१८, ७८८ र ७८९ को जम्मा क्षेत्रफल १२१९०.६८ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय सिमारा, बारामा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला पिप्रासिमरा गा.वि.स.वडा नं. २ सिट नं. २घ स्थित कित्ता नं. २२७६ को जम्मा क्षेत्रफल १०६४.५९ वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता श्रेष्ठा कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ११ सिट नं. ११ स्थित कित्ता नं.क्रमश: ३३२७, ३३२८, ३३२४, ३३२९, ३३२५ र ३३२२ को जम्मा क्षेत्रफल ३३८.६० वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय सिमारा, बारामा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला ईनर्वासिरा गा.वि.स.वडा नं. २ सिट नं. २ स्थित कित्ता नं. ७२३ र ७१७ को जम्मा क्षेत्रफल ७११.२३ वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेष्ठा कायम रहेको बारा जिल्ला प्रिपाबसतपुर गा.वि.स.वडा नं. २ सिट नं. २ग स्थित कित्ता नं. १३७ को जम्मा क्षेत्रफल ५०७.९३ वर्गमिटरको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ आईएमई को-अपरेटिभ सर्भिस लि. धनि कायम भई आर.जि.यु.वि.हाउजिड कम्पनी प्रा.ली. ऋणी कायम रहेको अशोक लेल्यान्डको सवारी साधन (ट्रक) ४ थान ।

❖ प्रभु एग्रो फर्मको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स.वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं. ७०९, ७७७, ७६१, ७१०, ७११, ७६३ र ७०८, को क्षेत्रफल क्रमश २४२१.२० ब.मि., ६७७२.६३ ब.मि., ३३८६.३० ब.मी., ४१९९.०० ब.मी., २४०४.२७ ब.मी., ३५२१.७४ ब.मि. र ४२६६.७२ ब.मि. गरी जम्मा क्षेत्रफल २६९७१.८६ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ रमाकान्त भुसालको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला सखुवा प्रसौनी गा.वि.स. वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं. ३८६ को जम्मा क्षेत्रफल २७०९.०४ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

४. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : श्री गोमा कुमारी आचार्य
पति : रमाकान्त भुसाल
ससुरा : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २०८३
जारी मिति : २०४५/०१/०९ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक परौहा गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता: श्री रमाकान्त भुसाल
बाबु : चन्द्र प्रसाद भुसाल
बाजे : लक्ष्मण भुसाल
ना.प्र.नं. : १/४५९
जारी मिति : २०४६/०१/१८ (रुपन्देही)
ठेगाना : रुपन्देही जिल्ला साविक पडसरी गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री उमङ्ग भुसाल
बाबु : रमाकान्त भुसाल
बाजे : चन्द्र प्रसाद भुसाल
ना.प्र.नं. : २७१०२७/४८५२६
जारी मिति : २०६६/०८/०७ (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला साविक गोगंबु गा.वि.स.वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ताः श्री गुप्त लाल भुसाल
बाबु : टिकाराम भुसाल
बाजे : गजाधर भुसाल
ना.प्र.नं. : २९८९
जारी मिति : २०५०/०८/१७ (पर्वत)
ठेगाना : पर्वत जिल्ला साविक भोर्ले गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ता : श्री डिल्लीकला थपलिया
पति : गुप्त लाल भुसाल
ससुरा : टिकाराम भुसाल
ना.प्र.नं. : ८४६९
जारी मिति : २०५६/१०/१० (काठमाण्डौ)
ठेगाना : काठमाण्डौ जिल्ला साविक गोंगबु गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला टोखा न.पा. वसोबास गर्ने ।



धितोको विवरण

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय मनमैजु काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला जितपुर गा.वि.स.वडा नं. ०६ सिट नं. ६ग स्थित कित्ता नं. क्रमश १९३ र १४३ को क्षेत्रफल १९७१.२८ र ८९०.२२ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापातहरु समेत ।

❖ गोमा कुमारी आचार्य र रमाकान्त भुसालको संयुक्त नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौमा दर्ता श्रेष्ठा कायम रहेको काठमाण्डौ जिल्ला गोंगबु गा.वि.स.वडा नं. ८ सिट नं. १०२०९४५२२ स्थित कित्ता नं. ४६८ को क्षेत्रफल क्रमश १६६.९५ वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

❖ गोमा कुमारी आचार्यको नाममा मालपोत कार्यालय पर्सामा दर्ता श्रेष्ठा कायम रहेको पर्सा जिल्ला हरपतगंज गा.वि.स. वडा नं. ८ सिट नं. ८ स्थित कित्ता नं. २२९ र ३८६ को क्षेत्रफल क्रमश १११७.४७ व.मि. र २३७.०२ व.मि. गरी जम्मा क्षेत्रफल १३५४.४९ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

नेपाल सरकार सावित डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com
Biratnagar : 021-514540
Nepalgunj : 081-532708
Itahari : 025-590109
Satdobato : 01-5151169
Airport : 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

कर्णालीमा वार्षिक १९ हजार मेट्रिक टन खाद्यान्न अपुग

सुर्खेत/ कर्णालीमा वार्षिक १९ हजार एक सय १६ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको पाइएको छ । कर्णाली प्रदेश सरकारको तथ्यांकअनुसार प्रदेशमा वार्षिक १९ हजार एक सय १६ मेट्रिक टन खाद्यान्न अपुग हुने गरेको हो ।

प्रदेशका १० जिल्लामध्ये सल्यान, रुकुम पश्चिम, सुर्खेत खाद्यान्नमा आत्मनिर्भर रहेका छन् भने सात जिल्लामा खाद्यान्न आयात गर्नुपरेको छ । दैलेख, जाजरकोट, हुम्ला, कालीकोट, जुम्ला, मुगु र डोल्पाको उत्पादनले वर्षभर खान पुग्दैन । तथापि, दैलेख र जुम्ला भने खाद्यान्न कम आयात गर्ने जिल्लाका रूपमा रहेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको कृषि निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका निर्देशक चित्रबहादुर रोकायले खाद्यान्नमा सबै जिल्लालाई आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रम प्रदेश सरकारले सञ्चालन गरिरहेको जानकारी दिए । उनले प्रदेश सरकारले आमनागरिकलाई खाद्य सुरक्षाको पहुँचमा ल्याउनका लागि जैविक प्रदेशको अवधारणा ल्याइएको भन्दै यो कार्यक्रमलाई सफल बनाउन सबै निकायको भूमिका महत्वपूर्ण हुने बताए । विश्व खाद्य कार्यक्रम इपिआई र एफएओले कर्णालीका पहाडी तथा हिमाली जिल्लामा सन् २०१९ मा गरेको पाँचौँपटकको सर्वेक्षणअनुसार समग्रमा प्रदेशका २८ प्रतिशत घरधुरीले आवश्यक पर्ने पर्याप्त खाद्यवस्तु उपभोग नगरेको पाइएको छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा प्रा.फ.र.नं. ७५५०/७१९/०७१/७२ अन्तर्गत मिति २०७१/११/१३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको धनुषा जिल्ला, धनुषाधाम न.पा वडा नं. १, स्थित **सिमा आईरन स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता: सिमा शरहद**	**२) सिमा शरहद** स्थायी ठेगाना : धनुषा जिल्ला, गोविन्दपुर गा.वि.स वडा नं. ६ हालको ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बाबु : राम विलाश यादव ससुरा : रामेश्वर यादव पति : जोगेन्दर यादव

धितोको विवरण

१) रामेश्वर यादवको नाति, जोगेन्दर यादवको छोरा, धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने नवयुग यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगातमा दर्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५७९ को क्षेत्रफल १-०-०-० (विगाहा) को जग्गा र धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. २/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-११-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) सिमा आईरन स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

३) प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरधाममा प्रा.फ.द.प्र.प.नं. १८८३७/५०१/०७७/७८ अन्तर्गत मिति २०७७/०७/१९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २, स्थित **धनुषा धाम पशुपालन तथा मत्स्य फार्म**

प्रोप्राईटर तथा जमानीकर्ता: जोगेन्दर यादव

धितोको विवरण

१) विष्णी यादवको नाति, रामेश्वर यादवको छोरा, धनुषा जिल्ला, ध. गोविन्दपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने जोगेन्दर यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगातमा दर्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८१ को क्षेत्रफल ०-९-२-१२ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) रामेश्वर यादवको नाति, जोगेन्दर यादवको छोरा, धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने नवयुग यादवको नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगातमा दर्ता कायम रहेको धनुषा जिल्ला, धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ४/क (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ५८२ को क्षेत्रफल ०-७-९-० (विगाहा) को जग्गा र धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. १ (हाल धनुषाधाम न.पा. वडा नं. १) स्थित कित्ता नं. ७०० को क्षेत्रफल ०-०-१५-८ (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
३) धनुषा धाम पशुपालन तथा मत्स्य फार्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सिमा शरहद	२) जोगेन्दर यादव	३) नवयुग यादव
स्थायी ठेगाना : धनुषा जिल्ला, गोविन्दपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बाबु : राम विलाश यादव ससुरा : रामेश्वर यादव पति : जोगेन्दर यादव	स्थायी ठेगाना : धनुषा जिल्ला, ध. गोविन्दपुर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बाबु : रामेश्वर यादव बाजे : विष्णी यादव	ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बाबु : जोगेन्दर यादव बाजे : रामेश्वर यादव

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २३७८४०/७६/०७७ अन्तर्गत मिति २०७७/०३/२३ मा कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम दर्ता भएको कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११, स्थित **निधि कृषि फर्म प्रा.लि.** **संचालक तथा जमानतकर्ता: कुमारी संगीता चौधरी** स्थायी ठेगाना: कपिलवस्तु जिल्ला, गणेशपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११ बाबु : रामानन्द चौधरी ससुरा : गोमती प्रसाद चौधरी पति : मनोज कुमार चाधौरी	**मनोज कुमार चौधरी** ठेगाना : कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११ बाबु : गोमती प्रसाद चौधरी बाजे : रामलखन प्रसाद चौधरी

धितोको विवरण

१) रामलखन प्रसाद चौधरीको नाति, गोमती प्रसाद चौधरीको छोरा, कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११ बस्ने मनोज कुमार चौधरीको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, बलरामपुर गा.वि.स. वडा नं. १ (हाल महाराजगंज न.पा. वडा नं. ११) स्थित कित्ता नं. ७६३, १६६४ र १६५४ को क्षेत्रफल क्रमश २-४-६-०, ०-१-१३ र ०-०-१०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) रामानन्द चौधरीकी छोरी, गोमती प्रसाद चौधरीकी बुहारी, मनोज कुमार चाधौरीकी पत्नी, कपिलवस्तु जिल्ला, गणेशपुर गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल कपिलवस्तु जिल्ला, महाराजगंज न.पा. वडा नं. ११ मा बस्ने कुमारी संगीता चौधरीको नाममा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगातमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, बलरामपुर गा.वि.स. वडा नं. १ (हाल महाराजगंज न.पा. वडा नं. ११) स्थित कित्ता नं. १६९९, ८६, १२८ र १७४२ को क्षेत्रफल क्रमश १-५-१७-१, ०-१९-१४-०, ०-७-०-० र ०-६-१९-२ (विगाहा) को जग्गा र सो जग्गाले च

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २ कार्तिक ०८०

चाडपर्वकेन्द्रित चहलपहलले राजस्वमा सुधार

आयातले उचाल्यो राजस्व, उत्पादनकेन्द्रित राजस्व खस्किँदो

पवन तिमिल्सिना / नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो दुई महिनामा कमजोर देखिएको राजस्व संकलनमा असोज लागेपछि सुधार देखिएको छ। दसैँ-तिहारकेन्द्रित चहलपहल बढ्दा राजस्वमा सुधार आएको अर्थ मन्त्रालयको विश्लेषण छ।

दसैँ-तिहारलक्षित गरेर व्यवसायीहरूले वस्तु आयात बढाइरहँदा त्यसको प्रभाव राजस्व संकलनमा देखिएको अर्थ मन्त्रालयको राजस्व महाशाखा प्रमुख रितेश शाक्यले बताए। उनले भने, 'सुरुका दुई महिनामा राजस्व घट्दै जाँदा यसपालि राजस्व पोहोरभन्दा पनि कम उठ्ने हो कि भन्ने चिन्ता थियो। तर, चाडबाडकेन्द्रित वस्तुको माग बढ्दा राजस्वमा उत्साह थपिएको छ। यसलाई निरन्तरता दिँदै जानुपर्ने चुनौती पनि छ।'

मन्त्रालयका अनुसार चालू आर्थिक वर्षको असोज ३० गतेसम्म दुई खर्ब ३४ अर्ब ५७ करोड राजस्व संकलन भएको छ। यो गत आवको पहिलो तीन महिनाको तुलनामा तीन अर्ब २४ करोडले (५.०५ प्रतिशतले) बढी हो। असोजमा भएको राजस्व वृद्धिले तीन महिनाको समग्र संकलनलाई समेत बढी देखाउन मद्दत पुगेको छ।

असोजमा मात्रै ८० अर्ब ३३ करोडको राजस्व संकलन भएको छ। गत आर्थिक वर्षको असोजमा ६९ अर्ब १० करोड मात्रै राजस्व उठेको थियो।

मासिक लक्ष्यसँग तुलना गर्दा भने राजस्व संकलन कमजोर नै छ। तीन महिनाको लक्ष्यको तुलनामा राजस्व संकलन ७५.७७ प्रतिशत मात्रै उठेको छ। मासिक लक्ष्यको तुलनामा हेर्ने हो भने असोजमा राजस्व ७८.०७ प्रतिशत मात्रै उठेको छ।



■ राजस्व संकलन विवरण

आ.व. २०८०/८१ असोज ३० गते सम्मको संकलनको अवस्था	
वार्षिक लक्ष्य	१४ खर्ब २२ अर्ब ५४ करोड
असोजको लक्ष्य	९९ अर्ब ९६ करोड
असोजसम्मको लक्ष्य	२ खर्ब ८९ अर्ब १७ करोड
असोज ३० को संकलन	५ अर्ब ६३ करोड
असोज १ देखि ३० सम्मको संकलन	८० अर्ब ३३ करोड
चालु आवको तीन महिनाको संकलन	२ खर्ब ३४ अर्ब ५७ करोड
०७९/८० को राजस्व संकलन	
असोज १ देखि ३० सम्मको संकलन	६९ अर्ब १० करोड
तीन महिनाको संकलन	२ खर्ब ३१ अर्ब ३३ करोड

स्रोत : अर्थ मन्त्रालय

■ आयातकेन्द्रित राजस्वमा वृद्धि, उत्पादन थप कमजोर

दसैँ-तिहारकेन्द्रित माग बढ्दा भन्सार महसुल संकलनमा वृद्धि भएको छ। भन्सार विभागले असोजसम्मको तथ्य सार्वजनिक गरिसकेको छैन। तर, आयातबापत उठेको राजस्वमा भएको वृद्धिले आयातमा समेत वृद्धि भएको संकेत दिएको हो।

मन्त्रालयका अनुसार असोजमा उठेको भन्सार महसुलमा पाँच अर्ब १४ करोड सात लाखले वृद्धि भएको छ। गत आवको असोजमा १४ अर्ब ३१ करोड ३७ लाख महसुल उठेकोमा चालू आवको असोजमा १९ अर्ब ४५ करोड ४४ लाख उठेको छ।

आयातबाट उठेको महसुलमा चार अर्ब ७५ करोड वृद्धि भएको छ।

आयातमा वृद्धि हुँदा मूल्य अभिवृद्धि कर (भ्याट)मा समेत दुई अर्ब ७७ करोड वृद्धि भएको छ। गत वर्ष असोजमा २१ अर्ब ६३ करोड भ्याट संकलन भएको थियो। यसपालि असोजमा २४ अर्ब ४० करोड भ्याट संकलन भएको छ। तर, यसरी भ्याट बढ्नुमा उत्पादन तथा बिक्री वितरणको मात्रै भूमिका छैन। चाडबाडकेन्द्रित मागलाई धान्न आयातमा भएको वृद्धिले नै भ्याट संकलन बढाएको हो। उत्पादन, बिक्री तथा सेवाबापतको भ्याट संकलन ८३ करोड ८१ लाख रुपैयाँले घटेको छ। तर, आयाततर्फ भ्याट संकलन तीन अर्ब ६० करोड ६१ लाखले बढेको छ।

आन्तरिक उत्पादनमा वृद्धि भएर राजस्व संकलन नबढेकाले तत्कालै अर्थतन्त्रले गति लिएको विश्लेषण गर्न नमिल्ने निजी क्षेत्रको टिप्पणी छ। नेपाल उद्योग परिसंघ राजेशकुमार अग्रवालले उत्पादनकेन्द्रित राजस्व नबढेसम्म अर्थतन्त्र चलायमान भएको टिप्पणी गर्न नमिल्ने बताए।

उनले भने, 'अहिलेको राजस्व वृद्धि स्वाभाविक हो। चाडबाडमा माग बढ्ने भएपछि आयातमा वृद्धि हुने भएकाले राजस्वमा समेत स्वाभाविक वृद्धि देखिन्छ। तर, औद्योगिक वस्तुको माग बढ्न सकेको छैन।'

पुससम्मको राजस्व संकलनको तथ्यांक नआउँदासम्म राजस्वमा सुधार भए नभएको निर्क्योल गर्न नसकिने उनको बुझाइ छ। खासगरी आयकरतर्फको राजस्वको पहिलो किस्ता संकलन हुने र सरकारी खर्चमा समेत त्यसै महिनामा वृद्धि हुने भएकाले पुससम्मको राजस्व संकलनलाई पर्खिनुपर्ने उनले बताए। उनले भने, 'बजारमा पैसाको प्रवाह नभएपछि माग बढ्ने कुरा भएन। अर्कोतर्फ, सरकारले तीव्ररूपमा खर्चमा वृद्धि नगरेसम्म बजारमा पैसाको प्रवाह बढ्दैन। आर्थिक गतिविधि चलायमान हुँदैन।'


आन्तरिक उत्पादनतर्फको अन्तःशुल्क संकलनमा समेत गिरावट आएको छ। असोजमा उत्पादनतर्फको अन्तःशुल्क संकलन ४० करोड १५ लाखले घटेको छ। तर, आयाततर्फको अन्तःशुल्क संकलनमा एक अर्ब ९२ करोडले वृद्धि भएको छ। सरकारले संकलन गर्ने आयकरमा पनि सामान्य सुधार देखिएको छ। गत आवको पहिलो तीन महिनामा ४० अर्ब ६९ करोड आयकर संकलन भएकोमा यसपालि सोही अवधिमा ४५ अर्ब ६ करोड पुगेको छ। अर्थात् चार अर्ब ३७ करोडले आयकरमा वृद्धि भएको छ।

चाडपर्वले बढायो सरकारी खर्च

काठमाडौं / चाडपर्वकेन्द्रित खर्च निकासी हुँदा सरकारी खर्चमा समेत वृद्धि भएको छ। महालेखा नियन्त्रकको कार्यालयअनुसार चालू आर्थिक वर्षको तीन महिनामा दुई खर्ब ८० अर्ब ५७ करोड खर्च भएको छ। यो कुल बजेटको १६.०२ प्रतिशत हो। पोहोर सोही अवधिमा दुई खर्ब ७८ अर्ब १६ करोड खर्च भएको थियो। असोजसम्ममा चालू खर्च दुई खर्ब १३ अर्ब ३९ करोड पुगेको छ भने पुँजीगत खर्च १७ अर्ब ८३ करोड पुगेको छ। वार्षिक पुँजीगत बजेटको तुलनामा तीन महिनामा पाँच दशमलव नौ प्रतिशत खर्च भएको छ भने चालूतर्फ वार्षिक विनियोजनको १८.६९ प्रतिशत खर्च भएको हो।

सरकारी खर्च नबढेसम्म बजार चल्दैन

● **राजेशकुमार अग्रवाल**, अध्यक्ष, नेपाल उद्योग परिसंघ



चाडपर्वमा स्वाभाविक रूपमा वस्तुको माग वृद्धि हुन्छ। तर, पुससम्मको तथ्यांक नआएसम्म यकीन गर्ने अवस्था छैन। औद्योगिक वस्तुको माग कम छ। बजारमा पैसाको प्रवाह नभएपछि माग बढ्ने कुरा भएन। अर्कोतर्फ, सरकारले तीव्ररूपमा खर्चमा वृद्धि नगरेसम्म बजारमा पैसाको प्रवाह बढ्दैन। आर्थिक गतिविधि चलायमान हुँदैन।

चाडपर्वले राजस्वमा उत्साह थपेको छ

● **रितेशकुमार शाक्य**, सहसचिव, अर्थ मन्त्रालय



सुरुवाती दुई महिनाको तथ्यांकले राजस्व पोहोरभन्दा खस्किँदै जाने चिन्ता थियो। तर, चाडपर्वकेन्द्रित वस्तुको माग बढ्दा राजस्वमा उत्साह थपिएको छ। तर, यसलाई निरन्तरता दिँदै जानुपर्ने चुनौती पनि छ।

गैरआवासीय नेपाली संघको निर्वाचन सुरु

अध्यक्ष पदका लागि चारजना र उपाध्यक्षका लागि १८ जनाले उम्मेदवारी दिएका छन्। त्यस्तै, महासचिवका लागि दुईजना, सचिवका लागि १५ जना र कोषाध्यक्षका लागि दुईजनाले उम्मेदवारी दिएका छन्।

काठमाडौं / गैरआवासीय नेपाली संघको निर्वाचन बुधबार राति १२ बजेदेखि सुरु भएको छ। काठमाडौंमा जारी ११ महाधिवेशनमा नेतृत्व चयन गर्न संघले यसपटकदेखि अनलाइनमार्फत मतदान दिन सकिने व्यवस्था गरेको छ। संघको निर्वाचन आयुक्त चिरञ्जीवी ढकालका अनुसार बुधबार राति १२ बजेदेखि बिहीबार मध्याह्न १२ बजेसम्म विदेशमा रहेका मतदाताले अनलाईमार्फत मतदान गर्न सक्नेछन्। काठमाडौंमा नै उपस्थित भएका मतदाताहरूले भने बिहीबार बिहान ११ बजेदेखि मतदान गर्ने कार्यक्रम छ। काठमाडौंमा भौतिक रूपमा नै उपस्थित भएका मतदाताले कार्यक्रमस्थल सोल्टीमोडस्थित सोल्टी होटेलमा गएर मतदान गर्न सक्नेछन्। तर, भौतिक रूपमा उपस्थित भएका मतदाताले पनि अनलाइन नै मतदान गर्नेछन्। भौतिक रूपमा उपस्थित हुनेले साँझ ६ बजेसम्म मतदान गर्न सक्नेछन्। मतदान सम्पन्न भएको एक घन्टाभित्रमा परिणाम सार्वजनिक गरिने आयुक्त ढकालले बताए।

संघको यसपटकको निर्वाचनका लागि विभिन्न मुलुकबाट चार हजार दुई सय प्रतिनिधि छानिएका छन्। जसमध्ये २० प्रतिशत मात्रै काठमाडौंमा उपस्थित भएको संघको अनुमान छ। संघले उम्मेदवार र उम्मेदवारको प्रस्तावक र समर्थक अनिवार्य रूपमा काठमाडौंमा नै उपस्थित हुनुपर्ने व्यवस्था गरेको थियो। यसअघि भने भौतिक रूपमा नै उपस्थित भएर मतदान गर्नुपर्ने व्यवस्था थियो। तर, भौतिक रूपमा उपस्थित हुँदा निर्वाचन आर्थिक र नैतिक रूपमा पारदर्शी नभएपछि अनलाइन मतदान प्रणालीको व्यवस्था गरेको हो।

गैरआवासीय नेपाली संघको निर्वाचनका लागि एक सय नौजना उम्मेदवारले उम्मेदवारी दर्ता गएका छन्। अध्यक्ष पदका लागि चारजना, उपाध्यक्षका लागि १८ जनाले उम्मेदवारी दिएका छन्। महासचिवका लागि दुईजना, सचिवका लागि १५ जना, कोषाध्यक्षका लागि दुईजनाले उम्मेदवारी दिएका छन्। पाँचजना भने निर्विरोध चयन भएका छन्। निर्वाचित कार्यसमितिले दुई वर्षसम्म काम गर्न पाउँनेछन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

चालू आवमा मात्रै साढे नौ अर्बको विद्युत् निर्यात, ५६ प्रतिशतले वृद्धि

३१ प्रतिशतले बढ्यो निर्यात, पाँच महिनामा भित्रियो १२ अर्ब

चालू आव ०८०/८१ को पहिलो तीन महिनामा नौ अर्ब ६४ करोड ५४ लाख रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ। यो गत आवको सोही अवधिको तुलनामा ५६ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा ६ अर्ब १६ करोड ५३ लाख रुपैयाँको विद्युत् निर्यात भएको नेपाल विद्युत् प्राधिकरणको तथ्यांक छ। प्राधिकरणका अनुसार असोजमा मात्रै चार अर्ब दुई करोड ३५ लाखको विद्युत् निर्यात भएको छ। तीन महिनामा भारततर्फ निर्यात गरिएको विद्युत्को औसतदर प्रतियुनिट १० रुपैयाँ २७ पैसा रहेको छ। सिक्किमको बाढीले १२ सय मेगावाटको टिस्टा तीन जलविद्युत् आयोजना बगाएको र कोइलाको मूल्य बढ्दा अहिले भारतमा बिजुलीको मूल्य बढेको छ। पछिल्लो समय प्राधिरकणले प्रतियुनिट १६ रुपैयाँसम्ममा विद्युत् निर्यात गरेको छ। फलस्वरूप विद्युत् निर्यातबाट राम्रो आम्दानी भइरहेको प्राधिकरणले जनाएको छ। भारततर्फ बिजुली निर्यात यो वर्ष बिजुली निर्यात सुरु गरेदेखि २८ जेठबाट असोज मसान्तसम्म प्राधिकरणले ११ अर्ब ८० करोड २८ लाख रुपैयाँको विद्युत् निर्यात गरेको छ। गत वर्ष सोही अवधिमा नौ अर्ब ४० लाख रुपैयाँको विद्युत् निर्यात भएको थियो।

कुन महिनामा कति विद्युत् निर्यात

महिना	विद्युत् निर्यात (रुपैयाँ)	प्रतियुनिट औसत दर (रुपैयाँ)
जेठ (पाँच दिन)	४० करोड ५ लाख	८.९३
असार	एक अर्ब ७५ करोड ७० लाख	७.४२
साउन	२ अर्ब १४ करोड ३३ लाख	८.४३
भदौ	३ अर्ब ४७ करोड ८५ लाख	११.९७
असोज	४ अर्ब २ करोड ३५ लाख	१०.२०
जम्मा	११ अर्ब ८० करोड २८	जेठ-असार ९.६७ साउन-असोज १०.२७

स्रोत : नेपाल विद्युत् प्राधिकरण

■ कुन महिना कति निर्यात ?

जेठ महिनाको पाँच दिनमा ४० करोड पाँच लाख र असारमा एक अर्ब ७५ करोडको विद्युत् निर्यात भएको थियो। जेठ र असारमा विद्युत्को औसतदर प्रतियुनिट नौ रुपैयाँ ६७ पैसा थियो। साउनमा दुई अर्ब १४ करोड ३३ लाख, भदौमा तीन अर्ब ४७ करोड ८५ लाख र असोजमा चार अर्ब दुई करोड ३५ लाख रुपैयाँको विद्युत् निर्यात भएको छ। तीन महिनामा नौ अर्ब ६४ करोड ५४ लाख रुपैयाँको विद्युत् निर्यात भएको हो।

साउन, भदौ र असोजमा विद्युत्को औसत बिक्रीदर प्रतियुनिट क्रमशः आठ रुपैयाँ ४३ पैसा, ११ रुपैयाँ ९७ पैसा र १० रुपैयाँ २० पैसा रहेको छ। तीन महिनाको विद्युत् समग्र औसत बिक्रीदर प्रतियुनिट १० रुपैयाँ २७ पैसा छ। विद्युत् निर्यातबाट नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न र देशको विदेशी मुद्रा सञ्चितिमा योगदान पुगेको छ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ। कात्तिक ०७८ देखि भारतीय बजारमा व्यावसायिक रूपमा विद्युत् निर्यात गर्दै आएको छ। प्राधिकरणले इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आइएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही समयअघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब ११० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएन लाई बिक्री गरिरहेको छ। एनभिएनले ११० मेगावाट विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिलेको अवस्थालाई हेर्दा यस वर्ष करिब १६ अर्ब रुपैयाँको विद्युत् निर्यात हुन सक्ने देखिएको बताउनुभयो। 'करिब सय मेगावाट थप विद्युत् निर्यात स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणसँग प्रस्ताव गरेका थियौं, तर अहिलेसम्म स्वीकृति नपाएपछि केहीअघि पुनः प्रस्ताव पठाएका छौं,' उनले भने, 'चाडपर्व सुरु भइसकेको छ, यस अवधिमा कलकारखाना बन्द हुँदा र काठमाडौंमा चिसो सुरु भइनसकेको तथा तराईमा गर्मी पनि सकिएकाले आन्तरिक रूपमा विद्युत्को माग घट्छ, भारतबाट थप विद्युत् निर्यात स्वीकृति नपाउने हो भने विद्युतगृहहरू बन्द गर्नुपर्ने अवस्था आउन सक्नेछ, यस्तो अवस्थामा छिट्टै थप विद्युत् निर्यातका लागि स्वीकृति पाउनेमा विश्वस्त छौं।'

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा गत जेठ १८ गते द्विपक्षीय दीर्घकालीन विद्युत् व्यापार समझदारी पनि भएको थियो। त्यसअन्तर्गत भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्ने गरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घोषणा पनि गरेका थिए। त्यससम्बन्धी अन्तिम सम्झौतापत्रको मस्यौदा भारतीय मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि दुवै देशका ऊर्जासचिवले त्यसमा हस्ताक्षर गर्ने तयारी भइरहेको छ। त्यसपछि नेपाल र भारतबीचको विद्युत् व्यापार थप उचाइमा पुग्ने घिसिङ बताउँछन्।

■ गत आवमा नौ अर्बको विद्युत् व्यापार घाटा

गत आवमा प्राधिकरणले भारतसँगको विद्युत् व्यापारमा नौ अर्बबराबरको घाटा व्यहोरेको थियो। गत आवमा प्राधिकरणले भारतबाट १९ अर्ब ४४ करोडको विद्युत् आयात गर्दा १० अर्ब ४५ करोडको मात्रै निर्यात गरेको थियो। तर, चालू आवमा दुई देशबीचको विद्युत् व्यापार नाफामा जाने प्राधिकरणको अनुमान छ।

प्राधिकरणले स्वदेशी माग धान्न सन् १९७१ देखि नै भारतबाट विद्युत् आयात गर्दै आएको थियो। बर्खामा उत्पादन बढी भएका वेलामा इनर्जी बैंकिङ (पैंचो)का रूपमा भारतको बिहार राज्यलाई बिक्री गर्दै आएको थियो। पछि हिउँदमा निर्यात भएबराबरको विद्युत् आयात गरिन्थ्यो र बढी भएमा शुल्क भुक्तानी गरिन्थ्यो। प्राधिकरणले कात्तिक ०७८ देखि भने भारतको इनर्जी एक्सचेन्ज मार्केटमा व्यापारिक रूपमा नै विद्युत् बिक्री गर्दै आएको छ।

नेपालमा अधिकांश जलविद्युत् आयोजना नदी प्रवाह (आरओआर)मा आधारित छन्। त्यस्तो अवस्थामा बर्खामा खोलामा पानी बढी हुँदा उत्पादन पनि पूर्ण हुन्छ। यही समयमा भारतमा विद्युत् निर्यातसमेत गर्न सकिन्छ। तर, हिउँदमा खोलामा पानी कम हुँदा उत्पादन स्वदेशी मागभन्दा पनि कम हुन्छ। त्यसवेला स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्छ। तर, गत आवमा सुक्खायाम अस्वाभाविक रूपमा लम्बिँदा हिउँदमा विद्युत् उत्पादन पनि ह्वात्तै घटेको थियो। त्यसैले गत आवमा विद्युत्को निर्यातभन्दा आयात बढी भएको घिसिङ बताउँछन्।

तोकिएभन्दा कम इन्धन वितरण गर्ने तीन पेट्रोलपम्प सिल

काठमाडौं / प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको 'हेल्लो सरकार'को संयोजकत्वमा मंगलबार र बुधबार भएको अनुगमनमा कम परिमाण तेल बिक्री गर्ने उपत्यकाका तीनवटा पेट्रोलपम्प सिल गरिएको छ।

हेल्लो सरकारका प्रमुख प्रद्युम्न उपाध्यायका अनुसार राष्ट्रिय सतर्कता केन्द्र, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र गुणस्तर तथा नापतौल विभागको संयुक्त अनुगमन टोलीले दुई दिनमा तिनकुनेको भ्यालीरिकेस, हल्चोकमा सशस्त्र प्रहरी पम्प र कलंकीमा श्यामा आयल स्टोरमा सिल गरिएको हो।

अनुगमन टोलीमा रहेको गुणस्तर तथा नापतौल कार्यालय, काठमाडौंका निरीक्षक नीराजन पुडासैनीका अनुसार मंगलबार तिनकुनेको भ्याली रिकेसमा रहेका तीनवटा डिस्पेन्सिङ मेसिनमध्ये पेट्रोल वितरण गर्ने नोजलबाट कम परिमाण वितरण गर्ने गरेको पाइएपछि सिल गरिएको छ भने अन्य दुईवटा नोजलबाट इन्धन वितरण जारी छ।

त्यस्तै, बुधबार नयाँबजारको जयकुमारी आयल, खुसिबुको नेवा ट्रेडर्स, हल्चोकको सशस्त्र प्रहरी पम्प, कलंकीको मकालु आयल, श्यामा आयल र बाबा आयलमा अनुगमन गरिएको थियो। त्यसमध्ये सशस्त्रको पम्पमा चारवटा डिस्पेन्सिङ मेसिनमध्ये डिजेल वितरण गर्ने नोजलबाट प्रति पाँच लिटरमा २५ मिलिलिटर कम रहेको भेटिएको थियो।

सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले भने सामान्य प्राविधिक समस्या मात्र भएको बताए। '२० दिनअघि अनुगमन गर्दा पेट्रोल प्रतिलिटरमा ५० एमएल बढी फालेको देखिएपछि मिलाइएको थियो,' उनले भने,'अहिले डिजल प्रतिपाँच लिटरमा दुई एमएल कम फालेको देखिएको छ, जसकारण डिजलको एउटा नोजल मात्र भोलि (बिहीबार) बिहानसम्म बन्द गरिएको हो। नापतौल विभागबाट प्रतिनिधि आएर त्यो समस्या पनि हटाउने कुरा भएको हो, यो सामान्य प्राविधिक समस्या मात्र हो।'

त्यस्तै, कलंकीको श्यामा आयलको डिजेल बिक्री गर्ने दुईवटा डिस्पेन्सिङ मेसिनमध्ये एउटाबाट प्रतिपाँच लिटरमा २० मिलिलिटर कम वितरण हुनेगरेको भेटिएको थियो। 'नियमले पाँच लिटरमा १५ मिलिलिटरसम्म थपघट भए कारबाही नहुने व्यवस्था छ,' गुणस्तर कार्यालयका निरीक्षक पुडासैनीले भने, 'तर, बुधबार अनुगमन भएमध्ये दुईवटा पम्पले मापदण्डभन्दा बढी तेल उपभोक्तालाई नदिएर ठगी गरेको भेटिएपछि सिल गरिएको हो।'

उनका अनुसार सिल गरिएको डिस्पेन्सिङ मेसिनबाट मात्रै तेल वितरण रोक्का गरिएको छ। अन्य डिस्पेन्सिङ मेसिनबाट भने पम्पहरूले इन्धन वितरण जारी राखेका छन्।

भारतले ९५ हजार टन चामल आयात गर्न दिने

काठमाडौं / भारतले चामल निर्यातमा रोक लगाउने नीतिलाई संशोधन गर्दै यो वर्ष नेपालका लागि ९५ हजार टन चामल निर्यात गर्न दिने निर्णय गरेको छ।

भारतको विदेश व्यापार महानिर्देशनालयले बुधबार एक सूचना जारी गर्दै नेपालसहित सात देशलाई निर्यातमा लगाएको रोकसम्बन्धी नीतिलाई संशोधन गरेको जनाएको हो। तर, भारतले बासमतीबाहेकका मोटा चामल मात्रै निर्यातका लागि खुला गरेको जनाएको छ।

भारतले बासमतीबाहेकको चामल निर्यातमा खुकुलो नीति लिए पनि नेपाललाई भने खासै असर नपर्ने अधिकारीहरू बताउँछन्। नेपालबाहेक क्यामरुनलाई एक लाख ९० हजार टन, आइभोरिकोस्ट र गिनियालाई समान एक लाख ४२ हजार टन, मलेसियालाई एक लाख ७० हजार टन, फिलिपिन्सलाई दुई लाख ९५ हजार टन र सिसेल्सलाई आठ सय टन चामल निर्यातका लागि खुला गरेको महानिर्देशनालयले सूचनामार्फत जनाएको छ।

भारतले चामल निर्यातमा रोक लगाएपछि नेपाली बजारमा मागअनुसार आपूर्ति गर्न कठिनाइ भएको भन्दै मूल्य बढाइएको छ। नेपालले भने तत्काल एक लाख टन बासमती तथा मसिनो चामल आयातको माग गर्दै भारतलाई पत्राचार गरेको थियो।

चाडपर्वमा पनि मौलाएन जनकपुरधामको व्यापार

जनकपुरमामा **हदिश खुद्दार**

चाडपर्वको सिजन सुरु भए पनि सुस्त रहेको जनकपुरधामको बजार माथि उठ्न सकेको छैन। सामान्य दिनभन्दा चाडपर्वमा व्यापार-व्यवसाय राम्रो हुने अपेक्षा गरे पनि यस वर्ष दसैँ, तिहार र छठ पर्वको मौसम सुरु भइसक्दासमेत जनकपुरधामको बजारमा रौनक आउन सकेको छैन।

आर्थिक मन्दीका कारण आमउपभोक्ताहरूको क्रयशक्ति घटेकाले बजारमा चहलपहल नदेखिएको जनकपुरका व्यापारीहरू बताउँछन्। बजारमा चहलपहल नहुँदा व्यापारीले घाटा व्यहोरेको मात्र नभई विगत चार दशकदेखि दसैँ-तिहारको अवसरमा जनकपुरधाममा लाग्दै आएको दसैँ सस्तो बजारमा पनि यस वर्ष किनमेल गर्ने पातलिएका छन्।

घटस्थापनाको दिन उक्त बजारको उद्घाटन भएको थियो। तर, अहिले किनमेल गर्ने सर्वसाधारणको भिड विगतका वर्षहरूभन्दा न्यून रहेको साबुनको स्टल लगाउँदै आएका सन्तोष कर्ण बताउँछन्। विगत दुई दशकदेखि जनकपुरधाममा व्यापार गर्दै आएका जागेश्वर साहले चाडपर्वको अवसरमा पनि सोचेजस्तो व्यापार नरहेको बताए।



कुनै दिन बोहनीसमेत नभएको गुनासो गर्दै उनी भन्छन्, 'बैंकको ऋण, घरभाडा कसरी तिर्ने र घरपरिवार कसरी चलाउने चिन्ताले सताइरहेको छ।'

कपडा व्यापारीसमेत रहेका धनुषा चेम्बर अफ कमर्सका अध्यक्ष विजय साहले दसैँ सुरु भए पनि अन्य वर्षको तुलनामा यस वर्ष बजारमा उपभोक्ताको उपस्थिति पातलो रहेको बताए। व्यापार नहुँदा घरभाडा, बैंक ऋण तिर्न मुस्किल पर्ने अवस्था आएको उनी सुनाउँछन्।

खुला सीमाको कारण अधिकांश उपभोक्ता भारतीय बजारतर्फ आकर्षित हुनु, कोरोनाको प्रभाव लामो समयसम्म देखिनु, बैंक ब्याज चर्को हुनु, जथाभावी रूपमा घरभाडा बढ्नुजस्ता कारणले जनकपुरधाम बजार क्षेत्रका १५० भन्दा बढी सटरहरू बन्द गरेर व्यापारीहरू पलायन भई सकेका छन् भने आर्थिक मन्दीको कारण एक अर्बभन्दा बढी पुँजी पलायन भएको यहाँका व्यापारीहरूको अनुमान छ।

जनकपुरधाम बजारमा मात्र पहिले दैनिक ५० लाखभन्दा बढी व्यापार हुने गरेकोमा अहिले आर्थिक मन्दीको कारण दैनिक १० लाखको पनि व्यापार हुन नसकिरहेको जनकपुर उद्योग वाणिज्य संघका पदाधिकारीहरूको भनाइ छ।

१० हजार पसल रहेकोमा अहिले आर्थिक मन्दीको कारण व्यापारीहरू पलायन हुँदा ७ हजार जति पसल मात्र जनकपुर बजार क्षेत्रमा रहेको छ। यहाँका ९५ प्रतिशत व्यापारी बैंकबाट ऋण लिएर व्यापार गरिरहेका छन्, तर बैंकको ब्याज लिने नीति गलत भएकाले व्यापार घाटा उच्च रहेको जनकपुरधाम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष मनीषरमण साह बताउँछन्।

बैंकहरूले सहज रूपमा ऋण प्रवाह नगर्नु, चर्को ब्याजदर असुल गर्नु, निर्माण कम्पनीहरूको लामो समयदेखि ७० अर्ब रुपैयाँ संघीय सरकारले भुक्तानी नदिनु, मिटरब्याजीलगायतका समस्याका कारण व्यापार-व्यवसायको अवस्था दयनीय हुँदै गएको साहको भनाइ छ।

दसैँ-तिहारमा जनकपुरधामका बजारमा ८० प्रतिशत ग्राहक पहाडी समुदायका हुने गरेका थिए। शिवचोकका व्यापारी पशुपति सुल्तानिया भन्छन्, 'तर पहाडी समुदाय पलायन भएकाले व्यापार प्रभावित हुन पुगेको हो।' जनकपुरधामबाट ३५ किलोमिटर उत्तर-पश्चिममा रहेको महोत्तरीको बर्दिवास बजारको अवस्था अहिले जनकपुर बजारभन्दा राम्रो हुन पुगेको छ।

सिटिजन्स बैंकका अध्यक्ष पाण्डेको शपथ

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलका अध्यक्ष प्रवलजंग पाण्डेले पद तथा गोपनीयताको शपथ लिएका छन्। नवनियुक्त अध्यक्ष पाण्डेले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसँग शपथ लिएका हुन्।

कार्यक्रममा राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्र, सुपरभिजन विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल, रेगुलेसन विभागका कार्यकारी निर्देशक गुणाकर भट्ट, बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेल, कम्पनी सचिव राजेन्द्रलाल श्रेष्ठलगायतको उपस्थिति रहेको जनाइएको छ।

शपथग्रहणपछि अध्यक्ष पाण्डेले गभर्नरलगायत उपस्थित सम्मपूर्णलाई धन्यवाद दिएका थिए। बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बैंकको वर्तमान स्थिति र आगामी कार्यदिशाका बारेमा प्रकाश पारेका थिए।



शपथग्रहण गराएपछि गभर्नर अधिकारीले समसामयिक एवं समग्र बैकिङ क्षेत्रको विषयमा धारणा व्यक्त गरेका थिए। अध्यक्ष पाण्डे बैंकको १७औँ साधारणसभापश्चात् बसेको सञ्चालक समितिको बैठकद्वारा सर्वसम्मत रूपमा अध्यक्षमा चयन भएको जनाइएको छ। यसअघि उनले बैंकको सञ्चालकको हैसियतमा चार वर्ष कार्य गरिसकेको बैंकले जनाएको छ।

Notice Regarding Election

Date: 2080/07/02

All the SSN Members are are hereby informed that an Election is going to be held to elect the new ssn Executive committee members for the period 2024-2025 A.D. The commit will consist of

President:-1, Sr. Vice President:-1, Vice president:-1, General Secretary:-1, Joint Secretary:-1, Treasurer:-1, Joint Treasurer:-1, Members:-5

The Election Schedule will be as follows:

Election Program	Date	Time
Publication of voter's List	18 Oct, 2023	5Pm
Claims against voter's List	19 Oct, 2023	before 5 pm
Publication of final voter's List	20 Oct, 2023	before 5 pm
Fling of Nominations for candidacy	21 Oct to 5 Nov, 2023	before 5 pm
Claims against candidates	6 Nov, 2023	before 5 pm
Withdrawal of candidates	7 Nov, 2023	before 5 pm
Publication of final list of candidates	8 Nov, 2023	after 5 pm
Voting/ Polling	18 Nov, 2023	till 5 pm
Vote Counting and Declaration of Result	19 Nov, 2023	after 5 pm

Members filing for nomination should download the nomination form, fill and mail a scanned copy to infossnnepal@gmail.com for evaluation and acceptance by the election committee.

Election Committee - 2024
Society of Surgeons of Nepal,
NMA Building 4th Floor Siddhi Sadan, Exhibition Road,
Kathmandu, Nepal

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

कर्जा चुक्ता गर्न तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०७/०२

यस फाइनान्सको शाखा कार्यालय, नारायणगढ, चितवनबाट तपशिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने कर्जाको बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट तरताकेता गर्दा एवं राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने कर्जाको सावाँ ब्याज रकम चुक्ता गर्ने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई फाइनान्ससँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकोले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गरी फाइनान्सको लेना रकम असूल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। साथै सुरक्षणमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गर्दा पनि फाइनान्सको सम्पूर्ण लेना असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ तथा सोको नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल-अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। यसै सूचनालाई आधार मानी ऋणी, धितो जमानत तथा व्यक्तिगत जमानी दिनुहुने व्यक्तिले सो दिन अगावै फाइनान्समा उपस्थित भई सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य स्थगित गरिने व्यहोरा समेत जानकारी गराईन्छ। अन्यथा, नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सम्बन्धित सबै पक्षहरुलाई कालोसूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : निर्मल कुमार श्रेष्ठ बुवा : बन्धु राज श्रेष्ठ बाजे : शंकमान श्रेष्ठ ना.प्र.नं. : ३७४३/०५५ मिति : २०५५/०३/२९, जि.प्र.का. चितवन ठेगाना : गीतानगर वडा नं. ५, चितवन। हाल : भरतपुर म.न.पा. वडा नं. ६, चितवन।	**नाम : अन्जु श्रेष्ठ** बुवा : राम श्रेष्ठ पति : निर्मल कुमार श्रेष्ठ ससुरा : बन्धु राज श्रेष्ठ ना.प्र.नं. : ३७-०२-७०-०७३०५ मिति : २०७०/१०/२६, जि.प्र.का. रुपन्देही ठेगाना : देवदह वडा नं. ५, रुपन्देही हाल : भरतपुर म.न.पा. वडा नं. ६, चितवन।
धितोमा रहेको सुरक्षणको विवरण	
मालपोत कार्यालय भरतपुर, चितवनमा निर्मल कुमार श्रेष्ठको नाममा दर्ता रहेको नारायणी अञ्चल, चितवन जिल्ला, पटिहानी वडा नं. ३ ख स्थित कि.नं. १७३१ क्षेत्रफल ६७७.२६ व.मी. को जग्गा तथा त्यसमा भए गरेका निर्माणहरु समेत।	

लिलाम बिक्री सम्बन्धी शर्तहरु:

(१) बोलपत्र फारम फाइनान्सको मुख्य कार्यालय, भाटभटेनी, काठमाडौं तथा फाइनान्सको सबै शाखा कार्यालयहरुबाट रु. १,०००।- तिरी प्राप्त गर्न सकिने छ।

(२) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८०/०७/१६ गते भित्र फाइनान्सको प्रधान कार्यालय, भाटभटेनी काठमाडौं वा सबै शाखा कार्यालय मध्ये कुनै एकमा प्राप्त भैसक्नुपर्नेछ र प्राप्त बोलपत्रहरु मिति २०८०/०७/१९ गते दिनको २:०० बजे फाइनान्सको शाखा कार्यालय नारायणगढ, चितवनमा बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ तर बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन।

(३) बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदाको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै बोलपत्र खोलिनेछ।

(४) उल्लेखित चल-अचल सम्पत्ति जहाँ जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नुपर्नेछ। बोलपत्रदाताले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

(५) बोलपत्रमा आफुले सकार गरी लिन चाहेको चल-अचल सम्पत्ति के/कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरले लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ र धेरै नै केरमेट भै कबुल गरेको मुल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन। आफूले कबूल गरेको रकमको कम्तीमा १०% ले हुन आउने रकम फाइनान्सको Tender Deposit Margin खाता नम्बर 9264013851014 मा धरौटी वापत नगदै जम्मा गरी सोको नगदी रसिद वा यस फाइनान्सको नाममा खिचिएको चेक वा ड्राफ्ट/पेमेन्ट अर्डर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ। धरौटी वापत जम्मा गरिएको रकमको ब्याज दिईने छैन।

(६) नेपाल सरकारको आर्थिक नियम तथा प्रचलित कानून बमोजिम खरिद गरि लिन चाहेको सम्पत्तिको नामसारी/दाखिल खारेज गर्दा लाग्ने कर, शुल्क, दै-दस्तुर लगायत सम्पूर्ण खर्चहरु बोलपत्रदाता स्वयंले नै व्यहोर्नु पर्नेछ।

(७) बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सोको जानकारी भएको मितिले ७ (सात) दिन वा फाइनान्सले तोकेको समयावधिभित्र कबोल गरेको सम्पूर्ण रकममा धरौटी राखेको रकम घटाई बाँकी रकम जम्मा गर्नुपर्नेछ। उक्त समयभित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखेको जमानत रकम फाइनान्सले जफत गर्न सक्नेछ।

(८) रितपूर्वक पेश नभएको बोलपत्रहरु लिलाम बढाबढ प्रकृयामा समावेश गरिने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोसिएशन गर्ने सम्पूर्ण अधिकार फाइनान्समा सुरक्षित रहनेछ।

(९) लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहनु हुने महानुभावले शाखा कार्यालय, नारायणगढ, चितवनमा सम्पर्क राख्न सक्नु हुनेछ।

(१०) लिलाम बिक्री हुने भनिएको उल्लेखित चल-अचल सम्पत्ति कसैले सकार नगरेमा, वा शिलबन्दी बोलपत्रमा उल्लेखित रकम फाइनान्सलाई चित्त बुझ्दो नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित ऐन, कानून तथा फाइनान्सको नीति नियम अनुसार उक्त सम्पत्तिहरु बिक्री गर्न वा यस फाइनान्सले आफै सकार गरी सोको स्वामित्व लिन वा अन्य कुनै व्यवस्था गर्न सक्नेछ।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np

ब्रोकर कमिसन १०% घटाउन बोर्डको प्रस्ताव

भोजराज भण्डारी/नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डको सञ्चालक समितिले ब्रोकर कमिसन घटाउने प्रस्ताव गरेको छ। बुधबार बसेको बोर्डको सञ्चालक समितिको बैठकले १० प्रतिशतले ब्रोकर कमिसन घटाउने गरी अर्थ मन्त्रालयमा प्रस्ताव गरेको हो।

बोर्डका एक अधिकारीका अनुसार हाल सेयर कारोबारमा रहेको अधिकतम ०.४० प्रतिशतको माथिल्लो सीमालाई घटाएर ०.३६ प्रतिशत कायम गर्ने र तल्लो सीमामा रहेको ०.२७ प्रतिशतलाई घटाएर ०.२४३ प्रतिशत कायम गर्ने गरी प्रस्ताव गरिएको छ। ती अधिकारीले भने, 'अहिले हामीले प्रस्ताव मात्र गरेका हौं, मन्त्रालयबाट स्वीकृत भएपछि कार्यान्वयनमा आउँछ।'

गत जेठमा बसेको सञ्चालक समितिको बैठकले बोर्डका कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो।

उक्त समितिले सञ्चालक समितिलाई ब्रोकर कमिसन १० प्रतिशतले घटाउने प्रस्ताव गरेको थियो। सोहीअनुसार सञ्चालक समितिले कमिसन घटाउने प्रस्ताव गरेको हो। यसअघि बोर्डले ०७७ पुस १० गते ब्रोकर कमिसन घटाएर माथिल्लो सीमा ०.४० प्रतिशत र तल्लो सीमा ०.२७ प्रतिशत कायम गरेको थियो।



हाल ५० हजार रुपैयाँसम्मको कारोबारमा लगानीकर्ताले ०.४० प्रतिशत, ५० हजार देखि पाँच लाख रुपैयाँसम्मको कारोबारमा ०.३७ प्रतिशत, पाँच लाखदेखि २० लाख रुपैयाँसम्मको कारोबारमा ०.३४ प्रतिशत कमिसन शुल्क तोकिएको छ। त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्ममा ०.३० प्रतिशत र एक करोड रुपैयाँमाथि ०.२७ प्रतिशतसम्म कमिसन लाग्दै आएको छ।

मन्त्रालयबाट सञ्चालक समितिको प्रस्ताव स्वीकृत भएमा ५० हजार रुपैयाँसम्मको कारोबारमा लगानीकर्ताले ०.३६ प्रतिशत, ५० हजारदेखि पाँच लाख रुपैयाँसम्मको कारोबारमा ०.३३ प्रतिशत, पाँच लाखदेखि २० लाख रुपैयाँसम्मको कारोबारमा ०.३०६ प्रतिशत कमिसन शुल्क लाग्नेछ। त्यस्तै, २० लाखदेखि एक करोड रुपैयाँसम्ममा ०.२७ प्रतिशत र एक करोड रुपैयाँभन्दा माथिको कारोबारमा ०.२४३ प्रतिशतसम्म कमिसन लाग्ने बोर्डको भनाइ छ।

■ बोर्डको कमिसन पनि घटाइने

बोर्डले आफूले पाउँदै आएको कमिसन शुल्क पनि १० प्रतिशतले घटाउने गरी प्रस्ताव गरेको स्रोतको भनाइ छ। बोर्डले ब्रोकरले दिएको सेवा शुल्कमा ०.६ प्रतिशत नियमन शुल्कबापत ब्रोकर कम्पनीबाट प्राप्त गर्दै आएको छ। अब भने ब्रोकरले ०.५४ प्रतिशत यस्तो शुल्क बुझाउनुपर्ने एक ब्रोकरले बताए। लगानीकर्ताले गर्ने कारोबारबापत धितोपत्र बोर्डले प्राप्त गर्दै आएको कमिसन ७ प्रतिशत बिन्दुले घटाएको छ। बोर्डले लगानीकर्ताले गर्ने कारोबार रकमको ०.०१५ प्रतिशत कमिसन बोर्डले प्राप्त गर्दै आएको छ। अब भने बोर्डले ०.०१४ प्रतिशत कमिसन प्राप्त गर्ने बोर्ड स्रोतको भनाइ छ।

लगानीकर्ताहरूले बोर्डको प्रस्तावलाई स्वागत गरेका छन्। लगानीकर्ता ताराप्रसाद फुलेलले आफूहरूले पटकपटक उठाउँदै आएको माग सम्बोधन भएको बताए। उनले भने, 'अहिले बजार घटिरहेको अवस्थामा केही माग सम्बोधन गर्ने प्रयास भएको छ।' लगानीकर्ताहरूले ब्रोकर कमिसन घटाउन बोर्डमार्फत लबिङ गर्दै आएका आएका थिए। नयाँ ब्रोकर संख्या थपिएपछि बोर्डमाथि ब्रोकर कमिसन घटाउन दबाब बढेको थियो। ५० वटा ब्रोकर कम्पनीबाट थप भएर ९३ वटा पुगेको छ।

■ छलफल नगरेकोमा गुनासो

ब्रोकरहरूले बोर्डले ब्रोकर कम्पनीहरूसँग छलफल नै नगरीकन ब्रोकर कमिसन घटाएको भन्दै असहमति जनाएका छन्। स्टक ब्रोकर एसोसिएसनका अध्यक्ष सागर ढकालले हालसालै कारोबार सुरु गरेका कम्पनीसँग छलफल नै नगरी ब्रोकर कमिसन घटाउँदा अन्याय भएको बताए। उनले भने, 'कमिसन बोर्डको निर्णयमा तोक्नेभन्दा पनि ब्रोकर कम्पनीहरूलाई नै नियम बनाएर जिम्मा दिनुपर्ने हो, तर यस्तो निर्णयले पुँजीकरण घटिरहेको अवस्थामा समस्यामा पारेको छ।'

एभरेष्ट बैंकको वार्षिकोत्सवमा विभिन्न कार्यक्रम

काठमाडौं/ एभरेष्ट बैंक लिमिटेडले विभिन्न कार्यक्रम गरेर आफ्नो वार्षिकोत्सव मनाएको छ। बैंकले ३५ वर्षभन्दा बढी सेवा गर्ने कर्मचारीलाई सम्मान तथा संस्थागत सामाजिक उत्तरदायित्वको कार्यक्रम गरेर २ ९औँ वार्षिकोत्सव मनाएको हो।

सेवा अवधिको २५ वर्ष पूरा गरेका २८ जना कर्मचारीलाई बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिडले विशेष सम्मान गरेको जनाइएको छ। त्यस्तै, बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सुर्खेतको कोपिला भ्याली सेवा समाजलाई पाँच लाख रुपैयाँ सहयोग गरेको बैंकले जनाएको छ।

सहयोग रकमको चेक बैंकका नायब महाप्रबन्धक केशवप्रसाद पौडेलले कोपिला भ्याली सेवा समाजका लागि ब्लिंकनाव फाउन्डेसनका राष्ट्रिय प्रतिनिधि डा. एसपी कलौनीलाई हस्तान्तरण गरेको उल्लेख छ।



कार्यक्रममा बैंकका बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्पराज उप्रेती र बजार अधिकृत एलिना कार्की तथा ब्लिंकनाव फाउन्डेसनका साझेदारी प्रबन्धक अम्रिना रञ्जितको उपस्थिति रहेको जनाइएको छ।

बैंकले देशभरमा एक सय २७ शाखा, तीन एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, एक सय ६२ एटिएम तथा ३२ राजस्व संकलन केन्द्रमार्फत सेवा दिँदै आएको जनाएको छ।

एनआइसी एसिया लघुवित्त संस्थाको लाभांश प्रस्ताव

काठमाडौं/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्थाले शेयरधनीलाई लाभांश वितरणको प्रस्ताव गरेको छ। लघुवित्तको सञ्चालक समितिको बैठकले सेयरधनीलाई १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको हो।

संस्थाका शेयरधनीलाई आव ०७९/८० को सञ्चित मुनाफाबाट हाल कायम चुक्ता पुँजीको १५ प्रतिशत अर्थात् २६ करोड नौ लाख रुपैयाँबराबर नगद लाभांश वितरण गर्ने लघुवित्तले जनाएको छ। कर प्रयोजनसहित प्रस्ताव गरिएको यो लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त वार्षिक साधारणसभाबाट पारित भएपछि लागू हुने जनाइएको छ।

एनएमबि बैंकले दुई करोड अमेरिकी डलर ऋण ल्याउने

काठमाडौं/ एनएमबि बैंक लिमिटेडले हरित वित्त प्रवर्द्धन र साना तथा मझौला उद्यम (एसएमइज)लाई टेवा पुऱ्याउने उद्देश्यले अन्तर्राष्ट्रिय साझेदार (डच इन्टरप्रेन्युरल डेभलपमेन्ट बैंक (एफएमओ)बाट दुई करोड अमेरिकी डलरबराबरको ऋण प्राप्त गरेको छ।

बैंक र एफएमओबीचको यस साझेदारीमा एफएमओबाट एनएमबि बैंकलाई एक करोड ५० लाख अमेरिकी डलर ग्रिन इनिसिएटिभमा केन्द्रित रही वित्तीय कारोबार गर्नका लागि प्राप्त गरिएको र बाँकी रकम एसएमइज विकास प्रवर्द्धनका लागि प्राप्त भएको जनाइएको छ।

बैंकले हाल देशभरमा दुई सय एक शाखा, एक सय ५१ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत सेवा दिँदै आएको जनाएको छ।

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०।०७।०२

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९१ को उपदफा ३ ले "सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न, सवारीको पार्टपुर्जा आयात गरी एसेम्बल गरी सवारी उत्पादन गर्ने कारखाना सञ्चालन गर्न, सवारी साधन उत्पादन गर्ने उद्योग वा चार्जिङ स्टेसन सञ्चालन गर्न वा ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयलबाट अनुमति लिनु पर्नेछ।" भन्ने व्यवस्था गरे अनुसार उल्लेखित कार्य गर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र यस मन्त्रालयबाट अनुमति प्राप्त गर्न तोकिए बमोजिम शुल्क र दस्तुर बुझाई नजिकको यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

(१) सवारी चालक प्रशिक्षण केन्द्र दर्ता गर्न सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ४ बमोजिमको कागजात पुरा गरि सोही निर्देशिकाको दफा ३ बमोजिमको वर्गीकरण र दफा १० बमोजिमको भौतिक पूर्वाधार तथा मानवीय संसाधन मापदण्ड पुरा भएको हुनुपर्नेछ, तर वर्ग "क" (A)- मोटरसाइकल/स्कुटर/मोपेड/वर्ग "ख" (B)- कार/जिप/डेलिभरि भ्यानको सवारी चालक प्रशिक्षण केन्द्रको मापदण्ड सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ बमोजिम हुनुपर्नेछ।

(२) कारखाना तथा वर्कसप दर्ता गर्न कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४ को दफा ३ बमोजिमको वर्गीकरण अनुसारका कारखाना तथा वर्कसपले सोही निर्देशिकाको दफा ४ बमोजिमको कागजात पुरा गरि निवेदन दिनु पर्नेछ।

(३) विद्युतीय सवारीको चार्जिङ स्टेसन दर्ता गर्न देहाय बमोजिमको कागजात सहित निवेदन दिनु पर्नेछ।
(क) सञ्चालकहरूको निवेदन तथा निवेदकहरूको नागरिकताको प्रतिलिपि।
(ख) कम्पनी दर्ता गरेको हकमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र प्रमाणपत्र वा उद्योग दर्ताको प्रमाणपत्र वा साझेदारी वा निजी ऐन अन्तर्गत दर्ता भए उद्योग दर्ता प्रमाण पत्र।
(ग) स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि।
(घ) मानापात्र उ.म.न.पा. र न.पा. र गा.पा.को सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
(ङ) प्राविधिक प्रतिवेदन।
(च) प्रयोग हुने जमिनको लालपुर्जा वा भाडा वा घर बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि
(छ) विद्युत प्राधिकरणबाट विद्युत जडान स्वीकृतिको अनुमति लिएको प्रमाणपत्रको प्रतिलिपि।

(४) प्रदेश आर्थिक ऐन, २०८० बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन गर्ने अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः निम्नानुसार तोकिएको हुँदा सोही अनुसार बुझाउनु पर्नेछ।

सि.नं.	पूँजी	दस्तुर (रुपैयाँमा)
१	२ लाख रुपैयाँ भन्दा कमको लागि	१०००/-
२	२ लाख रुपैयाँ भन्दा बढी छ लाख रुपैयाँ सम्मको लागि	१५००/-
३	५ लाख रुपैयाँ भन्दा बढी १० लाख रुपैयाँ सम्मको लागि	२५००/-
४	१० लाख रुपैयाँ भन्दा जतिसुकै बढी भएपनि	५०००/-

उल्लेखित दस्तुरहरु जम्मा गर्ने खाताको विवरण यस प्रकार छ।
खाता नम्बरः १०००१००२०००१०००
राजश्व शीर्षकः अन्य प्रशासनिक सेवा शुल्क (१४२२९)
खाता रहेको बैंकः राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा
कार्यालय कोडः ३७१००३२०१३, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा

पुनश्चः यो अवधिमा अनुमतिको लागि निवेदन दर्ता नगर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थालाई प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७७ को दफा १९४ को उपदफा २ को "ग" बमोजिमको दण्ड सजाय हुनेछ।

आइएमई र अस्ट्र टेकको बोटिम टेक्नोलोजीबीच रेमिट्यान्स सम्झौता



काठमाडौं/ रेमिट्यान्स सेवा प्रदायक कम्पनी आइएमई र मध्यपूर्वलगायत १५५ देशमा सञ्चालनमा रहेको अस्ट्र टेकद्वारा प्रवर्द्धित बोटिम अल्ट्रा एपमार्फत नेपालमा रकम पठाउन र डिजिटल रेमिट्यान्स सेवा प्रवर्द्धन गर्ने समझदारी भएको छ।

सम्झौताअनुसार युएईको केन्द्रीय बैंकबाट इजाजतपत्र प्राप्त बोटिम अल्ट्रा एपमार्फत आइएमईको डिजिटल वालेट आइएमई पेमा सोझै रकम पठाउन सकिने गरी डिजिटल रेमिट् यान्सलाई प्रवर्द्धन गर्न दुवै पक्षले सहकार्य गर्ने जनाइएको छ। यस रणनीतिक सहकार्यमार्फत डिजिटल वित्तीय समावेशितालाई थप प्रवर्द्धन गर्दै कारोबारको डिजिटल रूपान्तरणमा ठूलो सहयोग पुग्नुको साथै आइएमईका सेवाग्राहीहरूलाई अत्याधुनिक सूचना प्रविधिमा आधारित वित्तीय सेवा प्रदान गर्ने उद्देश्य पूरा गर्न सहयोग पुग्ने आइएमईका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेलले बताए।

अस्ट्र टेकका प्रमुख व्यापार अधिकृत मार्क मिसेलले आइएमई नेपालसँगको साझेदारीबाट उत्साहित रहेको बताउँदै वित्तीय सेवालाई सबैका लागि थप पहुँचयोग्य बनाउन महत्त्वपूर्ण कदम रहेको उल्लेख गरे। यो रणनीतिक साझेदारी, युएई र त्यसभन्दा बाहिरसमेत आर्थिक समावेशिता प्रवर्द्धन गर्न केन्द्रित रहेको उनको भनाइ थियो।

वार्षिकोत्सवमा कुमारी क्यापिटलको रक्तदान

काठमाडौं/ कुमारी क्यापिटल लिमिटेडले स्थापनाको पाँचौं वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसर पारेर रक्तदान कार्यक्रम आयोजना गरेको छ। क्यापिटलले नक्साल बक्सिङ क्लबको प्रांगणमा रक्तदान कार्यक्रम सञ्चालन गरेको हो।

कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटी तथा काठमाडौं महानगरपालिका वाड नम्बर १ ले सहयोग गरेको जनाइएको छ। आउँदा वर्षहरूमा पनि मानवीय सेवालाई अघि बढाउँदै जाने क्यापिटलले जनाएको छ।

इप्पानको दिगो वित्त र सामाजिक द्वन्द्व व्यवस्थापन तालिम

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) र इन्टरनेसनल सेन्टर फर हाइड्रोपार (आइसिएच)को सहआयोजनामा दुईदिने दिगो वित्तीय उपकरण व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ। काठमाडौंमा भएको कार्यक्रममा नवीकरणीय ऊर्जामा काम गरिरहेका २८ जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो।

दुईदिने तालिमको उद्घाटन गर्दै इप्पान अध्यक्ष गणेश कार्कीले ऊर्जा उद्यमीहरूको क्षमता वृद्धिका लागि आइसिएच र अन्तर्राष्ट्रिय वित्त निगम (आइएफसी)सँगको सहकार्यमा आयोजना गरिएको दिगो वित्तीय उपकरणसम्बन्धी तालिमले नवीकरणीय ऊर्जाको क्षेत्रमा वित्त व्यवस्थापनमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे। आइसिएचकी प्रबन्ध निर्देशक लिने अम्लुन्ड हेगनले नवीकरणीय ऊर्जाको दिगो वित्त व्यवस्थापनका लागि यो तालिम आयोजना गरिएको बताइन्।

सामाजिक-पर्यावरण द्वन्द्व व्यवस्थापनमा पाँचदिने तालिम

इप्पान र आइसिएचकै सहकार्यमा नवीकरणीय ऊर्जा परियोजनामा सामाजिक-पर्यावरण द्वन्द्व व्यवस्थापनसम्बन्धी पाँचदिने तालिम पनि केही दिनअघि मात्र सम्पन्न भएको छ। असोज २२ देखि २६ गतेसम्म आयोजना भएको तालिममा स्थानीय र पर्यावरणसम्बन्धी द्वन्द्व व्यवस्थापनबारे आइसिएचका तर्फबाट दर्जनौं पेपर प्रिजेन्टेसन गरिएको थियो।

उक्त तालिममा नेपालको ऊर्जा क्षेत्रमा सक्रिय १५ जना र फिलिपिन्सका तीनजना ऊर्जा उद्यमीहरूको सहभागिता रहेको थियो।

युएईमाथि नेपालको सात विकेटको जित



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

कप्तान रोहितकुमार पौडेलको अर्धशतकको सहयोगमा नेपालले अन्तर्राष्ट्रिय टी-२० त्रिदेशीय क्रिकेट प्रतियोगितामा बुधबार युएईमाथि सात विकेटको सानदार जित हात पारेको छ। मूलपानी क्रिकेट मैदानमा पहिलो टी-२० खेलमा नेपालले बलिङ र ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो। अब नेपालले बिहीबार दोस्रो खेलमा हङकङको सामना गर्नेछ। जितसँगै नेपालले दुई अंक जोडेको छ। युएईले पहिलो ब्याटिङ गर्दै २० ओभरमा सात विकेट गुमाएर एक सय ४० रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नेपालले १८.५ ओभरमा तीन विकेटको क्षतिमा एक सय ४४ रनको योगफल खडा गरेको थियो।

नेपालका कप्तान रोहित मूलपानीको मैदानमा अर्धशतक बनाउँदा खुसी देखिए। उनले नेपालको ब्याटिङमा अझै सुधार गर्नुपर्ने बताएका छन्। 'व्यक्तिगत रूपमा अर्धशतक बनाउँदा खुसी छु, तर हामीले ब्याटिङमा अझै राम्रो गर्नुपर्छ, बलिङ पक्ष निकै राम्रो भयो,' खेलपछि उनले भने। मूलपानीको मैदान नयाँ भएकाले खेल्न गाह्रो भएको उनको भनाइ छ। 'यहाँको पिच नयाँ भएकाले खासै बुझ्न सकिनँ, सुरुमा विकेट जाँदा निराश भएको थिएँ,' उनले भने, 'हामी पछि फर्किर्यौं।' मूलपानीको माथिल्लो मैदानले टी-२० आईको मान्यता पाएको छ। गत वैशाखमा एकदिवसीय मान्यता पाएको थियो।

युएईविरुद्ध युवा लेग स्पिनर मौसम ढकालले डेब्यु गरेका छन्। टी-२० मा डेब्यु गर्ने मौसम ४४औं खेलाडी भए। उनलाई नेपाली टोलीका पूर्वकप्तान तथा नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले क्याप लगाएका थिए। मौसमले डेब्यु गर्न पाउँदा खुसी लागेको बताएका छन्। 'नेपालका लागि खेल्ने सबैको सपना पूरा भएको छ,' उनले भने, 'अझै सुधारिएको प्रदर्शन गर्न सक्थे, यो मेरा लागि अवसर थियो।'

कप्तान रोहितको अर्धशतक

नेपालको आकर्षक जितमा रोहितले ५१ रन र दीपेन्द्र सिंह ऐरीले ३४ रन बनाएका थिए। रोहितले ४० बलमा पाँच चौका प्रहार गरे। दीपेन्द्रले २४ बलमा तीन चौका र एक छक्का हिर्काएका थिए। दुई खेलाडीले चौथो विकेटका लागि ९३ रनको साझेदारी गरे। दुवैले नटआउट साझेदारी गर्नुअघि नेपाल ८.५ ओभरमा ५१-३ को अवस्थामा थियो। नेपालले ४.२ ओभरमा ओपनर कुशल भुर्तेललाई गुमाएको थियो।

६.६ ओभरमा विस्फोटक ब्याट्सम्यान कुशल मल्लको विकेट नेपालले गुमाएको थियो। कुशल आउट हुँदा नेपाल ४५-२ को स्थितिमा थियो। ओपनर आसिफ शेखले २३, कुशल भुर्तेलले १४ र कुशल मल्लले ११ रनको योगदान गरेका थिए। युएईका निलान्स केश्वानी र अली नासिरले समान एक विकेट लिए।

युएईको कमजोर सुरुवात

मूलपानीको माथिल्लो मैदानमा टस हारी पहिलो ब्याटिङ गरेको युएईको सुरुवात राम्रो हुन सकेन। सो इनिङ्समा बसिल हमिदले अर्धशतक बनाए। छैटौं नम्बर क्रिजमा ब्याटिङ गरेका बसिलले ३८ बलमा ५१ रन बनाए। बसिललाई करण केसीले विकेट किपर आसिफ शेखबाट क्याच गराए। यसअघि बसिलले ५२-४ को स्थितिमा आएर युएईको स्कोर बढाएका थिए। युएईका अली नासिरले ३० बलमा ३२ रन बनाए। आसिफ खानले १५ र कप्तान मुहमद वासिमले १७ रनको योगदान गरे। युएईका अन्य खेलाडीले दोहोरो रन बनाउन सकेनन्। ओपनर खालिद साह ६ बलमा शून्यमै आउट भएका थिए। नेपालका करण केसीले सर्वाधिक तीन विकेट लिएका थिए। उनले ४ ओभरमा १९ रन खर्चिए। गुल्सन झाले २ तथा सोमपाल कामी र अविनाश बोहराले समान एक विकेट लिन सफल भए।

दर्शकलाई सास्ती

नवीन बिडारी हाल चाबहिल बस्छन्। उनी नेपालको खेल हेर्न पहिलोपटक मूलपानी पुगेका थिए। नेपाल र युएईबीचको खेल हेर्न उत्साहित थिए। दुई सयको टिकट काटेर मैदानमा पुगेका उनी निराश भए। आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले नेपाल र युएईबीचको खेलका लागि प्यारापिटको व्यवस्था गरेको थिएन। 'धेरै आशा गरेर मैदान गएका थिए, तर टिकट लिएर भित्र पस्दा सोचेजस्तो भएन,' बिडारीले भने, 'क्यानले दर्शकबाट टिकट मूल्य उठायो, व्यवस्थापन गतिलो भएन।' बिडारीको जस्तै नुवाकोट घर भई हाल गौरीघाट बसेका श्रीधर खतिवडाको गुनासो उही छ। 'दसैंको मुखैमा नेपालले जितेको हेर्न उत्साहित थिए, टिकट काटेर भित्र पस्दा दुःख मात्रै भयो,' उनले भने, 'हामी बस्ने स्थान नै छैन, क्यानको ध्यानाकर्षण होस्।'

यस्तो मैदानको खाँचो छ

रोहितकुमार पौडेल, कप्तान, नेपाल

हामीले राम्रो प्रदर्शन गर्यौं। नयाँ पिच भएकाले खासै आइडिया भएन। बलिङमा राम्रो गर्‍यौं, ब्याटिङमा सुधार गर्नुपर्ने धेरै छ। पछिल्लोपटक रन बनाउन नसक्दा केही निराशा थियो। अर्धशतक प्रहार गर्दा खुसी छु। दर्शक पनि आउनुभयो। यस्तै, दुई तीनवटा मैदान भयो भने सहज हुन्छ। विश्वकप अघि स्पिनरले राम्रो गरेका छन्। आउने दिनमा झनै राम्रो गर्न सक्छौं।

सानो मैदानमा खेल्न गाह्रो छ

बसिल हमिद, खेलाडी, युएई

नेपाल धेरै राम्रो हो। उनीहरूले राम्रो साझेदारी गरे। खेल जितेमा उनीहरूलाई श्रेय जान्छ। आयन्सले युवा खेलाडी हो। उसले अझै राम्रो गर्न सक्छ। यो सानो मैदान हो खेल्न सहज छैन। नेपालमा धेरै समर्थक हुन्छन्। यहाँ खेल्न रमाइलो हुन्छ। व्यवस्थापन पनि राम्रो छ।

राई ११औं लिगलिगे दौडको विजेता

नयाँ पत्रिका

गोरखाको पालुङटारमा बुधबार आयोजित ११औं लिगलिगे दौडको उपाधि नेपाली सेनाका गजेन्द्र राईले जितेका छन्। उपाधि जितेसँगै उनी ११औं 'लिगलिगे राजा' बनेका छन्। चेपेघाटदेखि लिगलिगकोटसम्मको १३.५ किलोमिटर दूरी उनले ५६ मिनेट ३६ सेकेन्डमा पार गरेका थिए। खोटाङ घर भएका उनी त्रिभुवन आर्मी क्लबमा आबद्ध छन्। निर्धारित दूरी ५६ मिनेट ५३ सेकेन्डमा लगाएका त्रिभुवन आर्मी क्लबकै नरेन्द्र सिं रावत दोस्रो भएका छन्। गत वर्षका विजेता अनिश थापा यसपाली तेस्रो बनेका छन्। निर्धारित दूरी उनले ५८ मिनेट ३५ सेकेन्डमा पार गरेका थिए। उनी भारतीय सेनामा कार्यरत छन्।

दौडको उपाधि विजेता राईलाई विशेष कार्यक्रमबीच गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले लिगलिगे राजा घोषणा गर्ने कार्यक्रम रहेको आयोजक लिगलिग विकास अभियानका अध्यक्ष सञ्जीव राना मगरले बताए। राईलाई एक लाख पुरस्कारसहित श्रीपेच प्रदान गरिनेछ। दौडमा दोस्रो भएका रावतले ५० हजार र तेस्रो बनेका थापाले २५ हजार रुपैयाँ पाउनेछन्।

दौडमा २१ जना स्थानीय धावकसहित कुल ७० जनाको सहभागिता थियो। गोरखा र लमजुङको सिमानामा पर्ने चेपेघाटबाट सुरु



भएको दौड ढिकीडाँडा, ठाँटीपोखरी, पानी ट्यांकी, छापथोक, बडडाँडा, बोहोरागाउँ, सभा चौतारो, मैबल, दर्बेपानी, बिजुलीडाँडा, खोली चौतारो हुँदै लिगलिगकोट कालिका मन्दिरमा पुगेर सम्पन्न भएको हो। नेपाल एकीकरणअघि बाइसे-चौबीसे राज्यमध्ये लिगलिगकोटमा दौडेर प्रथम हुने व्यक्ति राजा हुने परम्परा थियो। विसं १६०४ मा सुरु भएको मानिएको दौड २०६७ सालबाट निरन्तरता हुन थालिएको हो। तत्कालीन राजा द्रव्य शाहले दौडमा विजय हासिल गरी लिगलिगकोटको राजा बनेपछि लिगलिगकोटमा दौडिएर राजा हुने परम्पराको अन्त्य भएको मानिन्छ।

प्रथम वीरगन्ज गोल्डकप हुँदै

वीरगन्ज/ पाँच वर्षपछि मधेश प्रदेशमा प्रथम वीरगन्ज फुटबल गोल्डकप फुटबल प्रतियोगिता हुने भएको छ। प्रतियोगिता १८ कात्तिकदेखि हुने आयोजकले जनाएको छ। भेट्टान सिटी क्लब वीरगन्जका अध्यक्ष सविन बस्नेतले गोल्डकप मधेश प्रदेशकै ठूलो धनराशी भएको बताएका छन्। आदर्शनगर रंगशालामा एक सातासम्म चल्ने प्रतियोगितामा नेपालका पाँच टोलीले भाग लिनेछन्। यसैगरी, भारतका दुई र आयोजक क्लबको एक टोलीले भाग लिने बस्नेतले बताए।

त्रिभुवन आर्मी, नेपाल पुलिस, संकटा, चर्च ब्वाइज युनाइटेड र झापा एफसी क्लब सहभागी हुनेछन्। भारतको क्लाइभ हाउस डमडम कोलकाता, नर्थ जोन फुटबल टिम दिल्ली र आयोजक भेट्टान सिटी क्लब वीरगन्ज क्लब सहभागी रहने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले ११ लाख ११ र दोस्रो हुने क्लबले पाँच लाख ५५ हजार रुपैयाँ पाउनेछन्। ८० लाख बजेट रहेको गोल्डकपका लागि वीरगन्ज महानगरपालिकाले २५ लाख सहयोग गर्ने भएको छ। गोल्डकपको आयोजनाले वीरगन्जमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता हुन सक्ने सन्देश दिने क्लबका महासचिव पंकज श्रेष्ठले बताए। प्रतियोगिता आयोजना हुने आदर्शनगर रंगशालाको दर्शक क्षमता १० हजार रहेको छ।

सडक डिभिजन पोखराको प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०८०/०७/०२

यस डिभिजनबाट तपसिलको निर्माण कार्यको लागि तपसिलका सूचना नं, मिति र पत्रिकामा बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरुको प्रविधिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को निमय ५९, ६०, ६२ र ६३ बमोजिम मुल्याङ्कन गरी योग्यताको सवै आधारमा सफल हुने तपसिल बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरु तपशिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं	निर्माण कार्यको विवरण	सफल बोलपत्रदाताहरु
Tender Notice No: 01-080/81 Published date. 2080/05/06 **(Aarthik National Daily)** ContractNo: **RDPKR/ 337011384/080/81-01**	Road Upgradation/ Extension works on Birauta Chowk to Nahar Section of Siddartha Highway and Water Management at Devis Falls Area.	• M/S Aarushi Alakapuri JV, ,Pokhara • M/S B.S. -Subash JV, Tarakeshwor Kathmandu • M/S Bibek&Kuber Builders Pvt.Ltd,Walling Syangja • M/S Darshan Construction Private Limited, Syangja • M/S Indreni Nirman Sewa Pvt. Ltd,Pokhara-7 Kaski • M/S R.S Nirman Sewa, Kathmandu-32 • M/S Ruchi - B.P. J.V. Syangja • M/S Uttargaya-Janmabhumi J.V, Rasuwa -09
Tender Notice No: 01-080/81 Published date. 2080/05/06 **(Aarthik National Daily)** ContractNo: **DROPKR/ 337310113/080/81-03**	Asphalt Overlay Works on Pokhara-Bindabasini Sarankot Road	• M/S Jay Nepal Ishwor Nirman Sewa (P) Ltd,Syangja • M/S K.D.Construction,Pokhara-5 • M/S P.L construction,Pokhara Kaski
आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान :		**२०८०/०७/१३ गते दिनको १.०० बजे सडक डिभिजन पोखरा**

डिभिजन प्रमुख

खेल संक्षेप

ताजकिस्तानलाई नेपालले हरायो

काठमाडौं/ नेपालको महिला टेनिस टोलीले बिली जिन किङ कपमा बुधबार जित निकालेको छ। टिम इभेन्टमा नेपालले ताजकिस्तानलाई ३-० ले पराजित गरेको नेपाल टेनिस संघका सदस्य अजय विष्टले बहराइनबाट जानकारी गराए। नेपाली खेलाडीले दुई एकल र एक डबलमा सोझो सेटमा नतिजा आफ्नो पक्षमा पारे। पहिलो एकलमा नेपालकी माहिका राणाले मालिका रहिमोभालाई ६-० र ६-० को सोझो सेटमा पराजित गरिन्। अर्को खेलमा नेपालकी अभिलाषा विष्टले योसुमन सलिमोभालाई ६-० र ६-० कै सोझो सेटमा निराश पारिन्। डबल्समा नेपालका सुनिरा थापा र रायना शाहको जोडीले फजिला मोरुदोभा र मालिकाको जोडीलाई सीधा सेटमा ६-० र ६-० ले नै पाखा लगाए।

ललितपुर सेमिफाइनलमा

काठमाडौं/ भक्तपुर र ललितपुर तेस्रो अल नेपाल अन्तरवडा टेबलटेनिस प्रतियोगितामा महिला टिम इभेन्टमा सेमिफाइनलमा प्रवेश गरेका छन्। प्रतियोगितामा भक्तपुरको २ र ५ वडा अन्तिम चारमा प्रवेश गरेका हुन्। ललितपुरका १७ र १२ वडाले पनि सेमिफाइनल स्थान पक्का गरेका हुन्। प्रतियोगितामा चार सय खेलाडी सहभागी छन्।

प्रतियोगितामा विभिन्न १० स्पर्धामा प्रतिस्पर्धा भइरहेको छ। पुरुष र महिला एकल विजेताले ३० हजार रुपैयाँ पाउनेछन्। उपविजेताले १५ हजार र तेस्रो हुने खेलाडीले ७५ सय रुपैयाँ पाउने आयोजकले जनाएको छ। अखिल नेपाल टेबलटेनिस संघको तत्वावधानमा चलिरहेको प्रतियोगिता शनिबार सम्पन्न हुनेछ।

अर्जेन्टिनाको लगातार चौथो जित

एजेन्सी/ कप्तान लिओनल मेसीको दुई गोलको सहयोगमा अर्जेन्टिनाले विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत दक्षिण अमेरिकी छनोटमा बुधबार पेरुलाई २-० ले पराजित गरेको छ। सन् २०२६ को फिफा विश्वकप छनोटमा अर्जेन्टिनाको यो लगातार चौथो जित हो। पेरुको मैदान स्टाडियो नासिओनल डे लिमामा अर्जेन्टिनाका लागि मेसीले खेलको ३२ औं र ४२औं मिनेटमा गोल गरेका थिए। छनोट खेलमा शतप्रतिशत नतिजा निकालेको अर्जेन्टिना चार खेलबाट १२ अंक जोडेको छ। अर्जेन्टिना शीर्ष स्थानमा छ। अर्जेन्टिनासँग पराजित पेरुले चार खेलबाट एक अंक मात्र जोडेको छ। पेरु नवौं स्थानमा छ।

मेसी विश्वकपको दक्षिण अमेरिका छनोटमा सर्वाधिक गोलकर्ता बनेका छन्। उनले विश्वकप छनोटमा सर्वाधिक ३१ गोल गरेका छन्। उरुग्वेका लुइस सुआरेज २९ गोलका साथ दोस्रो स्थानमा छन्। विश्वकपकै सर्वाधिक पाँचपटकको विजेता ब्राजिल उरुग्वेसँग २-० ले स्तब्ध भयो। उरुग्वेका लागि डार्विन नुनेजले ४२औं मिनेटमा १-० को अग्रता दिलाएका थिए। खेलको ७७औं मिनेटमा निकोलस डे ला क्रुजले उरुग्वेलाई २-० को जित दिलाए। चार खेलपछि उरुग्वे र ब्राजिलले समान सात अंक जोडेका छन्। गोलअन्तरमा उरुग्वे दोस्रो स्थानमा छ। ब्राजिल तेस्रो स्थानमा रह्यो। उरुग्वेविरुद्ध खेलमा ब्राजिलले अर्को झट्का सामना गरेको छ।

ब्राजिलका स्ट्राइकर नेमार चोटका कारण बाहिरिए। उनी पहिलो हाफमा बाहिरिएका थिए। यसैगरी, अर्को खेलमा भेनेजुएलाले चिलीलाई ३-० ले हरायो। पाराग्वेले बोलिभियामाथि १-० को जित निकाल्यो। इक्वेडर र कोलम्बियाले गोलरहित बराबरी खेलेका छन्। चार खेलबाट सात अंक जोडेको भेनेजुएला चौथो स्थानमा उक्लेको छ।



Karnali Province Government
Ministry of Physical Infrastructure And Urban Development

Infrastructure Development Directorate

Birendranagar, Surkhet

Invitation for Bids

IFB No: 07-080/081

Date of First Publication: 2080/07/02 (19th October, 2023)

1. Infrastructure Development Directorate (IDD), Surkhet invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

SN	Contract Identification Number/Work Description	Estimated Amount with VAT & PS (NRs)	Bid Security Amount (NRs.)	Bid and Bid Security Validity Period	Bid Document Fees (NRs)
1	IDD/SKT/W/NCB/16/080-081, Lawasta Gauko Sano Culvert Dekhi Lalmatiya Jane Bato Estarunnati Birendranagar Municipality-02, Surkhet	28,96,587.00	85,000.00	90 & 120 Days From Bid Opening Date	3000.00
2	IDD/SKT/W/NCB/17/080-081, Pipara Dekhi Ettabhatta Aachami Dada Samma Estar Unnati, Birendranagar -11, Surkhet	28,96,882.00	85,000.00		
3	IDD/SKT/W/NCB/18/080-081, Shivashakti Tole Dekhi Jharna Nursurey jane Nala Sahit Gravel Sadak Nirman,Birendranagar -3, Surkhet	28,95,671.00	85,000.00		
4	IDD/SKT/W/NCB/19/080-081, Upgrading Works Of Babiyachaur Aaspaas Kaa Bhitri Sadak, Panchapuri-6,Surkhet	96,57,555.80	2,85,000.00		
5	IDD/SKT/W/NCB/20/080-081, Srijansil Chowk Dekhi Annapurna Tole Jodne Tesro Bato, Birendranagar-03,Surkhet	28,97,161.00	85,000.00		
6	IDD/SKT/W/NCB/21/080-081, Mangalgadi Milan Tole Shanti Marg Kalopatre Garne Birendranagar-09,Surkhet	33,80,119.00	100,000.00		
7	IDD/SKT/W/NCB/22/080-081, Construction of Nursary Dhanrashdanda Kullibandh Tinkune Bidhyapur Ringroad,Panchapuri-9,Surkhet	38,62,641.00	1,15,000.00		
8	IDD/SKT/W/NCB/23/080-081, Construction of Prefab Building of Trail Bridge's Material Store Room	27,78,307.00	83,000.00		
9	IDD/SKT/W/NCB/24/080-081,Construction of Ganeshtole - Pipirakhola Sadak, Bi.Na.Pa-10,Surkhet	29,00,135.87	85,000.00		
10	IDD/SKT/W/NCB/25/080-081,Up-grading of Padampur Dakshina Chaudharigaun Sadak,Bi.Na.-10,Surkhet	28,99,890.67	85,000.00		
11	IDD/SKT/W/NCB/26/080-081, Chingad Khola Pul, Dadkhet (Sadak Pul), Chingad RM, Surkhet	28,99,310.28	85,000.00		
12	IDD/SKT/W/NCB/27/080-081,Chingad Khola Pul, Matela 3 & 6 (Sadak Pul),Chingad RM-3, 4 Surkhet	28,99,803.58	85,000.00		
13	IDD/SKT/W/NCB/07/080-081**(RE)**, Construction of Chaudhary tole Dulal tole Ring Road Jodne Sadak Bi. Na. paa 10, Surkhet	28,97,233.28	85,000.00		

2. For more detail visit the office website www.iddsurkhet.karnali.gov.np and PPMO's Website www.bolpatra.gov.np./egp.

Act. Director

लोकचित्रकारको पौभा कलाले रंगिँदै ओल्ड दरबार ह्विस्की, राष्ट्रिय प्रतिभा पुरस्कार प्राप्त पौभा कलाकारसँग यती डिस्टिलरीको साझेदारी

प्रेस विज्ञप्ति

यती डिस्टिलरी प्रा.लि. विख्यात पौभा कलाकार लोकचित्रकारसँग रचनात्मक सहकार्यको घोषणा गर्न पाउँदा गौरवान्वित छ। यो रचनात्मक साझेदारीले नेपालमा बाह्रै महिना फुल्ने फूललाई जनाउने कलाकृति 'बाह्रमासे फूलहरू' प्रस्तुत गर्दछ। उक्त कलाकृति लोकचित्रकारले हालसालै ओल्ड दरबार ट्वेल्भ इयर्स ओल्ड ब्लेन्डेड ह्विस्कीका लागि रचना गर्नुभएको हो।

कमला श्रेष्ठको कविता 'कतिको दुःख दिन्छौ कृष्ण'बाट प्रेरित भएर उक्त कवितामा नाम उल्लेख भएका २० वटा फूल समेटिएका छन्। ती फूलहरूमा लालीगुराँस, गोदावरी, गुलाफ, चम्पा, चमेलीलगायत छन्। ती फूलहरू ओल्ड दरबार ट्वेल्भ इयर्स ओल्ड ब्लेन्डेड स्कच ह्विस्कीको बोतलमा प्रिन्ट गरिएको छ।

परम्परागत पौभा कला विधाको गुरुको रूपमा विश्वभर मान्यता पाउनुभएका लोकचित्रकारले उहाँको पहिलो पेन्टिङ (चित्रकला) १२ वर्षको उमेरमा पूरा गर्नुभएको थियो। उहाँका चित्रकला शास्त्रीय ग्रन्थ, परम्परा र ऐतिहासिक वास्तुकलाबाट व्यापक रूपमा प्रभावित छन्। उहाँले विभिन्न प्रकारका ढुंगा र वनस्पतिको प्राकृतिक रङद्रव्यका आधारमा रङ बनाउने प्राचीन अभ्यासलाई पनि संरक्षण गर्नुभएको छ। विश्वभर आफ्ना कलाकृतिको प्रदर्शनी गर्नुभएका चित्रकारलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सन् २०१३ मा राष्ट्रिय प्रतिभा पुरस्कारबाट सम्मानित गरेको छ।

'लोकचित्रकारको प्रतिष्ठा आफैँ बोल्छ र उहाँसँगको साझेदारी कम्पनी र हाम्रो ब्रान्डका लागि विशेष क्षण हो। उहाँको कला र विधिलाई कला समुदायले मात्रै नभएर आमसर्वसाधारणसम्मले मूल्यवान् ठान्छन्। नेपालको कला परिदृश्यमा उहाँले जे गर्नुभएको छ, त्यो अद्वितीय छ,' यती डिस्टिलरीका प्रबन्ध निर्देशक अभिषेक श्रेष्ठ यो सहकार्यबारे भन्नुहुन्छ, 'यो सहकार्यका लागि उहाँले रचना गर्नुभएको कला साँच्चिकै अद्वितीय छ, यसमा हामी गर्व नगरी कसरी बस्न सक्छौँ ?'

चित्रकार भन्नुहुन्छ, 'मैले ओल्ड दरबारका लागि रचना गरेको कलाकृतिले नेपालमा बाह्रै महिना फूल्ने विभिन्न फूलहरूको प्रतिनिधित्व गर्छ। फूलहरूले मानिसलाई बदलामा केही नमागीकन निःसर्त माया दिन्छन्। तिनीहरूले हामीलाई आनन्द, सुगन्ध, रङ र औषधीय तत्त्व पनि दिन्छन्। बाह्रमासे फूलहरूले हरेक वर्ष प्रदान गर्ने अनन्त प्रेम र आनन्दको चित्रण गर्दछन्।'

यो सहकार्यले नेवा लोककलाको अभ्यास भावी पुस्ताका लागि थप पहुँचयोग्य बनाउन सफल लोकचित्रकारको जीवनभरको सत्कर्मलाई सहयोग गर्ने अवसर पनि प्रदान गर्दछ। यो सहकार्यबाट हुने आम्दानीले नेवा लोककलाभित्र रहेको अभ्यास र ज्ञानको रचना गर्ने, एक-आपसमा आदानप्रदान गर्ने र पुनरुत्थान गर्ने एक वर्ष लामो कार्यक्रमलाई सहयोग गर्नेछ।

यो कार्यक्रमले परम्परागत नेवा लोककलाप्रति रुचि राख्ने जोसुकैलाई नेवा कला परम्पराभित्रबाट सिक्न, रचना गर्न र अनुभव आदानप्रदान गर्न कलाकारहरूको समुदायमा जोडिने मौका प्रदान गर्नेछ। हाम्रो सहकार्यले अनुसन्धानलाई सहयोग गर्नेछ, कार्यशाला आयोजना गर्नेछ र कार्यक्रममार्फत उत्पन्न ज्ञान फैलाउन मद्दत गर्ने प्रदर्शनीका साथ सम्पन्न हुनेछ। यस कार्यक्रमको एक हिस्साको रूपमा तयार गरिएको अन्तिम प्रकाशनले यी पुनरुत्थान प्रयासहरूलाई निरन्तरता दिनेछ।

प्रबन्ध निर्देशक श्रेष्ठले भन्नुभयो, 'हामी भावी पुस्ताका लागि कला र यसको परम्पराको संरक्षणमा सदैव प्रतिबद्ध रहिआएका छौँ। लोक दाइको यो सपना साकार पार्ने अवसर पाएकोमा हामी खुसी छौँ। उहाँले केही समयका लागि यो योजना बनाउनुभएको छ र त्यसलाई साकार बनाउने काममा मद्दत गर्न पाउँदा हामी हर्षित छौँ। हामीले यो कार्यक्रममार्फत व्यापक सचेतना सिर्जना गर्ने र कैयौँ वर्षका लागि लोककलाको संरक्षण गर्ने अपेक्षा राखेका छौँ। हाम्रा धेरैमध्येको एक लोकसम्पदालाई सिक्न, बुझ्न र प्रवर्द्धन गर्न स्थानीय वा अन्तर्राष्ट्रिय रूपमा सबैका लागि यो राम्रो अवसर हुनेमा म विश्वस्त छु।'

यती डिस्टिलरीका अध्यक्ष रवि केसी स्वदेशी उत्पादनलाई सबैले प्रोत्साहन गर्नुपर्ने बताउँछन्। 'नेपालीले नै विदेशमा गरेको श्रमबाट आएको रेमिट्यान्सको पैसाले नेपालमा हामी डलरमा रक्सी किनेर खाइरहेका छौँ,' केसी भन्छन्, 'हामीले स्वदेशी उत्पादनलाई विश्वास गर्नुपर्‍यो। विदेशी रक्सीभन्दा नेपालको वातावरण, मौसम र यहाँको प्रकृतिका कारण पनि स्वदेशी मदिरा उत्कृष्ट छन्।

केसीले नेपालमै उत्पादित रक्सीको क्वालिटीमा प्रश्न उठाउने ठाउँ नै नरहेको दाबी गरे।

नेपाली ग्राहकले पनि नेपाली प्रडक्ट प्रयोग गर्ने बानी गरेर हौसला बढाउनुपर्ने केसीले बताए। 'आज टोयोटा, एप्पलजस्ता ब्रान्ड व्यक्तिको ब्रान्ड हैन, देशको ब्रान्ड हुन्,' अध्यक्ष केसीले भने, 'यो कुरा सबै जनतालेमहसुस गर्नुपर्छ। जबसम्म हामी विदेशी ब्रान्डको सामान प्रयोग गर्छौँ, तबसम्म हामीले उत्पादन गरेका सामान सधैँ कमजोर हुन्छन्।'

ओल्ड दरबार एक्स लोकचित्रकार लिमिटेड एडिसन (सीमित संस्करण), ८ हजार बोतल मात्र सार्वजनिक गरिएको छ। लिमिटेड एडिसन बोतलहरू असोज २९ गतेबाट काठमाडौँ उपत्यकावरपर अधिकतम खुद्रा मूल्य ४ हजार ९९९ रुपैयाँमा उपलब्ध हुनेछ।

ओल्ड दरबार एक्स लोकचित्रकार यती डिस्टिलरीले विख्यात नेपाली कलाकारसँग गरेको यस प्रकारको दोस्रो रचनात्मक सहकार्य हो। सन् २०२२ मा कम्पनीले ८८४८ राइ भोड्का एक्स छिरिङ शेर्पा लिमिटेड एडिसन बोतलका लागि कलाकार छिरिङ शेर्पासँग सहकार्य गरेको थियो। यसका साथै लिमिटेड एडिसन बोतलबाहेकको ओल्ड दरबार ट्वेल्भ इयर्स ओल्ड ब्लेन्डेड स्कच ह्विस्की पनि ४,५७५ को खरिद मूल्यमा बजारमा उपलब्ध रहेको कम्पनीले जानकारी गराएको छ।





पौभा चित्रकलाका सारथि लोकचित्रकार

पौभा चित्रकलाको लामो वंशावली रहेको नेवारी परिवारमा सन् १९६१ मा जन्मनुभएका लोकचित्रकारले विश्वभर परम्परागत पौभा कला विधाको गुरुको मान्यता पाउनुभएको छ। पहिलो पेन्टिङ १२ वर्षको उमेरमा सम्पन्न गर्नुभएका उहाँले शास्त्रीय ग्रन्थ र चित्रकलाको कठोर स्वनिर्देशित अध्ययन जारी राख्नुभयो। चित्रकारको कलाकर्म धार्मिक पर्व, लिपि, परम्परा र ऐतिहासिक वास्तुकलाबाट व्यापक रूपमा प्रभावित छन्। उहाँको कलाकर्मले विभिन्न प्रकारका ढुंगा र वनस्पतिको प्राकृतिक रङद्रव्यका आधारमा रङ बनाउने प्राचीन अभ्यासलाई पनि संरक्षण गरेको छ। विश्वका विभिन्न ठाउँमा आफ्नो कलाकृति प्रदर्शनी गर्नुभएका उहाँले सन् २०१२ मा पाटन म्युजियम अवार्ड र सन् २०१३ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट राष्ट्रिय प्रतिभा पुरस्कार पाउनुभएको छ।

यती डिस्टिलरीबारे

यती डिस्टिलरी प्रालि ओल्ड दरबार ह्विस्की, ८८४८ भोड्काजस्ता प्रिमियम ब्रान्डको उत्कृष्ट पोर्टफोलियो भएको नेपालको एक नेतृत्वदायी मदिरा कम्पनी हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com